१२ अर्ब कर, १० अर्ब छुट | जीवन चलिरहन्छ...

आइतबार • १८ असार २०७४ • मूल्य रु. २५

नेपाल

nepal.ekantipur.com

राष्ट्रिय साप्त

चुनाव

दाउपेचको दुष्चक्रमा

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
त्रास हैन विश्वास छ
किनकि जगदम्बा ई छ
यसले दिन्छ भूकम्प प्रतिरोधक निर्माण र जीवनभरको निश्चिन्तता ।
PRISMA - O&M/16
NS QUALITY AWARD 2015
M/S JAGDAMBA STEELS P. LTD
SIMARA, BARA
NS QUALITY AWARD-2015
NEPAL BUREAU OF STANDARDS AND METROLOGY
KATHMANDU, NEPAL
*भूकम्प प्रतिरोधक घर, भवन तथा संरचना निर्माणका लागि गुणस्तरिय निर्माण सामाग्री र नियम अनुसार निर्माण प्रविधि कार्यान्वयन आवश्यक पर्दछ ।
JAGDAMBA E
JAGDAMBA E Fe 500
NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भूकम्प प्रतिरोधक छड ।
facebook.com/jagdambasteels
• अन्तर्राष्ट्रिय उच्चस्तरीय कच्चापदार्थमात्र प्रयोग गरी नेपालकै एक मात्र अत्याधुनिक गुणस्तर नियन्त्रण प्रविधि तथा स्वचालित प्रणालीद्वारा उत्पादित
• अन्तर्राष्ट्रिय गुणस्तर
किनकी हामी दिन्छौं तपाईंले सोचे भन्दा बढी गुणस्तर

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५

नेपालमा बनेको

ISO 9001:2008
CERTIFIED COMPANY

नवरत्न को अनमोल रत्न
संसारको नम्बर १ चिसो तेल
चिसो चिसो
COOL COOL
नवरत्न
आयुर्वेदिक तैल
ठंडा
बेहतर फॉर्मुला
९ असरदार
जडी-बूटियों के साथ
राहत • आराम • तरोताजगी
नवरत्न
आयुर्वेदिक तेल

चुनाव

दाउपेच र दुरुपयोगको दुष्चक्र

आवरण २६

१८ संवाद

‘कर्मचारीले हिजोको सर्त होइन, संविधानको सर्त मान्नुपर्‍यो’
– सोमलाल सुवेदी



२० कर छुट प्रकरण

१२ अर्बमा १० अर्ब रुपियाँ छुट

२३ प्रशासन

समायोजनको सकस

४० समाज

जीवन चलिरहन्छ...

५४ झल्याकझुल्क

अन्तिम अस्त्र

४४ शिक्षा

कमसल किताबको रजाइँ

अलमलमा जनप्रतिनिधि	१४
टिस्टुङ देउराली : विवेक पौडेल	३४
गैरजिम्मेवार र अपारदर्शी	३६
संस्कृति : अंकलाल चलाउने	३९

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), पुस्तक (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल

साहित्य/कला : रमण घिमिरे, **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य, **विशेष प्रतिनिधि** : सीताराम बराल, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम, **अर्थ** : सुरेशराज न्यौपाने

कपी डेस्क : ईश्वरी ज्ञवाली, विमल आचार्य, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : ११ असार २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८



nepalpatra@kmg.com.np

गुणस्तरमा जोड दिऊँ

शतप्रतिशत विद्यार्थी उत्तीर्ण भएको बोर्ड टाँगेर भ्रम छर्ने र विद्यार्थी आकर्षित गर्न खोज्ने शैक्षिक संस्थाहरू कम छैनन् । त्यो भ्रम चिर्न *नेपाल*को वर्गीकरण सफल छ । यसले विद्यार्थी तथा अभिभावकलाई राम्रा विद्यालय छान्न सहयोग गर्छ । विश्वसनीय आधारमा गरिएको वर्गीकरणले विद्यालयहरूबीच स्वस्थ प्रतिस्पर्धाका निम्ति उत्प्रेरित गरोस् ।

● **सुनिल रेग्मी**
पोखराथोक, पाल्पा

- संख्या र उत्तीर्ण दरले मात्र विद्यालयको मापन हुन सक्दैन । मुख्य कुरा गुणस्तर हो । नेपालको निजी शिक्षा घोकन्ते शैलीमा चलिरहेको छ । यसमा न रचनात्मकता छ, न त व्यावहारिक प्रयोग । केवल एउटा तह उत्तीर्ण गरेर प्रमाणपत्र दिलाउनुभन्दा जीवनोपयोगी शिक्षा दिएर असल र गुणस्तरीय जनशक्ति उत्पादन गर्न-गराउन जोड दिनुपर्छ ।

● **निलम खतिवडा**
दमक, झापा

भाग्यकै भरोसा

देशको प्रमुख नै अन्धविश्वासी र भाग्यवादी भएपछि नेपाली जनताको भविष्य, समृद्धि, समग्र देशको विकास भाग्य र भगवान् भरोसामा चल्ने भयो *(भाग्यवादी कार्यकारी, ११ असार)* । भाग्यको भरोसामा बाँच्ने नेताले देशमा विज्ञान-प्रविधिलाई पनि विकास गर्ने रे ।

● **ज्ञानबहादुर शाक्य**
कालिमाटी, काठमाडौँ

सशक्त कार्टुन कटाक्ष

कार्टुन पनि अभिव्यक्तिको सशक्त माध्यम हो *(सोझै, ११ असार)* । नेपालमा बेला बेला हल्ला चल्छ । कस्ले चलाउँछ ?

किन चलाउँछ ? चलाउनेलाई मात्र थाहा होला । तर यस्ता हल्लाहरू केही स्वार्थ वा उद्देश्यकासाथ चलाइन्छ । केही समयअघि यातायात व्यवस्था विभागले चक्रपथभित्र मोटरसाइकल चलाउन प्रतिबन्ध लगाउने तयारी गरेको समाचार बाहिरियो । यस्तो समाचार बाहिरिएपछि सामाजिक सञ्जालमा यातायात व्यवस्था विभागको मात्र नभएर सरकारकैव्यापक विरोध भयो । केही दिनमा नै सरकारले यस्तो कुनै कार्यको तयारी नगरेको समाचार बाहिरियो । सामाजिक सञ्जाल फेरि शान्त भयो । बुझ्नेले के बुझे, कुन्नि । तर हल्ला चलाउनुमा गहिरो रहस्य छ । जे होस्, प्रस्तुत कार्टुन कटाक्ष व्यंग्यले भरपुर छ, व्यंग्यकारलाई बधाई ।

● **सुर्यकुमार श्रेष्ठ**
पकनाजोल-१६, काठमाडौँ

समाज कल्याण परिषद्को प्रस्टीकरण

२९ जेठको *नेपाल*मा छापिएको *'आफ्नै कल्याण'* शीर्षकको समाचारमा यस समाज कल्याण परिषद्को ध्यानाकर्षण भएको छ । यसबारे केही कुरा प्रस्ट पार्न चाहन्छौँ । कसैसँग कसैविरुद्ध घुस लिए-दिएको प्रमाण भए सम्बन्धित निकायमा प्रमाणसहित उजुर गर्न सक्ने अधिकार सुरक्षित छ । गैरसरकारी संस्थाका कार्यक्रमहरू स्वीकृतिको ढिलाइ र छिटो-छरितो भन्ने विषय गैसस, परिषद् र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमा रहेको अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको परियोजना विश्लेषण तथा सहजीकरण समितिसँग जोडिएको सगोलको विषय हो । अंग र रित पुगेको परियोजना प्रस्ताव स्वीकृति प्रक्रियामा ढिलासुस्ती हुँदैन, ढिलासुस्ती भएमा गुनासो, उजुरी दिने व्यवस्था छ । संस्थाको छनोटमा अपारदर्शिता हुनेजस्ता कुराहरूले भने थप चुनौती दिएको छ । तर यस्ता चुनौतीलाई परिषद्ले कडाइसाथ सामना गरिरहेको छ । अन्तर्राष्ट्रिय सभा, गोष्ठी, परामर्शदाता र ठाठाबाठा कर्मचारीको नेपाली समाजलाई अपाच्य तलब सुविधामा केन्द्रित परियोजनालाई निस्तेज गर्ने परिषद्को अभियानविरुद्ध केही शक्ति संगठित रुपमा लागेका छन् । नेपाल सरकारको प्राथमिकता क्षेत्रमा गैरसरकारी क्षेत्रलाई पूर्ण परिचालन गर्ने र गैससको परियोजना खर्चबाटै न्यून रकममा अनुगमन तथा मूल्यांकन गर्ने सर्वस्वीकार्य मान्यतामा विचलित नहुने विषयमा परिषद् दृढ छ ।

● **दुर्गाप्रसाद भट्टराई**
उपनिर्देशक, समाज कल्याण परिषद्

मेघराज पोखरेल

सुशीलाज्यू, संयम अपनाउने कि ?

अति व्यस्त, गम्भीर जिम्मेवारी तथा तनावपूर्ण दैनिकीबाट भरखर अवकाश पाएकी पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको चर्चा अझै सेलाएको छैन। आफ्ना तीता मीठा अनुभूति तथा भित्री अर्तनाद अरुलाई बाँड्ने र आफ्ना विचार दृढतातापूर्वक राख्ने कार्यमा उहाँ अन्य पूर्वप्रधानन्यायाधीश भन्दा निकै अगाडि देखिनुभएको छ। प्रधानन्यायाधीश हुँदा आफूले भोग्नुपरेका कथा *नेपाल* साप्ताहिकलगायत टेलिभिजन च्यानलहरूमा भन्दै हिँड्नु आनन्ददायक नै लागेको होला उहाँलाई। तर न्यायाधीश नियुक्ति, राजनीतिक हस्तक्षेप लगायतका अनपेक्षित घटनाहरूबाट आफ्नै आँखा अगाडि स्वतन्त्र न्यायपालिकामाथि प्रहार भइरहँदा उहाँले कुनै सार्थक कदम चालेको देखिएन, पदमा रहँदा। सेवानिवृत्त हुनासाथ न्यायपालिकाप्रति निराशा, वितृष्णायुक्त टिप्पणी जायज हो/होइन ?

कार्कीको कार्यकाल मध्यम खालको रह्यो। केही राम्रा र देशहितका फैसला भए भने केही सार्वजनिक टीका-टिप्पणी हुने खालका पनि। तर समग्र न्याय प्रशासनमा खासै परिवर्तन भएन। उहाँको विशेषता के भने भ्रष्टाचार गरी न्याय किनबेच गर्नुभएन। तर समग्र न्यायपालिकामा भ्रष्टाचार नियोजनको अनुभव पनि हुन पाएन। न्यायपालिकालाई पुनःजन्म दिने कार्य बाँकी नै रह्यो भने पहिलो महिला प्रधानन्यायाधीशका हिसाबले सोचिएको युगबोधी परिवर्तन हुनसकेन।



अवकाशपछि उहाँलाई न्यायपालिका प्रदूषित भएको देखाउने जागरण आएको छ। एकदृष्टिबाट हेर्दा उहाँका यस्ता क्रियाकलाप प्रशंसायोग्य छन् भने अर्कातिर न्यायाधीश आचारसंहिता तथा गोपनीयताको कसीमा मापन गर्दाचाहिँ बढी नै लाग्छन्। कार्कीले सार्वजनिक रूपमा बोलेको भाषा हेर्दा आफ्नो पूर्वपदको गरिमा नथाम्ने र नसुहाउने वैयक्तिक लाञ्छनायुक्त छ। आफू जिम्मेवारीमा हुँदा कार्य सम्पादनमा अवरोधका रूपमा देखिएका विषयलाई सार्वजनिक गर्न मन त लाग्यो होला तर त्यसमा आफ्नै महिमाबोध बढी नै देखिन्छ। खासमा आफूले पुर्‍याएको योगदानलाई अध्येता तथा प्राज्ञिक छलफलमा छोडिदिनु नै उपयुक्त हुन्थ्यो। बरु त्यसका लागि आकर्षक र गम्भीर 'डिस्कोर्स'को आमन्त्रण गर्न सक्नुपर्थ्यो।

अवकाशपछि न्यायाधीश-आचारसंहिता पालना गर्नुपर्ने-नपर्ने सम्बन्धमा नेपालमा खासै कानुनी व्यवस्था छैन। अमेरिकाका सर्वोच्च अदालतका न्यायाधीशहरू नियुक्ति प्रक्रियामै सूक्ष्मसंवेदी परीक्षणबाट अब्बल साबित भएर छनौट हुने हुँदा उनीहरूका लागि न्यायाधीश आचारसंहिता बनाइएको छैन। तर उनीहरूले पदमा बहाल रहँदा र अवकाशपछि पनि उच्च स्तरको आचरण कायम राख्छन्। अन्य तहका न्यायाधीशका लागि जारी गरिएको आचारसंहिताले भने अवकाशप्राप्त न्यायाधीशहरूले पनि आचारसंहिताको पालना गर्नुपर्ने प्रस्ट व्यवस्था छ।

नेपालमा पनि पूर्वन्यायाधीशहरूले पदमा रहँदाका न्यायिक आचरणहरूको अनुसरण गरिआएको प्रचलन छ। यसको समग्र ध्येय भनेको स्वतन्त्र न्यायपालिकाको संरक्षण र संवर्द्धन नै हो। निष्पक्ष र सक्षम न्यायप्रणाली विकास गर्न राज्यका सरोकारवालाहरू सबैले कानुन र नैतिक आचरणमा बाँधिएर आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्छ। यसमा पूर्वन्यायाधीशहरू झन् बढी बाँधिनुपर्ने हुन्छ। किनकि उनिहरूको झन् बढी न्यायिक जवादेहिता हुन्छ। हुन त सदाचार र नैतिकता प्रथमतः व्यक्तिको नितान्त वैयक्तिक मापनमा भर पर्ने विषय हो तर पूर्वन्यायाधीशहरूको आचरण भने प्रचलित न्यायाधीश आचारसंहिताभित्र सीमाबन्दी हुनैपर्छ।

न्यायपालिकालाई निष्कलंक राख्ने कर्तव्य अवकाशप्राप्त न्यायाधीशको झन् बढी हुन्छ। त्यसैले न्यायिक आचरण तथा वातावरण धमिलो हुने गरी वक्तव्य, अन्तर्वार्ता तथा प्रवचन दिँदै हिँड्नु उचित हुँदैन। स्वच्छन्द रूपमा बोल्दै हिँड्नु कुनै पनि आचारसंहिताभित्र पर्दैन। बरू पूर्वन्यायाधीशले त भइरहेको न्यायिक क्रियाकलापको अवलोकन र निगरानी गरी न्यायिक सुशासन कायम गर्न मद्दत गर्नुपर्छ।

प्रधानन्यायाधीश हुनुसँगै काँधमा ठूलो अभिभारा र दायित्व प्राप्त हुन्छ र त्यसको निसर्ग/शेष अवकाश पर्यन्त जारी रहन्छ। त्यसैले न्यायिक क्षेत्रमा आत्मसंयम सम्पत्ति हो। र, आफूलाई आचारसंहिताको सीमाभित्र राखेर मात्र समाजसँग अन्तर्क्रियामा उत्रनुर्पछ। प्रधानन्यायाधीश हुनु भनेको के हो र अवकाशपछि पनि त्यसको जिम्मेवारीको कुनै निसर्ग/शेष प्राप्त हुन्छ कि हुँदैन भन्ने कुराको अर्थबोध भएन भने यस्तै बच्काना हर्कत गर्न पुगिन्छ।

न्यायाधीश आचारसंहितामा न्यायिक स्वतन्त्रताका लागि अपरिहार्य रहेको न्यायपालिकाप्रतिको जनआस्था तथा जनविश्वास अभिवृद्धि गर्न न्यायाधीशले उच्चस्तरको आचरण प्रदर्शन र प्रवर्द्धन गर्नुपर्ने व्यवस्था छ। यसलाई अवकाश प्राप्त न्यायाधीशहरूले पनि पालना गर्नुपर्छ।

न्यायिक प्रक्रियामा अपनाइने स्वच्छतामा नै आँच आउने गरी जानाजान टीका-टिप्पणी गर्नु वा सार्वजनिक वा अन्य रूपमा अभिव्यक्ति दिँदै हिँड्नु जनआस्था घटाउने कार्य हो। आफूले गरेका फैसलाहरूको सार्वजनिक रूपमा व्याख्या गर्दै हिँड्ने, विचाराधीन मुद्दामा प्रभाव पार्ने तथा अदालतप्रतिको जनआस्था र निष्ठामा प्रतिकूल प्रभाव पर्ने गरी टीका-टिप्पणी गर्नु वर्जित छ।

न्यायाधीशहरूको विवेकले उपयुक्त देखेका कानुनसम्मत कार्य उच्च मनोबलयुक्त भावनाले गर्नसक्ने आवश्यक बाह्य वातावरण निर्माण गर्न लाग्नु अवकाशपछिको जीवन सार्थक बनाउनु हो। मृत्युकालसम्म राज्यकोषकै निवृत्तिभरण प्राप्त भइरहने हुँदा न्यायपालिकाप्रतिको उहाँहरूको कर्तव्य पनि जीवनको अन्तिम कालसम्मै हुनजान्छ। ♦

विदेशबाट

रामदेवलाई धक्का

अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा बाबा रामदेवले चौडा छातीसाथ योग गरिरहँदा उनको आयुर्वेदिक कम्पनीले भने विदेशी बजारमा सास्ती झेल्दै थियो । ७ असारमा नेपालको औषधि व्यवस्था विभागले सार्वजनिक सूचना जारी गर्दै उसका ६ विभिन्न औषधिजन्य उत्पादनलाई गुणस्तर नपुगेको भन्दै बजारबाट फिर्ता ल्याउन भनेको छ । औषधि पसलहरूलाई ती औषधिहरूको भण्डारण र बिक्री-वितरणसमेत नगर्न सूचित गरिएको छ । पतञ्जलिले भने सरकारी पत्रको जवाफ दिएको छैन ।

पतञ्जलिको उत्पादनमाथि प्रश्न खडा गरिएको यो पहिलो घटना भने होइन । भारतमै यसअघि उसले ल्याब मापदण्ड पास गरेको थिएन भने गलत रूपमा ब्रान्डिङ गरेको आरोप खेपिरहेको थियो । केहीअघि उसको अमला जुस अखाद्य पाइएपछि भारतीय सेनाका क्यान्टिनहरूमै प्रयोग गर्न प्रतिबन्ध लगाइएको थियो । यद्यपि उसले पछिल्लो वर्ष १० हजार पाँच सय करोड भारतीय रुपियाँको व्यापार गर्न सफल भएको थियो । भारतीय डिजिटल पत्रिका *क्वार्ज*ले लेखेको छ, यद्यपि नेपालले लगाएको पछिल्लो प्रतिबन्धले उसको अन्तर्राष्ट्रिय बजार विस्तारको महत्वाकांक्षालाई भने अवश्य असर पार्नेछ । रामदेव पछिल्लो समय आफ्नो ब्रान्डलाई चीन, पाकिस्तान, बंगलादेश र मध्यपूर्वी देशमा विस्तार गर्ने योजनामा थिए । ♦

सुर-बेसुर

"राजपाको संविधान संशोधनको माग पूरा हुन्छ नै भन्न सक्दैनौं । हामी सधैं तयार छौं । यदि हुन सकेन भने राजपासँग कुरा गरेर पूरा गर्न सक्ने माग पूरा गर्छौं । एमालेका कारण जुन माग पूरा हुँदैन, तिनलाई लिएर एमालेविरुद्ध चुनावमा जान्छौं । ढुक्क हुनुहोस्, असोजमा चुनाव हुन्छ ।"

विमलेन्द्र निधि
नेता, नेपाली कांग्रेस
अनलाइनखबर

तस्बिरमा इतिहास



शान्त इन्द्रचोक : ४५ वर्षअघि राजधानीको इन्द्रचोकमा काम पाउने आशामा बाटोमै बसेका मजदुरहरू । अहिलेजस्तो भीडभाड नभए पनि सिमेन्टका पक्की घर भने बनिसकेका थिए ।

सोझै

तथ्यचित्र

नेपालमा वैदेशिक लगानी

(३१ असार ०७३ सम्म)



स्रोत: उद्योग विभाग
इन्फोग्राफिक्स : यमन मानन्धर

सातका चर्चित

चन्द्र रानाहाँछा
कवि

नेपाल प्रज्ञा-प्रतिष्ठानले आयोजना गरेको 'राष्ट्रिय कविता महोत्सव ०७४' मा प्रथम भएकाले ।

लोकबहादुर शाही
अध्यक्ष, नेपाल आइस हक्की संघ

नक्कली खेलाडी बनाएर क्यानडा लैजाने र उतै जागिर खोजिदिने आश्वासन दिएर २५ जनाबाट करिब एक करोड रुपियाँ ठगी गरेकाले ।

निशाचर गृहमन्त्री

साबिक ऊर्जामन्त्री, हाल गृहमन्त्री जनार्दन शर्माको बहादुरीसँग को अनभिज्ञ होला ? लोडसेडिङमाथि दिनदहाडै हमला गरेर कीर्तिमान राखे, अब निर्वाचन आयोगको आचारसंहितामाथि रातारात हमला गर्नु कुनचाहिँ ठूलो कुरा भयो र ? धन्य हामी नेपाली ! रातको १० बजे चुनावी सभामा भाषण गर्न सक्ने निशाचर गृहमन्त्री को जन्मेको थियो र ? निर्वाचन आयोगका निहत्था आयुक्तहरु पो डराउँछन्, पूर्वमाओवादी छापामारका डेपुटी कमान्डर किन डराउने ?

गृहमन्त्रीको इमानदारीको बलियो प्रमाण के हो भने उनी सरकारी गाडीमा गएनन् । बरू उनी सवार निजी गाडीमा पछुवा गाडी गए । सुरक्षा निकायले पहिले थाहा पाएन । गएपछि अझ *फेसबुकमा* आएपछि थाहा पायो । गृहमन्त्रीले बाँकेको खजुरामा चुनावी सभामा भाषण गरेको कुरा लुकाउन चाहे तर *फेसबुकमा* भने हाले । २४ घन्टे डयुटीमा रमाउने निशाचर गृहमन्त्रीजी बहादुर र इमानदार दुवै छन् । तर, कहिलेकाहीं उनलाई 'कन्फ्युज' हुन्छ-मुलुकको गृहमन्त्री हुँ कि विद्रोहीको कमान्डर नै छु ?

■ **लाल कुमाल**

अबको निर्वाचन कार्यतालिका

स्थानीय तहको निर्वाचन पहिलो चरणमा प्रदेश-३, ४ र ६ मा सम्पन्न भइसकेको छ । प्रदेश-२ का केही नेताहरूको विरोधका कारण मुलुकभर एकैपटकमा निर्वाचन हुन सकेन । दोस्रो चरणमा पनि प्रदेश-२ बाहेकका स्थानमा निर्वाचन हुँदै छ । दोस्रो चरणमा प्रदेश-१, ५ र ७ मा निर्वाचन सम्पन्न भएपछिको कार्यतालिका यसप्रकार हुनुपर्छ :

१. तेस्रो चरणमा प्रदेश-२ मा राजपाका छ जना नेताका जिल्लाबाहेकमा निर्वाचन गर्नुपर्छ ।

२. चौथो चरणमा राजपाका छ नेताका गाउँ/नगरपालिका बाहेकका स्थानमा गर्नुपर्छ ।

३. पाँचौं चरणमा ती नेताका वडाबाहेकका स्थानमा निर्वाचन गर्नुपर्छ ।

४. छैटौं चरणमा बाँकी रहेका सबै वडामा निर्वाचन सम्पन्न गर्नुपर्छ । यसतर्फ सरकार र निर्वाचन आयोगको यथाशीघ्र ध्यान जाओस् ।

■ **रुन्चे राइँलो**

रक्सी-सेडिङ

केही महिनादेखि विद्युत् प्राधिकरणले लोडसेडिङ तालिका दिएको छैन । बेला कुबेला एकाध घन्टा झ्याप्प निभे पनि पहिलेजस्तो घन्टौं अन्धकार भएको छैन । बरू सरकारले 'राष्ट्रिय मदिरा नियन्त्रण नीति, २०७३' ल्याएर बिहान ७ देखि बेलुका ७ बजेसम्म खुला रुपमा मदिरा खरिद बिक्री गर्न नपाइने भन्दै दैनिक १२ घन्टा मदिरामा लोडसेडिङ तालिका सार्वजनिक गरेको छ । क्या यार ! सरकार पनि दिउँसै टुन्न भएर हिँड्ने हामी जस्ताका लागि सार्वजनिक गरेको सूचना अलि बुझिने गरी गर्नुपर्छ नि ! यो खुला रुपमा बिक्री गर्न पाइनेछैन भनेको के हो ? यसो पत्रिकाले बेरबार पारेर किन्न-बेच्न चाँहि पाइन्छ भनेको हो ? अनि किन्न-बेच्न मात्र त नपाउने हो, यसो जिन्सी सामानसँग मदिरा सट्टापट्टा गर्न वा उपहारमा लिन दिन त पाइन्छ होला नि, होइन ? लौ सरकार, सकिन्छ भने लोडसेडिङ हटाउन माहिर कुलमानलाई भनेर रक्सी-सेडिङ हटाउन लगाऊ, नभए कमसेकम हामीजस्तै दिउँसै झ्याप हुने पियक्कडले बुझ्ने भाषामा सूचना प्रकाशित गर ।

■ **सूर्य नेवाः**

मेयरसापको बहादुरी

मेयर विद्यासुन्दर शाक्यलाई काठमाडौं महानगरलाई संसारकै नमुना र स्वर्ग बनाउने हुटहुटी र हतारो छ । यो जगजाहेर भएको तथ्य हो । हालसालै उनले महानगरका निर्वाचित पदाधिकारीको तलब सुविधा तोक्न सरकारले ढिलो गरेकाले तलब भत्ता लिँदै गर्न बजेट विनियोजन गरेछन् । गज्जबको निर्णय ! क्याबात

अब शेरासन पनि

योग साधकहरूलाई एक आसन थपिएको जानकारी गराउन पाउँदा चाणक्य नेपाली प्रसन्न छ । त्यो आसन पनि चानचुने होइन । भीभीआईपी आसन हो । प्रधानमन्त्री शेरबहादुर देउवाको आसन । त्यसलाई सर्टकटमा शेरासन भने पनि हुन्छ । ७ असारमा उनले बकाइदा दौरा-सुरूवाल, कोट र टोपीमा ठाँटिएर योग दिवस मनाए । त्यसको अनुकरण अन्धाधुन्ध रूपमै गरे पनि हुन्छ । हेर्दा पनि सजिलो छ । बस्, दुई हात फोल्ड गरे पुग्छ । अब तपाईंले पनि योग दिवस मनाउनुस् । कुनै दिक्कत छैन ।

■ चाणक्य नेपाली

मेयरसाब ! सत्तामा पुगेपछि गर्नुपर्ने पहिलो काम नै तलब भत्ता तोक्नु र लिनु त हो । अब अरू सुविधा पनि थप्नुपर्‍यो । सर्वाधिकार सम्पन्न स्थानीय निकायले तलब सुविधा लिने जस्तो सामान्य निर्णय गर्न पनि सरकारको मुख ताक्नु बिल्कुल सही होइन । चुनाव भएको डेढ महिना भइसक्यो, अब पनि सरकारले देला र खाउँला भनेर को बस्छ ? त्यसैले मेयर साबले आफ्नो गौरवशाली पार्टीको तौरअनुसार महान् निर्णयमा देशभरिका अरू स्थानीय निकायले पनि अनुकरण गरिहाल्नुपर्ने काम गरेका छन् । मेयरसाबलाई यस्ता काम गर्ने प्रेरणा मिल्दै जाओस् ।

■ जुवाडे जेठो

झटारो | **लक्ष्मण गाम्नागे**

राष्ट्रसेवकहरुका पक्षमा !

देश बन्छ... बन्छ... बन्छ
हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए
बन्दैन मुलुक दुई चार सपूत मरेर नगए ।

कवि भूपी शेरचनले यसो भनेको आधा शताब्दी भइसक्यो । दुई-चार त के बीस-तीस हजार सपूतहरू मरेर गइसके, देश बनेन । त्यसैले आजित भएर पुराना कवि शेरचनको कवितालाई आधुनिक कवि शेरबहादुरजीले यसप्रकार संशोधन गरिदिए :

हुँदैन शुभ मिर्मिरमै बालुवाटार सरेर नगए
बन्दैन देश दुई चार बोका मरेर नगए ।

कविताका यी पंक्तिले भनेजस्तै प्रधानमन्त्री शेरबहादुर देउवा बिहान मिर्मिरमै सरकारी निवास बालुवाटार सरे । चौथो पटक सत्ता सम्हाल्नुअघि यसपालि पनि उनले चौथो कालो बोकाको बलि दिए नै होलान् । देश बनाउन आवश्यक संख्यामा बोकाहरू मर्ने क्रम यसपालि पूरा भयो । चारवटै बोका मरेर गएकाले देउवाजीकै शैलीमा भन्दा अब देश बन्छ... बन्छ... बन्छ ।

देश बनाएरै छाड्न यसपालि पनि उनी कालीबाबा, नागाबाबा, खडेबाबा, चुनचुन बाबा, ज्योतिषी, पण्डित, भैंसी माता आदि सबै शक्तिकेन्द्रमा पुगेर सबैको आशीर्वाद लिएर अघि बढिरहेका छन् । उनलाई सरकारी निवासमा सर्न झन्डै दुई हप्ता लाग्यो, किनभने ज्योतिषीले उनलाई ५ असारको बिहान ५ बजेर ५ मिनेट ५ सेकेन्डको साइत तोकिदिएका थिए । दिउँसो बालुवाटार सर्दा बिरालोले बाटो काट्ने सम्भावना भएकाले बिरालाहरू नउठ्दै सर्नुपरेको हो । मुलुकको प्रधानमन्त्री सरकारी निवासमा सर्दा कदाचित् बिरालोले, अझ कालो बिरालोले,

कालोमा पनि पोथी बिरालोले बाटो काटेको भए मुलुकका लागि आइपर्ने संकट अकल्पनीय हुनेथियो । नेपाली जनताको भाग्यले त्यस्तो अनिष्ट मुलुकले भोग्नुपरेन, बिरालोले बाटो काटेन ।

ज्योतिषीहरूको ठोकुवा छ, देउवाज्यूलाई अँध्यारो फाप्छ । रंगमा पनि कालोले लाभ गर्छ । त्यसैले उहाँ सत्ता आरोहण गर्ने बखत कालो बोको बलि दिनुहुन्छ । तान्त्रिकहरूले प्रधानमन्त्रीलाई सफलताका रहस्यमय थुप्रै उपाय बताएका छन् । जस्तैः कालो घोडामा चढेको सपना देखेको दिन मात्रै राष्ट्रिय महत्वका विषयमा निर्णय गर्दा विवादरहित हुन्छ । कालो दौरा-सुरुवाल लगाएर विदेशी राष्ट्रप्रमुखहरू वा कूटनीतिज्ञहरूसँग भेटघाट गर्दा परराष्ट्र मामिलामा उच्च सफलता हात लाग्नेछ । कालो कपडामा पोको पारेर एक मुठी कालो अक्षता कोटका खल्तीमा बोकेर हिँड्ने गर्नाले अदालतमा परेका जस्तासुकै मुद्दा पनि आफ्नो पक्षमा आउँछन् । कुनै पनि भ्रष्टाचार वा अन्य काण्डहरू भित्रभित्रै छोपिन्छन् । गोप्य फाइलका प्राप्तांकहरू भित्रभित्रै बदल्न सकिन्छ । त्यस्तै कालो रंगको कागजमा कालै मसीले कालीनागको चित्र बनाई निवास वा कार्यालयको प्रवेशद्वारमाथि टाँस्नाले भित्र पस्ने हरेक व्यक्तिलाई आफ्नो नियन्त्रणमा राख्न सकिन्छ ।

निवास तथा कार्यालयको भान्सामा विशेष तान्त्रिक विधिद्वारा मन्त्रित कालो अंगुर, जामुन, अँगेरी, किम्बु, कालीआँप, आरुबखडाजस्ता काला रंगका फलफूल नियमित रूपमा राख्नुपर्छ । सरकार बनाउने वा ढाल्ने समयमा त्यस्ता फलफूल सेवन गराएर विपक्षीहरूको मन विचलित गराउन सकिन्छ ।

तान्त्रिकहरूले कालो रंगको गाडी चढ्ने, सुत्ने कोठामा कालो रंग लगाउने, कालो तन्ना ओछ्याउने, कालो पर्दा टाँग्ने, झ्याल नभएको कालो कोठामा बसेर प्रत्येक बिहान काली माता, काली बाबा र कालभैरवको पूजा अर्चना गर्न भनेका छन् । साथै, कालो जनावरको मात्र मासु सेवन गर्ने, रक्सीमा पनि ब्ल्याक लेबल मात्र उपभोग गर्ने इत्यादि भएभरका अस्त्र प्रयोग गरेर प्रधानमन्त्रीज्यूले काम गर्नुभयो भने मुलुकले विकासको गति लिन्छ, लिन्छ, लिन्छ । देश बन्छ... बन्छ... बन्छ ।

kathmandupost.ekantipur.com
KMG
KANTIPUR MEDIA GROUP
MANAGEMENT
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
Management; omnipresent in business. How is the world evolving in Management techniques? What makes a good Manager?
Find all you need to know about Management.
the kathmandupost
escalate
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the form of cutting edge information, analytical knowledge and expert insight on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
EVERY MONDAY
IN THE KATHMANDU POST
ANS-16

'पढेलेखेको मान्छे प्रहरीमा ?'

उच्च शिक्षा अध्ययन गर्नेहरू डाक्टर-इन्जिनियर बन्थे । त्यो नभए प्राध्यापन तथा निजामती सेवातर्फ लाग्थे । पढेलेखेकाहरूका निम्ति तिनै क्षेत्र पहिलो रोजाइमा पर्थे । तर, सामान्य अध्ययन र अध्ययनमा असफलता बेहोरिरहेका मानिसहरूका लागि भने प्रहरी र राजनीति उपयुक्त क्षेत्र मानिन्थ्यो। समाजमा यो मान्यताले जरा गाडेर बसेको थियो ।

नेपाली कांग्रेसको क्रान्तिकारी रोमाञ्चकतामा लागेर पढाइलाई बीचैमा छोडी राणा शाही समाप्त गर्ने सशस्त्र संघर्षमा होमिनेमध्येमा म पनि एक थिएँ। हजुरबुबाको हतियार चोरेर मुक्ति सेनामा आबद्ध भइरहँदा बेग्लै रोमाञ्चकता थियो। तर, जब दिल्ली सम्झौतापछिको संयुक्त सरकार बन्यो, हामीलाई एउटा ठूलै झट्का महसुस भयो। राजनीतिक पार्टीको पछि लागेर मुलुक परिवर्तनको दिशातर्फ लाग्ने हाम्रो क्रान्तिकारी सपना बीचमै तुहिएजस्तो भयो । र, झन्डै तीन महिना जेल बसेपछि त त्यो क्रान्तिकारी रोमाञ्चकता पनि हराएर गयो । त्यसपछि त आफ्नो भविष्य नै अन्धकार देखिन थाल्यो ।

जेलबाट छुटेर घर फर्किंदा पिताजीको पहिलो फट्कार थियो, 'सकियो क्रान्तिकारी रोमाञ्चकता ! अब पढाइतिर लाग् र भविष्य सुधार् ।' आखिर सत्य पनि त्यही थियो । तर, मुखले कुनै जवाफ फर्काइनँ। बीएस्सी पढ्दापढ्दै टुटेको पढाइलाई निरन्तरता दिन नसकेपछि बीएमा भर्ना भएँ र नयाँ सिराबाट पढाइलाई अघि बढाएँ। एमएको पढाइ पूरा गरिसक्दा नसक्दै पाँच वर्ष बितेको पत्तै भएन ।

यसरी मुक्ति सेनाको रोमाञ्चकताबाट बाहिर निस्किएर एमएको पढाइ सकेर काठमाडौं आएको थिएँ । ठमेल-११ का तर्फबाट फुटबल खेल्दै समय बिताइरहेको थिएँ । यत्तिकैमा एक दिन लोकसेवा आयोगले राजपत्रांकित सेवातर्फ केही प्रहरी इन्स्पेक्टर आवश्यक रहेको विज्ञापन *गोरखापत्र*मा प्रकाशित गरेको रहेछ । नजिकको साथीले जानकारी दिएपछि मैले पनि त्यसमा भाग लिने निर्णय गरें ।

विसं ०१२ मा ऐन निर्माण गरी प्रहरी सेवालाई पुनःगठन गर्ने काम भयो। त्यसअघि प्रहरी सेवा करारमा चल्थ्यो। एक-एक वर्षमा म्याद थप्दै अस्थायी ढंगले अगाडि बढिरहेको स्थिति थियो। ऐन बनेर वैधानिक अस्तित्व प्रदान गरिएपछि प्रहरी सेवा व्यवस्थित बन्न पुग्यो । ०१५ मा नियमावली बनेपछि त सरकारको एउटा अभिन्न अंगकै रूपमा यसको विकास हुन पुगेको थियो ।

तर, ०१३ मा इन्स्पेक्टर पदका लागि अन्तर्वार्ता दिइरहँदा मैले धेरै कुरा सोचेकै थिइनँ। थाहा पनि थिएन। मुक्तिसेनाका हस्तीहरू जीबी याकथुम्बा, पूर्णसिंह खवास, दिलमानसिंह थापाजस्ता व्यक्तिहरूले सुसज्जित यो संस्था केही गरौँ भन्नेहरूका लागि अवश्य पनि सुन्दर फूलबारी होला भन्ठानेर एकाएक अन्तर्वार्ताका लागि तयार भएको थिएँ । सैनिक पृष्ठभूमिको परिवारमा जन्मेहुर्केको हुनाले पनि मेरो रगतमा त्यो जुनुन कतै सवार थियो कि, जसले मलाई सुरक्षा क्षेत्रमै जान प्रेरित गरिरहेको थियो ।

त्यति बेला प्रहरी सेवातर्फ प्रवेश गर्न शारीरिक व्यायाम, लिखित परीक्षा आदि केही दिनु पर्दैनथ्यो । खालि लोकसेवा आयोगले मौखिक अन्तर्वार्ता लिन्थ्यो र उत्तीर्ण भएपछि प्रहरी सेवामा प्रवेश पाइन्थ्यो । म पनि सोही प्रक्रिया पूरा गरेर प्रहरी सेवामा प्रवेश गरेको हुँ ।

अन्तर्वार्ता दिन जाँदा तीन जना लहरै बसेका थिए । नरेन्द्रमणि आचार्य दीक्षितले मलाई सोधेको पहिलो प्रश्न थियो, 'पोस्टग्राजुएसन (एमए) गरेर पनि प्रहरी सेवामा आउने सोच कसरी पलायो ?' त्यसको तयारी जवाफ मसँग केही थिएन । अनायासै मेरो मुखबाट फुत्किएको थियो, 'पढेलेखेका मानिसहरूले प्रहरीमा जागिर खानु हुँदैन र ?' मेरो यो जवाफपछि तीनै जनाले मुखामुख गरे र 'एमए पढेको मान्छे दुई सय रुपियाँ तलबमा के टिक्ला र ?' भन्दै कानेखुसी गरेको मधुरो स्वर मेरा कानसम्म पनि ठोक्किन आइपुग्यो । अन्य सामान्य प्रश्नको जवाफ मैले सामान्य ढंगले नै दिएँ ।

एक सातापछि थाहा भयो, म अन्तर्वार्ताबाट छनोट भएछु । तर, नरेन्द्रमणि आचार्य दीक्षितले सोधेको प्रश्नले मलाई लामो समयसम्म पछ्याइरह्यो । मेरो पिताजीले पनि भन्नुभयो, 'प्रहरीमा तँ के टिक्न सक्छस् र ! केही दिनको पाहुना त होलास् ।' इन्स्पेक्टरको नियुक्ति बुझेर पहिलोपटक तत्कालीन प्रहरी महानिरीक्षकको कार्यालयमा प्रवेश गर्दा पनि मैले सामना गर्नुपरेको पहिलो प्रश्न त्यही थियो । तत्कालीन डीआईजी दिलमानसिंह थापाले त मुखै फोरेर भनेका थिए, 'यत्रो पढेलेखेको मानिस पनि के प्रहरीमा जागिर खान आएको ? पहिले नै भनेको भए अन्यत्र भनिदिन्थें नि !'

प्रहरी प्रशासन भनेको डन्डाको भरमा चल्ने निकाय हो, त्यसमा शिक्षित र पढेलेखेका मानिस जरुरी नै हुँदैन भन्ने मान्यता जबर्जस्त रूपमा थियो त्यतिबेला। जसको सामना पलपलमा गरिरहनुपर्थ्यो। मैले प्रहरी सेवामा प्रवेश गरेर आफ्नो क्षमता प्रदर्शन गर्ने भरपूर अवसर पाएँ। मेरो अध्ययनले त्यो सेवालाई कति सहयोग मिल्यो, त्यो त म भन्न सक्दिनँ। तर, मलाई भने त्यही पढाइका कारण त्यहाँ बसेर काम गर्दा ठूलठूला चुनौती र अवसरको सामना गर्न सहयोग पुऱ्यायो र असफलताबाट बचाउन मद्दत गऱ्यो ।

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

अलमलमा जनप्रतिनिधि

कानुनको अभावमा काम प्रभावित

तस्बिर : प्रकाश अधिकारी

स्थानीय तह सञ्चालनसम्बन्धी अभिमुखीकरणमा सहभागी प्रदेश नम्बर ६ का प्रमुख/उपप्रमुखहरू, सुर्खेतमा ।

प्रकाश अधिकारी/वीरेन्द्रनगर

चन्दननाथ नगरपालिका जुम्लाकी मेयर कान्तिका सेजुवालले पदभार ग्रहण गरेलगत्तै एउटा निर्णय गरिन्- चन्दननाथलाई स्मार्ट सिटी बनाउन आवश्यक गुरुयोजना निर्माणका लागि सबै क्षेत्रका विज्ञहरूसँग परामर्श गर्ने । प्रदेश-६ का अन्य गाउँ/नगरपालिकाका प्रमुखहरूले धमाधम लोकप्रिय हुने खालका निर्णय गरिरहँदा उनले भने यही 'सामान्य' निर्णय गरेकी थिइन् । "ऐन-कानुन, निर्देशिका प्राप्त नभएकाले खास निर्णय गर्न सकिएन, अलमलमै परियो," कान्तिका भन्छिन्, "मन्त्रालय आफैँ पनि कतिपय सवालमा द्विविधामा छ । यस्तो संक्रमणकालीन अवस्थामा सुरुमै दीर्घकालीन असर पर्ने निर्णय नगरौँ भन्ने लाग्यो ।"

नारायण नगरपालिका दैलेखका मेयर रत्नबहादुर खड्का पनि उस्तै द्विविधामा छन् । उनी ०५४ को स्थानीय निर्वाचनमा नारायणकै उपमेयर निर्वाचित भएका थिए । उनको नियमित प्रशासनिक प्रकृतिका कामकाजहरूमा बढी समय बित्ने गरेको छ । "स्थानीय स्वायत्त शासन ऐनले तोकेका नियमित कार्य, मौजुदा कर्मचारी, साधन-स्रोतको परिचालन गर्नेबाहेक अन्य कामकाज गर्न सकिएको छैन" खड्का भन्छन्, "स्थानीय तहमा कार्यकारिणी, विधायिकी र न्यायिक अधिकारको संवैधानिक व्यवस्था भए पनि कानुन हातमा नपर्दासम्म अधिकारसम्पन्न भएको महसुस हुन सकेन ।"

सरकारले स्थानीय तह सञ्चालनसम्बन्धी आवश्यक ऐन-कानुन बनाउन ढिलाइ गर्दा ३१ वैशाखमा सम्पन्न पहिलो चरणको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरू अन्यौलमा छन् । कार्यालय आउजाउदेखि मतदातालाई धन्यवाद दिने, बधाई ग्रहण गर्नेमै उनीहरूको अधिकांश समय बितिरहेको छ ।

यता, प्रदेश-६ को सम्भावित राजधानी भनिएको वीरेन्द्रनगर नगरपालिकाका मेयर देवकुमार सुवेदी नेतृत्वको कार्यपालिकाको पहिलो बैठकले 'छोरी जन्म बचत कार्यक्रम' लगायतका ३२ वटा निर्णय गरेको छ । जन्मदर्ताका आधारमा स्थानीय बैंकमा एक हजार रुपियाँको छोरी जन्म बचत खाता

> **अन्योल केही हदसम्म न्यूनीकरण हुँदै गएको छ । शतप्रतिशत हल गर्नचाहिँ कम्तीमा डेढ/दुई वर्ष लाग्छ ।**
>
> दिनेशकुमार थपलिया
> सचिव, स्थानीय विकास मन्त्रालय

खोलिदिने निर्णय हो, यो । २६ असारभित्र सबै वडा कार्यालय स्थापना गर्ने निर्णय गरे पनि आवश्यक बजेट, कर्मचारी नहुँदा उक्त निर्णय कार्यान्वयनमा समस्या आउने देखिएको छ । मेयर सुवेदी भन्छन्, "ऐन जारी नहुँदा अन्यौल बढेको छ । उदाहरणका लागि गत वर्षको बजेट कार्यान्वयन कसले, कसरी गर्ने भन्नेमै विवाद छ ।"

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा वीरेन्द्रनगरमा आयोजित तीन दिने अभिमुखीकरणमा सहभागी जनप्रतिनिधि सबैले एकैखाले गुनासो सुनाए । असीमित योजना अघि सारेर जनतामाझ पुगेका जनप्रतिनिधि निर्वाचित भएको डेढ महिना बित्नै लाग्दासमेत उल्लेखनीय काम गर्न नसकेकामा खिन्न छन् । कतिसम्म भने ऐन-कानुन कार्यविधि अभावका कारण जनप्रतिनिधि आफ्नो प्रोटोकलबारे नै अनभिज्ञ छन् ।

मूलभूत रूपमा अहिलेसम्म केन्द्रीय तहमा पाँचवटा र स्थानीय तहमा धेरै कानुन आवश्यक मानिएको छ । त्यसमध्ये पहिलो कानुन, स्थानीय शासन ऐन हो, जो स्थानीय तह सञ्चालनको छाता ऐन पनि हो । र, यो संसद्मा विचाराधीन अवस्थामा छ । दोस्रो- संघ, प्रदेश र स्थानीय सरकारबीचको शासकीय प्रबन्धसम्बन्धी ऐन हो । तेस्रोचाहिँ अन्तरसरकारी वित्तीय हस्तान्तरणसम्बन्धी कानुन हो । यो पनि संसद्मा विचाराधीन छ । चौथो, कर्मचारी समायोजन तथा व्यवस्थापन र, पाँचौं प्राकृतिक स्रोत तथा वित्तीय आयोगको गठनसम्बन्धी कानुन तत्काल आवश्यक मानिएका छन् ।

कानुनको अभावमा जनप्रतिनिधिमा देखिएको अन्यौल हटाउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सम्बन्धित क्षेत्रका विज्ञको सहजीकरणमा विभिन्न खाले अभिमुखीकरण तालिम दिइरहेको छ । कानुन नभए पनि यसप्रकारको अभिमुखीकरणले अन्यौल क्रमशः हट्दै गएको मन्त्रालयका सचिव दिनेशकुमार थपलिया बताउँछन् । भन्छन्, "अन्योल केही हदसम्म न्यूनीकरण हुँदै गएको छ । शतप्रतिशत हल गर्नचाहिँ कम्तीमा डेढ/दुई वर्ष लाग्छ ।" ◆

KANTIPUR DIGITAL CORP

KMG

GLOBAL COLLEGE OF MANAGEMENT PRESENTS

ekantipur **onlinexpo** STUDY FAIR 2017

Nepal's first online exhibition

IN ASSOCIATION WITH UNIGLOBE COLLEGE Pokhara University Affiliate

POWERED BY HERALD COLLEGE KATHMANDU

Find all the colleges, consultancies and educational institutions to further your career, right here!

expo.ekantipur.com

TITLE SPONSOR GLOBAL COLLEGE OF MANAGEMENT

IN ASSOCIATION WITH UNIGLOBE COLLEGE Pokhara University Affiliate

POWERED BY HERALD COLLEGE KATHMANDU

SPONSORS LANDMARK EDUCATION | EEVS EXPERT EDUCATION & VISA SERVICES | Kangaroo EDUCATION FOUNDATION | KIEC | PHOENIX COLLEGE OF MANAGEMENT BBA MBA | Mate's education | hub int'l education | GLOBAL REACH

PARTNER NIC ASIA | VMAG | Einstein International Inc. | Sparrow | EVEREST GLOBAL EDUCATION | Nesfield INTERNATIONAL COLLEGE

ekantipur

It's time for the next.

दृष्टिकोण

हस्त गुरुङ

असंगत स्थानीय तह

देशको सबैभन्दा थोरै जनसंख्या भएको गाउँपालिका मनाङको नार फू गाउँपालिका हुन पुगेको छ, जसको जनसंख्या ५ सय ३८ मात्र छ। तर यसको क्षेत्रफल ८ सय ३८ वर्ग किमि छ। यहाँ संसारकै सबैभन्दा अग्लो लुङ्गा झरना (५२१५ मिटर) अवस्थित छ, जहाँ विश्वभरिका पर्यटकहरू क्यानोनिङ (छहरा आरोहण) गर्न आउँछन्।

तर बाँके जिल्लाको राप्तीसोनारी गाउँपालिका देशकै सबैभन्दा धेरै जनसंख्या भएको गाउँपालिका हो। यसको जनसंख्या ५९ हजार ९ सय ४६ छ। यो, नार फूको जनसंख्याभन्दा १ सय १२ प्रतिशतले बढी हो। क्षेत्रफल पनि १ हजार ४२ वर्ग किमि छ, जो नार फूको भन्दा २ सय ४ वर्ग किमिले बढी छ। यहाँ प्राकृतिक स्रोतको अभाव छ। राप्तीको बाढीको प्रकोपले लगातार विनाश ल्याइरहन्छ।

हिमाली भूगोलको विस्तृतताको आधारमा अति न्यून जनसंख्या भएको नार फू गाउँपालिका बनाएको भनिए पनि यो तर्क बाँके जिल्लाको राप्तीसोनारी गाउँपालिकासामु हास्यास्पद ठहरिन्छ। किनकि यहाँ राप्ती र सोनारी दुई गाउँपालिका बन्न सक्थे। राप्तीमा सोनारी क्षेत्र जबर्जस्ती गाभ्नुपर्ने थिएन। यहाँ २५ देखि ३५ हजार जनसंख्याको गाउँपालिका बनाएको भए विवाद हुँदैनथ्यो। मधेसमा ३०–३५ हजार जनसंख्या भएका अरू गाउँपालिका पनि बनेकै थिए।

कुनै गाउँपालिकाका लागि ६० हजार जनसंख्या ज्यादै ठूलो भार हो भने ५ सय ३८ जनसंख्या चाहिँ अति न्यून। यी दुई गाउँपालिकाको हैसियत र जिम्मेवारीमा कुनै भेद राख्न संविधानले दिँदैन। सरकारले समानीकरणको सिद्धान्तअनुसार गाउँपालिकालाई दिने बजेट समान बनाएको छ। बाँकेको राप्तीसोनारी र मनाङको नार फू गाउँपालिकालाई जोख्ने हो भने, पहाड र मधेसमा स्रोत वितरणमा असमानता र विभेद प्रस्ट देखिन्छ।

स्थानीय निकाय पुनःसंरचना आयोगले भूगोलको अविच्छिन्न इतिहास पनि मेटिदिने काम गरेको छ। जस्तोः पर्साको नयाँ बसोवास क्षेत्र सुवर्णपुर गाउँपालिका अन्तर्गत जबर्जस्ती घुसाइदिएर नेपालमा प्रसिद्ध रहेको ठोरीको पुरानो इतिहास संकटमा पारिएको छ। पर्साको पश्चिम सीमामा रहेको पुरानो ठोरीमा, ठोरी र निर्मलबस्ती गाविस थिए। सुवर्णपुर पनि ठोरीकै नयाँबस्तीका रूपमा चिनिन्थ्यो। भारतको रेल सञ्जालसँग प्रत्यक्ष जोडिएको र चितवन तथा वीरगञ्ज हुँदै काठमाडौंको व्यापारमा स्थलमार्गबाट इतिहासदेखि जोडिँदै आएको ठोरीलाई यसपटकको पुनःसंरचनामा उपेक्षा मात्र गरिएन, यसको इतिहास नै खण्डहरमा जाकिदिए। पहाडियाको बसोवास क्षेत्र ठोरी, निर्मलबस्ती र सुवर्णपुरलाई मिलाएर एक गाउँपालिका बनाउन सकिने अवस्था हुँदाहुँदै पनि यसमा थरुहट क्षेत्रका विशेष बस्तीहरू महादेवपट्टी र सेढवा गाविसलाई गाभियो। महादेवपट्टी र सेढवाका थारुहरूलाई थारुबहुल क्षेत्रबाट छुट्याएर अल्पमतमा पारियो।

उजाडिँदै पहाड

हुम्लाको नाम्खा गाउँपालिका देशकै सबैभन्दा ठूलो क्षेत्रफलको गाउँपालिका हो। यसको क्षेत्रफल २ हजार ४ सय २० वर्ग किमि छ तर जनसंख्या भने ३ हजार ९ सय मात्र। मुगुको मुगुमकर्मारोग गाउँपालिकाको क्षेत्रफल २ हजार १ सय ७ वर्ग किमि छ, जनसंख्या ५ हजार ३ सय ९६। ताप्लेजुङको फक्ताङलुङ गाउँपालिकाको क्षेत्रफल १ हजार ८ सय ५९ वर्ग किमि छ। सातवटा गाविस मिसाएपछि



यहाँको जनसंख्या जम्मा १२ हजार १७ पुगेको छ। ओलाङचुङगोलाबाट जिल्ला अस्पताल पुग्न तीन दिन हिँड्नुपर्छ । गोर्खाको चुमनब्री गाउँपालिकाको क्षेत्रफल १ हजार ६ सय ४९ वर्ग किमि छ। यसमा पनि सातवटा गाविस मिसाएपछि जनसंख्या ६ हजार ९ सय २३ पुगेको छ । सोलुखुम्बुको पासाङल्हामु गाउँपालिकाको क्षेत्रफल १ हजार ५ सय ३९ वर्ग किमि छ भने जनसंख्या ८ हजार ९ सय ८९।

हिमाली क्षेत्र डोल्पाको ठूलीभेरी नगरपालिका देशकै थोरै जनसंख्या भएको नगरपालिका बनेको छ । यसको जनसंख्या ८ हजार ३ सय ७० मात्र छ भने क्षेत्रफलचाहिँ ४ सय २१ वर्ग किमि।

यो भनेको हिमाली र पहाडी क्षेत्रमा मानिसहरूको सिला खोज्नुपर्ने अवस्था हो। बाली उठाउँदा झरेर बाँकी रहेका अनाज बटुल्नुलाई सिला खोज्नु भनिन्छ। हिमाल र पहाडमा मानिसको बसोवासको अवस्था त्यस्तै छ।

हिमाली र पहाडी क्षेत्रमा थोरै जनसंख्या भए पनि भूगोलको विस्तृतताका कारण सेवाकेन्द्रसम्मको पहुँच टाढा छ । गाविसहरू वडास्तरमा झरेकाले सेवाकेन्द्रहरू दुई दिन यात्रा गर्नुपर्ने गरी टाढा पुगेका हुन्। ठूलो भूगोल र छरिएको जनसंख्याको कारणले घरदैलोमा सरकार भनी बहुप्रचारित नारा उल्टो परेको छ।

ठूलो भूगोलको छरिएका बस्तीमा सडक, पुल, स्वास्थ्य केन्द्र, स्कूल, सिँचाइ, बिजुलीको पोल, ट्रान्सफरमर तथा तारहरू धेरै चाहिन्छन्। शिक्षा, जनस्वास्थ्य, खानेपानी, हुलाक, सरसफाइ, कृषि तथा पशुसेवा र सुरक्षा सेवामा पनि खर्च बढी लाग्छ।

हिमाली र पहाडी क्षेत्रको ठूलो भूगोलमा प्राकृतिक स्रोतहरू राजस्वका नियमित स्रोत हुनसक्छन्। यहाँ स्थापना हुने जलविद्युत् केन्द्रहरू थप आयका स्रोत बन्न सक्छन्। वन्यस्रोतमा आधारित उद्योग पनि चल्न सक्छन्। मनाङको नार फूजस्तो छ सय पनि जनसंख्या नभएको गाउँपालिकामा पर्यटन उद्योग चलेको छ । त्यसमाथि सरकारले दिने बजेटले वर्षैभरि खान पुग्ने खाद्यान्न ढुवानी गरे पनि उब्रने अवस्था छ। तर युवाशक्तिले गाउँ छाड्ने गरेको हुँदा जनसंख्या लगातार घटिरहेको छ । बूढाबूढी र केटाकेटीहरूमा आधारित यस्ता क्षेत्रमा विकास निर्माणका लागि श्रमशक्ति बाहिरबाटै ल्याउनुपर्ने हुन्छ। श्रमशक्ति नभएका गाउँपालिकाहरू देशका लागि बोझिला र खर्चिला हुन जान्छन्।

सेवा व्यवस्थापनमा समस्या

देशको सबैभन्दा सानो क्षेत्रफल भएको नगरपालिका चाहिँ भक्तपुर नगरपालिका हो । यसको क्षेत्रफल करिब सात वर्ग किमि छ, जहाँ ८१ हजार ७ सय २८ मानिस बस्छन्। सिराहाको विष्णुपुर गाउँपालिका देशको सबैभन्दा सानो क्षेत्रफलको गाउँपालिका हो । यसको क्षेत्रफल जम्मा २६ वर्ग किमि छ, जनसंख्या १८ हजार ५ सय २२ ।

सानो भूगोलमा धेरै जनसंख्या हुँदा जनस्वास्थ्य र रोजगारीमा ठूला समस्या आउँछन्। सरुवारोग, महामारी र आगलागीका प्रकोप हुन्छन्। रोजगारीको अभावमा भोकमरी र गरिबी बढ्छ। सेवा तथा प्राकृतिक स्रोत साधनमा हारालुछ हुन्छ । प्राकृतिक स्रोत तथा पानीका लागि स्थायी द्वन्द्व हुन सक्छ। शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइको व्यवस्थापनमा जनशक्ति र खर्च बढी लाग्छ।

सरकारले समानीकरणको सिद्धान्त अपनाएर बजेट बराबर भाग लगाउँदा मधेसमा विकास खर्चको व्यवस्थापनमा समस्या आउँछ। अहिले गाउँपालिकाले ५० लाख, नगरपालिकाले एक करोड र उपमहानगरपालिका तथा महानगरपालिकाले दुई करोड रुपियासम्मको विकास बजेट आफैँले योजना बनाएर खर्च गर्न पाउँछन्। त्यसभन्दा माथिको योजना बनाउने र खर्च गर्ने अधिकार पाएका छैनन् । यो सीमा कसैका हकमा पनि लाभदायी छैन।

चालू वर्षको कुल बजेट १२ खर्ब ७८ अर्बमध्ये स्थानीय निकायका लागि जम्मा २ खर्ब २५ अर्ब रुपियाँ छुट्याइएको छ। विश्वभर चलेको व्यवहार अनुसार विकासको मुख्य भार वहन गर्नुपर्ने स्थानीय सरकारलाई कम्तीमा ३० प्रतिशत बजेट दिनुपर्ने थियो । तर कुल बजेटको १७ प्रतिशत मात्र स्थानीय तहमा विनियोजित भएको छ। अहिले पनि संघीय सरकारमै राजस्व उठाउने र खर्च गर्ने अधिकार राखिएको छ। स्थानीय निकायलाई १५ प्रतिशत मात्र राजस्व उठाउने अधिकार छ। यथार्थमा त्यही १५ प्रतिशत राजस्वबाट विकास कार्य गर्नुपर्ने अवस्था छ । किनकि सरकारले उपलब्ध गराएको बजेट पूर्वाधार र कर्मचारी व्यवस्थापनमै खर्च हुनेछ। अर्थात्, अब घरदैलोमा आउने सरकार लुलो भएर आउनेछ।

> **कुनै गाउँपालिकाका लागि ६० हजार जनसंख्या ज्यादै ठूलो भार हो भने ५ सय ३८ जनसंख्या चाहिँ अति न्यून । यी दुई गाउँपालिकाको हैसियत र जिम्मेवारीमा कुनै भेद राख्न संविधानले दिँदैन ।**

समस्याको बीज

स्थानीय निकाय पुनःसंरचना आयोगलाई गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिकासहित आरक्षित क्षेत्र तथा विशेष स्वायत्त तथा संरक्षित क्षेत्र समेतको संख्या र सीमा निर्धारण गर्ने जिम्मेवारी दिइएको थियो। तर आरक्षित क्षेत्र, स्वायत्त तथा संरक्षित क्षेत्र निर्धारण गर्ने संवैधानिक जिम्मेवारी पूरा नगरी आयोग पन्छिएको छ। आयोगले गरेका यस्ता लापरबाहीपूर्ण कामले मधेसवादी राजनीति गर्नेका लागि विभेद र असमानता देखाउने मसला मिलेको छ, जो बारुद भरिएर मधेसमा पड्किइरहेको छ।

नागरिकता, भाषा तथा स्थानीय निकाय थप गर्नुपर्ने मुद्दामा संविधान संशोधनको माग गरिरहेका मधेसवादी राजनीतिक दलले पुनःसंरचनाको कार्यमा चित्त दुखाएका कारण स्थानीय निर्वाचन पटक पटक रोकियो । सोलुखुम्बुको नेचा सल्यान गाउँपालिका अन्तर्गत राखिएको साबिक तिङ्ला गाविसका बासिन्दाले पुनःसंरचना र सीमांकनमा चित्त नबुझेको भनेर उम्मेदवारी नै दर्ता नगरी निर्वाचन बहिष्कार गरिदिए । यसको दोष स्थानीय निकाय पुनःसंरचना आयोगका पदाधिकारीहरूलाई पनि लाग्छ। तर गैरजिम्मेवार काम गर्नेहरू जिम्मेवारीमुक्त भइसके। तिनको जवाफदेहिता खोज्ने कुनै प्रावधान छैन। अबको राजनीतिले यस्ता विडम्बनाबाट देशलाई मुक्त पार्नुपर्छ। ◆

‘कर्मचारीले हिजोको सर्त होइन,

निजामती सेवाका कर्मचारीहरु स्थानीय र प्रदेशको मातहत रहेर काम गर्न नमान्दा कर्मचारी समायोजनको विषय जटिल बनेको छ । यसले संघीयता कार्यान्वयनमा कर्मचारी प्रशासन बाधक बन्ने त होइन भन्ने आशंका पनि उब्जाएको छ । यही सेरोफेरोमा नेपाल सरकारका मुख्यसचिव **सोमलाल सुवेदी**सँग **रामबहादुर रावल**ले गरेको कुराकानी :

कर्मचारीतन्त्रमा संघीयताप्रति कत्तिको लगाव देखिन्छ ?

यसमा दुई खालको सोच छ । संविधानको भावनाअनुरूप हुबहु कार्यान्वयन गर्नुपर्छ भन्ने मान्यतामा एकदम कम मान्छे छन् । राजनीतिक नेतृत्वमा पनि यो समस्या छ । म त्यो मानसिकतालाई पन्छाउँदै काम गरिरहेको छु । संविधानबमोजिम कानुन बनाउनुपर्छ, प्रस्ताव मिलेको छैन भन्दा देशैभरिका केही जनशक्तिले मलाई गाली गरिरहेका छन् । यसले के देखाउँछ भने संघीयता कार्यान्वयनका लागि हामीलाई सहयोगी वातावरण छैन । किनभने, परिवर्तन भन्ने कुरा संविधानमा भए पनि व्यवहारमा कार्यान्वयन गराउन गाह्रो रहेछ ।

मुख्यसचिवले नै गाह्रो भनेपछि कसले गर्ने त यो काम ?

सचिवको दरबन्दी बढाउने कुरामा मेरो कुरा मिलेन, मैले रोकेँ । अहिलेसम्म म रोक्न सफल भएको छु । त्यसमा मेराविरुद्ध अनावश्यक सिकायत पनि भए । मिडियाबाजी पनि भए । विभिन्न कोणबाट कुरा आए । तर, दरबन्दी बढ्न दिइएन । कृषि, पशुविकासका तीन-तीन हजार प्राविधिक सहायक दरबन्दी थप्ने प्रस्ताव आएको थियो, त्यसलाई रोकेर १२-१५ सयमा सीमित गर्दा मलाई भयंकर दुःख भयो । माननीय मन्त्रीज्यूहरूले असहयोग गरेको आरोपसमेत लगाउनुभयो । प्रधानमन्त्रीले समेत ‘यो गर्नैपर्छ, असन्तुष्टि बढी आयो’भन्दा मैले होइन, त्यसो गर्नुहुन्न भनेर अडान लिएँ ।

अहिले दरबन्दी बढाउन नहुने कारणचाहिँ के हो ?

संघीयतामा नगएसम्म हामीले दरबन्दी थप्नुहुँदैन । जुन तहमा जुन खालको जिम्मेवारी जान्छ, त्यसैअनुरूपका कर्मचारी अहिले समायोजन हुन्छन् । जुन तहमा जनशक्ति पुग्दैन, त्यो भर्ना गर्ने जिम्मेवारी उही तहको हो । अहिलेदेखि नै हामीले फादरसिप चलाउनु हुँदैन भनेर मैले रोकेँ ।

अहिले भइरहेका निजामती कर्मचारी तपाईंले खटाएको तहमा पठाउनेबित्तिकै जान तयार छन् त ?

सरकारले कर्मचारी समायोजनसम्बन्धी विधेयक संसद्मा दर्ता गरेको छ । त्यसमा कर्मचारी समायोजनको स्पष्ट आधार र प्रक्रिया तय गरिएको छ । ऐन पारित भएपछि नियमावलीमा अझ विस्तृतमा आउनेछ ।

तत्काल संघीयतामा नजाऔँ भन्ने सोच पनि छ ?

धेरैजसोमा हामीले गरिआएका कुरा गर्दै जाऔँ, अलिअलि दिँदै जाऔँ, संघीयता पनि चल्दै गर्छ भन्ने सोच छ । केन्द्र दाता हो र तल्ला तह प्रापक हुन् भन्ने मानसिकता व्यापक छ । मैले अवलम्बन गर्न खोजेको बाटोमा हिँड्न चाहने धेरै छैनन् । खाली त्यो गलत होइन भन्न नसकेर मात्र यो तहमा काम भएको छ । धेरै मन्त्रीहरू, राजनीतिक नेतृत्वदेखि सचिवहरू, प्रशासक र खटिएर जाने कर्मचारी, खटाउने कर्मचारी सबैमा के छ भने साबिकबमोजिमको कुरा हुन्छ, अझ त्यसमा बढोत्तरी हुन्छ भन्ने सोच छ ।

संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन कसरी गरिँदै छ त ?

यसमा धेरैका धेरैथरी विचार छन् । मचाहिँ कहाँनिर पर्छु भनेर हेर्ने सोच हामी सबैमा छ, डिग्रीमा फरक होला । विभिन्न तहको कार्यविस्तृतीकरण बमोजिम जुन कार्य गर्ने कर्मचारीको जिम्मेवारी जुन तहमा पर्छ, त्यसैमा ती कर्मचारीलाई मिलाउनुपर्छ भन्ने मान्यताअनुरूप समायोजन विधेयक संसद्मा पठाइएको छ । उक्त विधेयक पारित भएपछि समायोजनको काम अगाडि बढ्छ । त्यसअघिका लागि हामीले कर्मचारीहरूलाई काजमा पठाएका छौँ ।

कतिपय कर्मचारीले खटाएको ठाउँमा जानै मानेका छैनन् । यो कुरा कसरी सम्बोधन गर्नुहुन्छ ?

राज्यले कर्मचारीलाई खटाएपछि जान्नौँ भन्न पाइन्छ र ? हामी निर्णयकर्ताले विवेकशील र निर्मम निर्णय गर्नुपर्छ । र, मान्यता के हुनुपर्छ भने राज्यले खटाएको ठाउँमा कर्मचारी जाने हो नकि कर्मचारीले रोजेको ठाउँमा खटाउनुपर्छ । सकेसम्म त व्यावहारिक पक्ष मिलाउनुपर्छ । तर, मिलेसम्मको हदमा । यो मान्यतामा हामी गएनौँ भने संघीयता कार्यान्वयन गर्न सक्दैनौँ ।

कुन कर्मचारी संघ, प्रदेश वा स्थानीयको हुन्छन् ? कसरी थाहा पाउने ?

संविधानले संघ, प्रदेश र स्थानीयको

तस्बिर : रवि मानन्धर

संविधानको सर्त मान्नुपऱ्यो’

अधिकार छुट्याइदिएको छ। त्यसलाई थप स्पष्ट पार्न संविधानले तोकेका तीनै तहका कार्यको विस्तृतीकरण गरेका छौं। त्यसमा उल्लिखित कार्यमध्ये जसको जिम्मेवारी जुन तहमा पर्छ, त्यहीअनुसार हुन्छ। कर्मचारीको कार्य विवरणको आधारमा उसको तह निर्धारण हुन्छ।

अहिले तपाईंहरूले कर्मचारी दिन ढिला गर्नुभयो भने स्थानीय तह आफैंले नियुक्त गर्न सक्छन् कि सक्दैनन् ?

हामीले कर्मचारी दिन सकेनौं भने स्थानीय तह आफैंले नियुक्त गर्छन्। तर, उनीहरूले पनि सोझै भर्ना लिन सक्दैनन्। परीक्षा प्रणाली, गुणस्तर नियन्त्रण प्रणाली निर्क्योल हुन बाँकी छ। कम्तीमा एउटा गाउँपालिकामा एउटा पूर्वाधारसम्बन्धी प्राविधिक पठाउने गरी हामी तालमेल मिलाउँदै छौं। यति भइसकेपछि बाँकी कुरा समायोजन विधेयक र नियमावलीले मिलाउनुपर्छ।

शिक्षा मन्त्रालयका कयौं उपसचिव कामविहीन हुँदा पनि स्थानीय तहमा जान नमानेको किन नि ?

स्थानीय तहमा जानेले सबैमा आफू कार्यकारी हुनुपर्छ भन्ने छ। कार्यकारी हुने कुरा समायोजन ऐन आइसकेपछि नियमावलीले विचार गर्ने कुरा हो। तर, कार्य विशिष्टीकरण जसको जे छ, उसले त्यो काम गनुपर्छ। स्वास्थ्यको चिकित्सकलाई कार्यकारी बनाइदिए के हुन्छ ? त्यसको ठाउँमा अर्को डाक्टर चाहिन्छ। कसैको पदीय अभीष्टका लागि सम्झौता गर्ने होइन। साउनदेखि बजेट पठाइसकिन्छ। यता भएका कार्यालयले काम नगर्ने, त्यता कर्मचारी नजाने हो भने ठूलो रिक्तता हुन्छ।

> **राज्यले कर्मचारीलाई खटाएपछि जान्नौं भन्न पाइन्छ र ?**

सिंहदरबारमा कतिपय कर्मचारी हाइ काढेर, सेयर कारोबार गरेर बसेका छन्, तल सेवा गर्ने मान्छे नै बस्दैनन्। के गर्नुहुन्छ ?

यो पहिलेदेखिको दूरीलाई ‘छु मन्तर’ गरेर जाने होइन। फ्रन्टलाइनका कार्यालयमा कार्यविवरणका आधारमा पठाउने भन्दा आफू एक्लो हुनुपर्ने अवस्था हुँदाहुँदै पनि मेरो कुरा किन सत्य साबित भयो भने त्यो ठीक कुरा थियो। हामी मन्त्रालय बनाउँछौं, विभाग बनाउँछौं भन्नेलाई सहसचिवको दरबन्दी सिर्जना गर्न दिएको छैन। फ्रन्टलाइनमा इन्जिनियर चाहिन्छ भने दिन्छौं। किनभने, त्यहाँ ग्याप छ। काज खटाएकै आधारमा पनि भन्न सकिन्छ, नियमावली बनेपछि राम्रोसँग समायोजन हुन्छ।

अहिले पनि निजामती सेवाका कर्मचारी र स्थानीय तहबाटै नियुक्त कर्मचारीबीच द्वन्द्व छ। यो द्वन्द्व भविष्यमा झनै बढ्ने देखिन्छ नि, हैन ?

जसको जे कार्यविवरण छ, त्यसले त्यही काम गरेमा समायोजन हुन समस्या हुँदैन। समस्या कहाँनिर हुन्छ भने एउटाको कार्यविवरणमा अर्काले गर्न खोजे भने कुरा बिग्रन्छ।

हिजोकै शैलीमा केन्द्रले कार्यकारी वा एलडीओ पठाउने गरिएको छ। तिनले त स्थानीय जनप्रतिनिधिलाई नटेर्ने समस्या होला नि ?

त्यसमा त जनप्रतिनिधिले हस्तक्षेप गर्नुपऱ्यो नि।

शक्तिमा पहुँच हुनेहरू केन्द्रमा बस्ने, पहुँचहीनहरूलाई कालापानी धपाउने त होइन नि ?

कालापानी हुँदै होइन। यी सबै कर्मचारीले हिजो सरकारले जहाँ पठायो, त्यहीं जान्छु भनेर लोकसेवा आयोगको जाँच पास गरेका हुन्।

स्थानीय र प्रदेश तहमा सीमित हुँदा वृत्तिविकास नहुने हो कि भन्ने चिन्ता पनि छ। कसरी सम्बोधन गर्नुहुन्छ ?

वृत्तिविकासमा असर पर्दैन। ‘होरिजेन्टल’ र ‘भर्टिकल’ जान सक्ने बाटाहरू राखेर कानुनी प्रबन्धन गरिन्छ। सीमित अवसरमा असीमित व्यक्तिको आकांक्षा हुँदा प्रतिस्पर्धा त हुन्छ नै। दायरा केही संकुचन पनि हुन सक्छ। स्थानीयबाट प्रदेश, प्रदेशबाट संघमा आउनका निम्ति निश्चित प्रतिशत छुट्याइदिनुपर्छ। स्थानीयबाट १५-२० प्रतिशत केन्द्रमा आउन सक्ने, केन्द्रीय सेवाका कर्मचारीहरू तल गएर सिक्ने व्यवस्था गर्नुपर्छ। प्रतिस्पर्धाको बाटो पनि खुला हुन्छ। स्थानीय तहका जनप्रतिनिधिले कर्मचारीलाई काम लगाउन भने सक्नुपर्छ। कामको नतिजा खोज्न सबै लाग्नुपर्छ। अनि हामी परिवर्तन भएको भन्ने, पहिलाको जे मान्यता छ, त्यही लिएर त भएन नि।

प्रदेश नबनेसम्म पनि हामी संक्रमणमै हुन्छौं। कर्मचारी समायोजन पनि अड्किरहने होला, हैन ?

स्थानीय तहले राम्रोसँग काम गरेमा ती स्थापित हुँदै जान्छन्। प्रदेश नबनेसम्म जिल्ला र क्षेत्रीय तहका केही कार्यालय रहिरहन्छन्। नत्र त अहिलेका कार्यालयले कसलाई कहाँ बुझाएर जाने ? त्यसैले स्थानीयले काम थाले पनि प्रदेशसँगको समायोजन सिंगै बाँकी रहन्छ। यो संक्रमणको चरण त हाल समायोजन हुने कर्मचारी सेवानिवृत्त भएर सम्बन्धित तहले आफ्ना नयाँ कर्मचारी भर्ना गरेपछि मात्र पूरा हुन्छ।

ट्रेड युनियनहरूले जबर्जस्ती तल्ला तहमा पठाउन लागेको भन्दै विरोध गरेका छन् नि ?

परिवर्तन भयौं भन्ने, सबै कुरा पहिलाकै चाहियो भनेर कहाँ पाइन्छ ? यिनै मन्त्रालय राख्ने, यति नै कर्मचारी सिंहदरबारमा बस्न खोज्ने हो भने तिनलाई के काम लगाउने ? फेरि के पनि बुझ्नुपर्छ भने हाम्रो संघीयता भनेको सिसाको टेबुल छ, यसलाई नफुटाइकन विभाजन गर्नुपर्नेछ तर योभन्दा बलियो बनाउनुपर्नेछ। यो कति जटिल छ भन्ने हामी यसबाट अनुमान गर्न सक्छौं। हाम्रो उद्देश्य भने जनतालाई प्रभावकारी सेवा र बढीभन्दा बढी लोकतान्त्रिक अवसर दिने हो। यसका निम्ति गर्न नहुने काम मैले रोकें। गर्नैपर्ने कामका लागि पहलकदमी लिएँ।

हिजो एउटा सर्तमा जागिरमा प्रवेश गऱ्यौं, अहिले जबर्जस्ती धकेल्न खोजियो भन्ने छ नि ?

त्यो सर्तलाई संविधानले परिवर्तन गरिदियो। संविधानभन्दा माथि कोही पनि छैन। अब संविधानको सर्तमा जानुपऱ्यो। हिजोका सर्तमा होइन, संविधानको धारा ३०२, त्यसअन्तर्गत बन्ने ऐन र नियममा आधारित भएर चल्नुपऱ्यो।

प्रसंग बदलौं। तपाईं मुख्यसचिवको कार्यकाल हुँदाहुँदै विदेशको जागिरका निम्ति किन मरिहत्ते गर्नुभयो ?

मैले मरिहत्ते गरेको होइन। मन्त्रिपरिषद्बाट निर्णय गरेर सरकारले खटाएको हो। ◆

म्याद थपकालागि विशेष अदालतमा हाजिर भएका चूडामणी शर्मा, २१ जेठ

कर छुट प्रकरण

१२ अर्बमा १० अर्ब रुपियाँ छुट

निष्क्रिय कानुनको छिद्रमा टेकेर कर फर्स्योट आयोगका पदाधिकारीद्वारा उद्योगी व्यापारीलाई अर्बौंको फाइदा

■ माधव बस्नेत

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ८ जेठमा कर फर्स्योट आयोग, ०७१ का अध्यक्ष लुम्बध्वज महत र सदस्य उमेशप्रसाद ढकाललाई पक्राउ गर्न सार्वजनिक सूचना जारी गरेको छ । अख्तियारले आफ्नो स्थापनाको इतिहासमै यस्तो सूचना जारी गरेको पहिलो पटक हो, यो ।

त्यस आयोगका सदस्य-सचिव रहेका आन्तरिक राजस्व विभागका महानिर्देशक चूडामणि शर्मालाई अख्तियारले १९ जेठमै नियन्त्रणमा लिएको थियो । हिरासतमै राखेर उनको बयान लिने कार्य जारी छ । र, संयोग ८ जेठमै विशेष अदालतबाट शर्माको तेस्रो पटक सात दिनका लागि म्याद थपिएको छ ।

शर्मालाई पक्राउ गरेकै दिनदेखि अख्तियारले महत र ढकालको पनि निगरानी गरेको थियो । स्रोतका अनुसार शर्मा पक्राउको भोलिपल्ट उनीहरू एक ठूला पार्टीको नेताको निवास बालकोट र महाराजगन्जतिर घर भएका एक कांग्रेस नेताको दैलो ढक्ढक्याउन पुगेका थिए । अख्तियारले आफूहरूलाई पनि हिरासतमा राख्दै छ भन्ने सुइँको पाएपछि उनीहरू नाटकीय शैलीमा फरार भए । स्रोतका अनुसार महत दिल्ली पुगेका छन् भने ढकाल राजधानीमै लुकेर बसेका छन् ।

बयानका लागि मात्रै बोलाइएका शर्मालाई हिरासतमै राख्ने निर्णय लिनु, फरार महत र ढकाललाई पक्राउ गर्न सर्वसाधारणसम्मै सूचना सार्वजनिक गर्नुले कर फर्स्योट आयोगले गरेका निर्णयलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निकै गम्भीर रुपमा लिएको सहजै बुझ्न सकिन्छ । अख्तियारका प्रवक्ता जीवराज कोइराला भन्छन्, "कर फर्स्योट आयोगविरुद्ध परेको उजुरीमाथि अहिलेसम्म जे जति छानबिन भएको छ, त्यसबाट ठूलै अनियमितता भएको शंका गर्न सकिन्छ ।"

हुन त अख्तियारकै हिरासतमा रहेका निलम्बित महानिर्देशक शर्माले समेत सुरुको एक हप्ता बयान दिनै मानेनन् । बिरामी भएको बहाना बनाएपछि उनलाई एकै दिनमा तीन पटकसम्म वीर अस्पताल पुऱ्याउनुपऱ्यो । उनले त्यहाँ चित्त बुझाउन चाहेनन् । आफूले पहिलेदेखि नै उपचार गराइरहेको नर्भिक अस्पताल लैजानुपर्ने जिकिर गरे । र, एक हप्ता नर्भिकमा बसे । उपचारका लागि अस्पताल जानु त बहाना थियो, खासमा कानुनी परामर्श र चलखेल गर्न उनले नर्भिकको 'क्याबिन' रोजेका थिए । त्यहीँ बसेर उनले थुप्रै कानुन व्यवसायीसँग परामर्श गरे । यसपछि नै उनी अख्तियारसमक्ष बयान दिने निष्कर्षमा पुगे ।

कर फर्स्योट आयोगले १ हजार ६९ करदाताहरूलाई छुट दिएमध्ये हालसम्म अख्तियारले करिब सवा सय फाइलको मात्र छानबिन सकेको छ । अख्तियारले ठूलो छुट दिइएका फाइलबाट छानबिन सुरु गरेको थियो । त्यसैले सवा सय फाइल छानबिन गर्दा छुट दिएमध्ये आधा बढी रकमको छानबिन सकिएको स्रोत बताउँछ । अर्थात् २१ अर्ब छुट दिएमध्ये १३ अर्ब हाराहारीको छानबिन सकिएको छ । यद्यपि अख्तियार अझैसम्म मुद्दा दायर गर्ने निष्कर्षमा

पुग्न सकेको छैन। कारण, छानबिन त बाँकी छ नै, बयान नै सकिएको छैन। "बिगो दाबीसहितको मुद्दा दायर गर्न अझै कम्तीमा तीन हप्ता लाग्न सक्छ" स्रोतको भनाइ छ। अख्तियारका प्रवक्ता कोइराला भने फाइलको छानबिन र बयान जारी रहेकाले मुद्दा कहिले दायर हुन्छ भन्न नसकिने बताउँछन्।

छुटै छुट

कर फर्स्योट आयोगका अधिकारीहरूले ऐन र स्वविवेकीय अधिकारको कतिसम्म दुरुपयोग गरेका छन् भने करदाताहरूले उपभोक्ताबाट मूल्य अभिवृद्धि कर (भ्याट) बापत लिएको रकमसमेत छुट दिएका छन्। भ्याट छुट दिएको रकम मात्र दुई अर्ब रुपियाँभन्दा बढी रहेको स्रोत बताउँछ। जबकि करदाताहरूले आय कर छुटको माग दाबी गर्न सक्छन्। उपभोक्ताबाट असुल गरिसकेको मूल्य अभिवृद्धि कर छुट माग्न सक्तैनन् र दिन पनि सकिँदैन। चार्टर्ड एकाउन्टेन्ट तथा करविज्ञ प्रकाश पौडेलका भनाइमा आय कर र मूल्य अभिवृद्धि कर फरक-फरक कुरा हुन्। भ्याटको सिद्धान्त अनुसार यदि कसैलाई छुट दिइन्छ भने त्यो तिर्ने व्यक्तिले नै फिर्ता पाउनुपर्छ। "व्यवसायीलाई भ्याट छुट दिनै सकिन्न," पौडेल भन्छन् "कदाचित दिइएमा त्यो जसले तिरेको हो, त्यही उपभोक्ताको हातमा आइपुग्नु पर्छ।"

तर, पोखराको फूलबारी रिसोर्ट, गोरखा ब्रुअरी, माउन्ट एभरेस्ट ब्रुअरी, श्री डिस्टिलरी, त्रिवेणी डिस्टिलरी लगायतलाई मूल्य अभिवृद्धि करमै भारी छुट दिइएको छ। यस्तो छुट पाउने करदाता नौ जना छन्। जस्तो, पोखराको फूलबारी रिसोर्टले मूल्य अभिवृद्धि करबाट उठाएको १८ करोड ४३ लाख रुपैंया तिर्नुपर्ने थियो। तर, त्यसमा समेत ८९.४७ प्रतिशत छुट दिई १ करोड ९४ लाख रुपियाँ मात्र लिने सम्झौता गरेको पाइएको छ। यसरी उपभोक्ताबाट उठाएको १८ करोड १ लाख रुपियाँको भ्याट रकम फूलबारी रिसोर्टको सञ्चालक अमात्य समूहको ढुकुटीमा हालिदिएका छन्। फूलबारी रिसोर्टबाहेक भ्याट छुट पाएका उल्लिखित औद्योगिक प्रतिष्ठानहरूले पाएको छुटको तथ्यांक प्राप्त हुन सकेको छैन। मूल्य अभिवृद्धि करमा समेत यसरी छुट दिनेले झन् आय करमा के गरे होलान्, सहजै अनुमान लगाउन सकिन्छ।

स्रोतका अनुसार कर फर्स्योट आयोगले तयार पारेको प्रतिवेदन कतिसम्म गोलमाल छ भने कोबाट कति उठाउनुपर्ने थियो, कति सहुलियत दिएर कति उठाइएको हो भन्नेसमेत उल्लेखै छैन। खालि यसबाट यति रकम उठाइयो भनेर मात्र लेखिएको छ।

१२ ठूला आय कर छुट

● तिर्नुपर्ने ● तिरेको *अंक रुपैयाँमा*

एनसेल
● १.६३ अर्ब
● ९० लाख

यूटीएल (युनाइटेड टेलिकम लिमिटेड)
● १.३० अर्ब
● ३५ लाख

स्पेसटाइम नेटवर्क
● १४.८० करोड
● ४०.०५ लाख

हिमाल आइरन एन्ड स्टिल
● १६.७० करोड
● १.७० करोड

बुद्ध एयर
● ३२ करोड
● ११ करोड

गोरखा ब्रुअरी
● ४९ करोड
● ५.२५ करोड

माउन्ट एभरेस्ट ब्रुअरी
● ५८.९० करोड
● ४.६० करोड

श्री डिस्टिलरी
● २.७० अर्ब
● ५.१६ करोड

त्रिवेणी डिस्टिलरी
● ३ अर्ब ३५ करोड १४ लाख
● ३.९० करोड

राष्ट्रिय बीमा संस्थान
● ४.२० अर्ब
● २ अर्ब २६ करोड ८० लाख

बुटवल पावर कम्पनी
● १९.१८ करोड
● ६०.३० लाख

नेपाल बंगलादेश बैंक
● १० करोड
● १ करोड

त्यो छुटको हिसाबकिताब पत्ता लगाउन अख्तियारलाई पनि कठिन भयो। यकिन तथ्यांक फेला पार्न नसकेपछि अख्तियारले महालेखा परीक्षकको कार्यालयबाट यसको सम्पूर्ण विवरण संकलन गर्नुपरेको थियो। हालसम्मका सवा सय फाइल अनुसन्धानबाट उद्योग व्यापारीसँग उठाउनुपर्ने कुल आयकर रकममध्य १२ जनाबाट मात्रै करिब १२ अर्ब ४० करोड रुपियाँ रहेकामा आयोगले करिब २ अर्ब ६२ करोड रुपियाँ मात्र असुलेर बाँकी करिब १० अर्ब रुपियाँ छुट दिएको खुलेको छ (हेर्नुस्: इन्फोग्राफिक्स)।

ऐनमै छिद्र

पहिलो पटक ०३१ सालमा आय कर ऐन बनेको थियो। त्यही ऐनको प्रभावमा रहेर ०३३ सालमा कर फर्स्योट आयोग र ऐन बनाइयो। ०३१ मा जारी आय कर ऐनलाई खारेज गरी ०५८ नयाँ आय कर ऐन बनाइयो। ०५८ को आयकर ऐनसमेत ०६७ मा परिमार्जन भयो। ०५८ मा आयकर ऐन आएपछि त्यससँग सम्बन्धित अन्य थुप्रै ऐन खारेज गरियो। तर, आय कर ऐनको जगमा बनाइएको कर फर्स्योट आयोग ऐन चाहिँ अहिलेसम्म जस्ताको तस्तै छ।

लुम्बध्वज महत अध्यक्षताको पछिल्लो कर फर्स्योट आयोग कर फर्स्योट आयोग ऐन ०३३ अनुसार गठन गरिएको थियो। ०४६ यता अढाइ दर्जन बढी सरकार गठन भए पनि ३८ वर्षअघिकै ऐनमा टेकेर ०७१ मा कर फर्स्योट आयोग गठन गरिएको थियो। ०३३ को कर फर्स्योट आयोग ऐनका अनुसार आयोगले गरेको कर निर्धारणको निर्णय उपर पुनरावेदन लाग्दैन। साथै, आयोगमा प्रस्तुत गरिएका कागजपत्रहरू तथा आयोगको कारबाहीको सिलसिलामा कुनै स्रोतबाट थाहा हुन आएका कुरा गोप्य राख्नुपर्ने कानुनमै छ। त्यस्ता कागजपत्रहरू र गोप्य कुराहरू कर निर्धारण वा असूलीको प्रयोजनका निम्ति बाहेक अन्य काममा प्रकाश गरिने वा कुनै अदालतमा प्रमाण लाग्नेछैन र सरकारको अनुमतिबिना कुनै अधिकारीले निरीक्षण वा अनुसन्धानका लागि समेत माग गर्न नसक्ने व्यवस्था छ।

ऐनको यस्तो व्यवस्था ३८ वर्षमा पनि परिमार्जन नहुनुले यही आडमा अनियमितता भइरहेको प्रस्टिन्छ। किनभने ऐनमै पारदर्शितालाई अस्वीकार गरिएको छ।

कर फर्स्योट आयोग ऐनले सूचना गुपचुप राख्न पाउने बहानामा मनमौजी छुट दिएको छ र ऐनको बुँदामा टेकेर आफूले लडाइँ जित्ने विश्वासमा छन्, अख्तियारको हिरासतमा रहेका शर्मा र पक्राउ सूचीमा रहेका महत र ढकाल। यही ऐनका आडमा उनीहरूको उम्किने दाउ छ। तर, कानुन र करविज्ञहरूको दाबी चाहिँ के छ भने ०५८ मा नयाँ आय कर ऐन आएकाले पुरानो आयकर ऐनको प्रभावमा बनेको कर फर्स्योट आयोग ऐन स्वत: निष्क्रिय भइसकेको छ। किनभने नयाँ कानुन, ऐन आएपछि पुराना स्वत: निष्क्रिय हुन्छन्। चार्टर्ड एकाउन्टेन्ट पौडेल भन्छन्, "निष्क्रिय अवस्थामा रहेको कर फर्स्योट आयोग ऐन ०३३ देखाएर मनमौजी छुट दिनु अधिकारको चरम दुरुपयोग हो।" ◆

तस्विर : भास्कर ओझा

KMG
KANTIPUR MEDIA GROUP
कान्तिपुर मिडिया ग्रुपको सेवासँग सम्बन्धित केही गुनासो गर्नुपरेमा वा कुनै पनि सेवा सम्बन्धी जानकारी चाहिएमा नि:शुल्क टोल फ्रि नम्बर मार्फत हामीलाई सम्पर्क गर्नुहोला ।
गुनासो,
जानकारी,
परामर्श
सुझाव...
नि:शुल्क टोल फ्रि नम्बर
1660 01 22222 NTC
9801 57 2222 Ncell
अथवा हामीलाई csd@kmg.com.np मा ईमेल गर्नुहोस् ।
टोल फ्री नम्बरमा कल गर्दा कुनै पनि शुल्क लाग्ने छैन।
KANTIPUR PUBLICATIONS PVT. LTD.
Radio Kantipur
KANTIPUR TELEVISION NETWORK (P.) LTD.
KANTIPUR DIGITAL CORP
KANTIPUR FOUNDATION
कान्तिपुर
kathmandupost
साप्ताहिक
नेपाल
नारी
ekantipur
सेवा समय – बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म।
www.kmg.com.np

सिंहदरबारमा त्रास

पुरानो निजामती कर्मचारी संयन्त्रलाई संघ, प्रदेश र स्थानीय तहमा विभाजित गर्न गाह्रो

रामबहादुर रावल

शिक्षा मन्त्रालयमा ४ सय ८४ जना उपसचिव छन् । तीमध्ये प्रायः कामविहीन छन् । उनीहरूलाई सरकारले स्थानीय तहमा खटाउँदा जान मानिरहेका छैनन् । अर्कोतिर सरकारले स्थानीय तहका नयाँ एकाइहरूमा पर्याप्त कर्मचारी पठाउन सकेको छैन । त्यहाँ जाने कर्मचारीमा आफ्नो जागिरे जीवनभरि त्यही एकाइमा समायोजन भएर बस्नुपर्ने हो कि भन्ने डर एकातिर छ भने अर्कोतिर आफूभन्दा कनिष्ठ कर्मचारीलाई नमस्ते गरेर बस्नुपर्ने हो कि भन्ने आशंका पनि । सिंहदरबार छाडेर गाउँ जानै नमान्ने प्रशासनतन्त्रको परम्परागत रोग त छँदै छ ।

सामान्य प्रशासन मन्त्रालयले ५ असारमा स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापनसम्बन्धी एक आदेश जारी गर्दै अन्तरिम व्यवस्थापनको ढाँचा सार्वजनिक गरेको छ । त्यसमा नयाँ गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका र तिनका वडामा रहने कर्मचारीको विवरण उल्लेख गरिएको छ । नयाँ गाउँपालिकामा उपसचिव वा शाखा अधिकृतस्तरका एक कार्यकारी प्रमुखसहित न्यूनतम ९ जना कर्मचारी तोकिएको छ । तीबाहेक विभिन्न सेवा, परियोजना एवं कार्यक्रमका कर्मचारीहरू रहनेछन् ।

आदेशअनुसार कृषि सेवा केन्द्र/उपकेन्द्र, पशु सेवा केन्द्र/उपकेन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी/उपचौकी, आयुर्वेद औषधालय, शिक्षा स्रोत केन्द्र आदि स्थानीय सरकारमा गाभिनेछन् । त्यसैगरी सामुदायिक सूचना केन्द्र, सामुदायिक पुस्तकालय, सामुदायिक भवन, सरकारी वृद्धाश्रम, खेलकुद सम्बन्धी कार्यालय पनि स्थानीय तहको सरकारअन्तर्गत सञ्चालन हुनेछन् । विभिन्न योजना वा कार्यक्रमबाट सम्पन्न खानेपानी र सिँचाइ पनि अब स्थानीय सरकारले हेर्नेछ । महिला विकास, वन, भूसंरक्षण, घरेलु उद्योग, भवन तथा सहरी विकास, नगर विकास समिति, सडक, श्रम, पर्यटन, वाणिज्य, सहकारी र युवा कार्यालय पनि स्थानीय सरकारले सञ्चालन गर्नेछ ।

यी सम्पूर्ण कार्यालय, तिनको सम्पत्ति र कर्मचारीसमेत हस्तान्तरण गर्न असार मसान्तसम्मको समयसीमा तोकिएको छ । यही अवधिभित्र जिल्ला, नगर र गाउँस्तरका सरकारी स्वामित्वका संघ, संस्था, समिति, संरचना वा निकाय स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने आदेशमा उल्लेख छ । १ साउनबाट नयाँ आर्थिक वर्षको बजेट निकासा र कार्यान्वयन हुने भएकाले यो समयसीमा दिइएको नेपाल सरकारका मुख्यसचिव सोमलाल सुवेदी बताउँछन् (हेर्नूस्: अन्तर्वार्ता, पृष्ठः १८) ।

समायोजन गर्न एक वर्ष

हुन त अहिले सरकारले सधैंका लागि सरुवा नगरी तत्कालका लागि कर्मचारीलाई काजमा खटाउन लागेको हो । संघ, प्रदेश र स्थानीय तहमा कर्मचारीको समायोजन गर्नका लागि सरकारले संसद्मा समायोजनसम्बन्धी विधेयक दर्ता गरेको छ । उक्त विधेयक पारित भएपछि कुन एकाइमा कति कर्मचारी आवश्यक पर्छन् भनेर संगठन तथा व्यवस्थापन (ओएनएम) सर्भे गरिनेछ । र, त्यसैअनुसार कर्मचारीको दरबन्दी कायम गरी हाल कार्यरत कर्मचारीलाई त्यसमा समायोजन गरिनेछ । अपुग कर्मचारी सम्बन्धित तहले भर्ना गर्नेछ । सामान्य प्रशासन मन्त्रालयकी सहसचिव नीता पोखरेल अर्याल भन्छिन्, "समायोजन विधेयक पारित भएको ६ महिनामा ओएनएम सर्भे सक्ने र त्यसपछिको छ महिनामा कर्मचारी समायोजन गरिसक्छौं । एक वर्षभित्र नयाँ संरचनामा कर्मचारी व्यवस्थापनको टुंगो लगाउने सोच हो ।"

अहिले स्थानीय तहमा खटाइएका कर्मचारीमा सधैंभरि त्यही तहमा संकुचित भएर बस्नुपर्ने, अन्यत्र सरुवा भई जान वा वृत्तिविकासका क्रममा माथि–माथिका पदमा जान नपाइने भय छ । स्थानीय, प्रदेश र संघीय गरी तीन तहका सरकारले आफ्नो प्रशासन सञ्चालन गर्न आफ्नै सेवा–समूह सञ्चालन गर्ने, आफैंले कर्मचारी भर्ना तथा सरुवा गर्न पाउने व्यवस्था नयाँ संविधानले गरेपछि अहिले भइरहेका कर्मचारीलाई कुन

स्थानीय सरकारमा कर्मचारी समायोजनको अन्तरिम ढाँचा

गाउँपालिकामा रहने कर्मचारी

- कार्यकारी अधिकृत (उपसचिव/शाखा अधिकृत)
- इन्जिनियर (सिभिल)
- प्रशासन सहायक (नायब सुब्बा/खरिदार)
- लेखापाल/सहलेखापाल
- सब इन्जिनियर (सिभिल)
- कम्प्युटर अपरेटर
- कार्यालय सहयोगी

गाउँपालिकाको वडामा रहने कर्मचारी

- वडा सचिव (नायब सुब्बा/खरिदार)
- प्रशासन सहायक
- कार्यालय सहयोगी

नयाँ उपमहानगर/नगरपालिकामा रहने कर्मचारी

- कार्यकारी अधिकृत (उपसचिव)
- डिभिजिनल इन्जिनियर/इन्जिनियर (सिभिल)
- कम्प्युटर अधिकृत/अपरेटर
- लेखा अधिकृत
- नायब सुब्बा
- सब इन्जिनियर (सिभिल)
- कार्यालय सहयोगी
- सवारी चालक

नयाँ उपमहानगर/नगरपालिकाको वडामा रहने कर्मचारी

- वडा सचिव (नायब सुब्बा)
- प्रशासन सहायक (खरिदार)
- कार्यालय सहयोगी

नयाँ महानगरपालिकामा रहने कर्मचारी

- कार्यकारी अधिकृत (सहसचिव)
- डिभिजिनल इन्जिनियर/इन्जिनियर (सिभिल)
- कम्प्युटर अधिकृत/कम्प्युटर इन्जिनियर
- लेखा अधिकृत
- नायब सुब्बा
- सब इन्जिनियर (सिभिल)
- कार्यालय सहयोगी
- सवारी चालक

नयाँ महानगरपालिकाको वडामा रहने कर्मचारी

- वडा सचिव (शाखा अधिकृत)
- प्रशासन सहायक (नायब सुब्बा)
- कार्यालय सहयोगी

कर्मचारी संख्या

- पुराना नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका तथा तिनका वडामा पुरानै दरबन्दी बमोजिम हुने ।
- यीबाहेक विभिन्न सरकारी सेवा तथा निकायबाट खटिएका आवश्यकताअनुसारका कर्मचारीहरू सबै गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिकामा हुने)

तहमा कसरी समायोजन गर्ने भन्ने अन्योल र जटिलता सिर्जना भएको छ। नेपाल सरकारकै प्रशासन र अन्य समूहका कर्मचारीबीचको द्वन्द्व त छँदै छ । अझ स्थानीय तहमा यसअघि नै गाविस र जिविसले नियुक्त गरेका करिब २० हजार कर्मचारी छन्। राजनीतिक आधारमा भर्ती गरिएका उनीहरू लोक सेवा आयोगद्वारा छानिएका नेपाल सरकारका ८३ हजार कर्मचारीसरहको व्यवहार, अवसर र जिम्मेवारी खोजिरहेका छन् । त्यो द्वन्द्व सतहमा आउँदा परिस्थिति झनै जटिल बन्ने देखिएको छ।

यसरी हुन्छ समायोजन

कर्मचारी समायोजन सहजताका लागि समायोजन विधेयकसँगै संघीय निजामती सेवा ऐन, प्रदेश तहको निजामती ऐन र स्थानीय तहको कर्मचारी प्रशासन सञ्चालनसम्बन्धी ऐन गरी चारवटा कानुन तत्काल बन्नुपर्ने आवश्यकता छ। यी कानुन बनाउनका निम्ति विज्ञहरूको समितिले ३२ बुँदे सिद्धान्त सिफारिस गरेको छ। अधिकार सम्पन्न संघीय प्रशासनिक पुन:संरचना कार्यान्वयन समितिका अध्यक्ष काशीराज दाहालका अनुसार, उक्त सिफारिसमा कर्मचारी समायोजन भइसकेपछि निश्चित प्रतिशत प्रतिस्पर्धाका आधारमा संघ (केन्द्र)मा आउन सक्ने व्यवस्था गर्नुपर्ने समेत उल्लेख छ। "यसले भोलि वृत्तिविकासका सम्भावना संकुचित हुन्छन् कि भन्ने कर्मचारीहरूको आशंकालाई केही हदसम्म सम्बोधन गर्छ," उनी भन्छन्, "अहिलेको खाइपाइ आएको सेवा सुविधामा कम नहुने, प्रदेश वा स्थानीय सरकारले दिन नसके संघले नै व्यवस्था गर्ने कानुनी प्रत्याभूति हुनुपर्छ।"

समायोजन विधेयकको दफा ७ मा कुन कर्मचारी कुन तहमा समायोजन हुने भनेर पाँचवटा आधार र तिनका प्राथमिकतासमेत निर्धारण गरेको छ। पहिलो आधार कर्मचारीको पद, समायोजन हुने पदको कार्यविवरण र त्यसको सान्दर्भिकतालाई मानिएको छ। अर्थात्, कुनै कर्मचारीले अहिले गरिरहेको काम स्थानीय, प्रदेश वा संघ जुन तहमा पर्छ, उसलाई त्यहीँ समायोजन गरिनेछ । कर्मचारीले रोजेको संघ, प्रदेश वा स्थानीय तह अर्को आधार रहेको छ। कार्यरत पदको ज्येष्ठता, कार्यरत रहेको स्थान र कर्मचारीको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको ठेगानाका आधारमा समेत कर्मचारीको समायोजन गरिने विधेयकमा उल्लेख छ।

यसरी समायोजन गरेपछि पठाएको ठाउँमा म्यादभित्र हाजिर नहुने कर्मचारीलाई सेवाबाटै निकाल्ने व्यवस्थासमेत प्रस्तावित कानुनमा गरिएको छ । यस कानुनबमोजिम संघ, प्रदेश वा स्थानीय तहमा समायोजन हुन नचाहने कर्मचारीले स्वेच्छिक अवकाश लिन सक्नेछन् । समायोजन भएका कर्मचारीलाई भने थप सुविधा दिन सक्ने भनिएको छ तर केकस्तो सुविधा पाउने भन्ने विधेयकमा स्पष्ट छैन । मुख्यसचिव सुवेदी भन्छन्, "केकस्तो सुविधा दिने भन्ने कुरा सरकारको स्रोत साधन हेरी निर्णय गरिन्छ। यो कुरा नियमावली वा सरकारले निर्णय गरेर निर्धारण गर्न सकिन्छ।"

स्थानीय सरकारमा गाभिने कार्यालय/कर्मचारी

▪ कृषि सेवा केन्द्र/उपकेन्द्र ▪ पशु सेवा केन्द्र/उपकेन्द्र ▪ प्राथमिक स्वास्थ्य केन्द्र ▪ स्वास्थ्य चौकी/उपचौकी ▪ आयुर्वेद औषधालय ▪ शिक्षा स्रोत केन्द्र ▪ सामुदायिक सूचना केन्द्र ▪ सामुदायिक पुस्तकालय ▪ सामुदायिक भवन ▪ सरकारी वृद्धाश्रम ▪ खेलकुदसम्बन्धी कार्यालय ▪ विभिन्न योजना वा कार्यक्रमबाट सम्पन्न खानेपानी ▪ सिँचाइ ▪ महिला विकास ▪ वन ▪ भूसंरक्षण ▪ घरेलु उद्योग ▪ भवन तथा सहरी विकास ▪ नगर विकास समिति ▪ सडक ▪ श्रम ▪ पर्यटन ▪ वाणिज्य ▪ सहकारी ▪ युवा कार्यालय

स्थानीय तहलाई तोकिएको कार्य जिम्मेवारीभित्रका जिल्ला, नगर वा गाउँस्तरका सरकारी स्वामित्वका संघ, संस्था, समिति, संरचना वा निकाय पनि स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने ।

स्रोत : स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापनसम्बन्धी आदेश, २०७४

एक तह बढुवा नदिने

अब सरकारी सेवाका करिब ८० प्रतिशत कर्मचारी स्थानीय तहमा हुनेछन् । केन्द्रमा मन्त्रालय र विभागको संख्या घटाउने तयारी भइरहेको छ । प्रशासन पुनःसंरचना आयोगले हालका ३१ वटा मन्त्रालयबाट घटाएर १२ वटा मन्त्रालयमा सीमित गर्नुपर्ने भने पनि मुख्यसचिव नेतृत्वको अर्को संयन्त्रले १६ वटा मन्त्रालय सिफारिस गरेको छ । तर, राजनीतिक नेतृत्वले १८ वटा मन्त्रालय राख्न चाहेको छ। मन्त्रालयहरू करिब आधा घट्ने, विभागहरू प्रायः नरहने भएपछि ठूलो संख्याका कर्मचारीले राजधानी छाड्नुपर्नेछ। दाहालका अनुसार, अब २० देखि २२ प्रतिशतभन्दा बढी कर्मचारी केन्द्रमा हुने छैनन् । ठूलो संख्याका कर्मचारीलाई बाहिर पठाउनुपर्ने भएकाले यही मौकामा ट्रेड युनियनहरू बार्गेनिङमा उत्रिएका छन् ।

ट्रेड युनियनहरूले एक तह बढुवा दिएर प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन गर्नुपर्ने माग राखेका छन्। मुलुकभरको फराकिलो निजामती प्रशासन सेवामा अभ्यस्त कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा संकुचित गर्दा काममा उत्साह नहुने र मनोबल कमजोर हुने भन्दै एक तह बढुवाको माग अघि सारेका हुन् । तर, यो मागप्रति विज्ञहरूको आयोग एवं उच्च प्रशासनिक नेतृत्व सकारात्मक छैन । ०६२/६३ को आन्दोलनलगत्तै स्वतः बढुवा गर्दा यसअघि निजामती प्रशासनमा बेथिति सिर्जना भएको र त्यो व्यवस्थापन गर्नै नसक्ने अवस्था आएपछि हटाउनुपरेको थियो। अहिले एक तह बढुवा गर्दा पनि त्यही अवस्था सिर्जना हुन सक्ने सरकारी अधिकारी एवं विज्ञहरूको भनाइ छ । दाहाल भन्छन्, "एक तह बढुवाको कुरा राजनीतिक नारा मात्र हो।"

संसद्का कर्मचारीको बेग्लै अडान

निजामती सेवाअन्तर्गत स्वास्थ्य सेवाका धेरैजसो कार्यालय र जनशक्ति स्थानीयस्तरमै भएकाले अन्तरिम व्यवस्थापन र समायोजन गर्न खासै समस्या देखिएको छैन । न्यायपालिका यसअघि नै संघीय ढाँचामा रूपान्तरित भइसकेको र न्याय प्रशासन पुरानै शैलीको हुने भएकाले त्यसमा पनि जटिलता कम छन् । तर, संसद् सचिवालयका कर्मचारी भने तल्लो तहमा समायोजन हुन मानिरहेका छैनन्।

स्थानीय र प्रदेश तहका व्यवस्थापिकालाई विधायन लगायतका संसदीय प्रक्रियाको अनुभव र ज्ञान आवश्यक भए काजमा गएर सिकाउन सकिने तर त्यहीँ समायोजन भएर बस्न नसकिने सचिवालयका अधिकारीहरूको जिकिर छ। साथै, सरकारले जबर्जस्ती आफूलाई स्थानीय वा प्रदेश तहमा खटाउन नसक्ने उनीहरूको तर्क छ । यसअघि पनि तल्ला तहमा कार्यालय नभएको, यहीँ पनि कर्मचारी अपुग रहेको भन्दै संसद् सचिवालयले प्रदेश व्यवस्थापिका र स्थानीय तहमा कर्मचारी पठाउन अस्वीकार गरेको हो । सचिवालयका सहसचिव सुरजकुमार दुरा भन्छन्, "४ सय ३५ कर्मचारीको दरबन्दी रहेको संसद्मा जम्मा २ सय ६५ कर्मचारी बहाल छन्। अहिले नै हामीकहाँ जनशक्ति अपुग छ। बाहिर त कसरी पठाउने ?"

जनप्रतिनिधिले खोजे आफ्नै कर्मचारी

समायोजन विधेयकअनुसार, हालका निजामती कर्मचारीलाई समायोजन गरिसकेपछि अपुग भएका पदमा संघ, प्रदेश वा स्थानीय तह आफैँले नयाँ कर्मचारी भर्ना गर्नेछन् । पुराना कर्मचारी निवृत्त भएपछि ती दरबन्दीमा पनि सम्बन्धित तहको सरकारले नै भर्ना गर्नेछ । तर, केही जनप्रतिनिधिले अहिलेदेखि नै स्थानीय सरकारले आफैं कर्मचारी भर्ना गर्न पाउनुपर्ने दाबी गर्न थालेका छन् । केन्द्रबाट पठाइएका कर्मचारी आफूप्रति जवाफदेही नहुने, सरुवा भएर अन्यत्रै जाने, स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिसँग द्वन्द्व भइरहने भन्दै उनीहरू आफैं कर्मचारी नियुक्त गर्न पाउनुपर्ने तर्क गरिरहेका छन् ।

आफूले कारबाही वा सरुवा गर्न नसक्ने भएपछि ती कर्मचारीले आफूले भनेअनुरूप काम पनि नगर्ने नवनिर्वाचित जनप्रतिनिधिहरूको गुनासो छ। नीलकण्ठ नगरपालिका, धादिङका मेयर भीमप्रसाद ढुंगाना भन्छन्, "स्थानीय विकास मन्त्रालयले पठाएका कर्मचारीले हामीलाई टेर्दैनन्। उनीहरू माथिबाट आएको भन्ठान्छन् र केन्द्रप्रति नै जवाफदेही बन्न खोज्छन्। कामको दायित्व मात्र हामीलाई दिने तर वातावरण नदिने हो भने स्थानीय सरकार सफल हुन सक्दैन।" ♦

होला, ७ माघसम्म

सीताराम बराल

यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको संविधानसभा यो संविधान प्रारम्भ भएपछि व्यवस्थापिका-संसद्मा स्वतः रूपान्तरण हुनेछ र त्यस्तो व्यवस्थापिका-संसद्को कार्यकाल संवत् २०७४ साल माघ ७ गतेसम्म कायम रहनेछ ।

संविधानको धारा २९६ (१)

संविधान जारी भएपछि व्यवस्थापिका-संसद्मा रूपान्तरित भएको वर्तमान संसद्को कार्यकाल ७ माघसम्मका लागि मात्र हो, ०७२ मा जारी संविधानअनुसार । संविधानले नै व्यवस्थापिका-संसद्को कार्यकाल तोकिदिएकाले ७ माघअगावै नयाँ संसद्को निर्वाचन नगर्ने हो भने मुलुक संसद्विहीन हुनेछ। संवैधानिक संकट सिर्जना हुनेछ । जनआन्दोलनका उपलब्धिहरू धरापमा पर्न सक्नेछन् ।

एकातिर गणतन्त्र, संघीयता, धर्मनिरपेक्षताजस्ता राजनीतिक उपलब्धि जोगाउन र संवैधानिक संकट सिर्जना हुन नदिन ७ माघअगावै नयाँ प्रतिनिधिसभा निर्माण हुन जरुरी छ भने अर्कोतिर संघीयताको व्यावहारिक कार्यान्वयनका लागि प्रदेशसभाको निर्वाचन जरुरी छ। प्रदेशसभाको निर्वाचन हुनसक्यो भने मात्र संविधानमा अंकित संघीयताले मूर्त रूप पाउन सक्छ।

यसबाहेक संविधानले राष्ट्रपति/उपराष्ट्रपति र राष्ट्रियसभाको निर्वाचनमा प्रदेशसभाका सदस्यहरू मतदाता हुने व्यवस्था गरेको छ । त्यसैले राष्ट्राध्यक्ष चयन र उपल्लो सदनलाई पूर्णता दिनसमेत प्रदेशसभाको निर्वाचन समयमै हुनु अत्यावश्यक छ । तर, के ७ माघअगावै प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन होला त ? सत्तारूढ माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ भन्छन्, "तर त्यसका लागि राजनीतिक नेतृत्वलाई जनस्तरबाटै दबाब जरुरी छ। अहिलेको स्थितिमा दबाबले मात्र निर्धारित समयभित्रै निर्वाचन सुनिश्चित गर्न सक्छ।"

तर, सत्तारूढ दलकै नेताले तोकिएको समयभित्र निर्वाचन गर्नसमेत दबाबको अपेक्षा गर्नुले ७ माघअघि प्रदेश र प्रतिनिधिसभाको



चुनाव ?

आगामी चुनाव हुने नहुने कुरा राजनीतिक इच्छाशक्तिमा निर्भर

निर्वाचन हुने भन्दा नहुने सम्भावना ज्यादा छ । एमालेका नेता एवं पूर्व कानूनमन्त्री अग्नि खरेल पनि ७ माघभित्र प्रतिनिधिसभाको निर्वाचन हुनेमा आशंका व्यक्त गर्छन् । तर पूर्वउपप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधि भने व्यवस्थापिका-संसद्को कार्यकाल सकिनु भन्दा दुई महिनाअघि नै नयाँ संसद्को चुनाव हुनेमा विश्वस्त छन् । भन्छन्, "१४ असारमा तीन प्रदेशमा स्थानीय तह निर्वाचन भएपछि सम्पूर्ण राज्यसंयन्त्र प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनमा केन्द्रित हुन्छ । र, मंसिर दोस्रो साताभित्र सबै तहका निर्वाचन सम्पन्न भइसक्छ ।"

चुनौतीका पहाड

२ असोजका लागि सारिएको प्रदेश-२ को स्थानीय तहको चुनाव समेत हुने-नहुने भन्न सकिने स्थिति छैन । निर्वाचनको एउटा महत्वपूर्ण पक्ष राष्ट्रिय जनता पार्टी (राजपा) चुनावमा आउने/नआउने ठेगान छैन । खासमा ७ माघभित्र प्रदेश र प्रतिनिधिसभाको चुनाव हुनसक्छ कि सक्दैन भन्ने कुराको एउटा निर्धारक प्रदेश-२ को स्थानीय निर्वाचन हो ।

प्रदेश-२ मा स्थानीय तहको निर्वाचनबाहेक निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन र निर्वाचन क्षेत्र (प्रदेश र प्रतिनिधिसभा) निर्धारणका जटिलताहरू कसरी फुक्छन्, ७ माघअगावै चुनावलाई त्यसैले निर्धारण गर्छ । यससँगै मौसमी प्रतिकूलताको अप्ठेरो पनि छ । किनभने मध्य मंसिरदेखि फागुनसम्म हिमाली जिल्लामा चुनाव हुन नसक्ने भएकाले मंसिर पहिलो साता निर्वाचन गरिसक्नुपर्ने बाध्यता छ ।

प्रदेश–२ को निर्वाचन : चैत मसान्तमा हुने भनिएको स्थानीय तहको चुनाव असोजसम्मै धकेलिएको छ । सरकारले भने चुनाव २ असोजका लागि सर्नुमा राजपाको असन्तुष्टि र मौसमलाई कारण बताएको छ । निश्चय नै, राजपा आफ्ना मागको संशोधनसहित संविधान संशोधन नहुन्जेल चुनावमा भाग नलिने र चुनाव पनि हुन नदिने धम्की दिँदै आएको छ । सत्तारूढ नेपाली कांग्रेसका नेता निधि १४ असारमा दोस्रो चरणको निर्वाचन सम्पन्न भएलगत्तै राजपालाई सहमतिमा ल्याउन प्रयास थालिने बताउँछन् । उनका अनुसार, समय तीन महिना बाँकी रहेकाले राजपालाई समेत सहमतिमा ल्याउन सकिने सम्भावना प्रबल छ ।

तर, अर्को तथ्य के पनि हो भने, प्रमुख प्रतिपक्षी एमालेको सहमतिबिना प्रदेशहरूको पुनःसीमांकनसहित संविधान संशोधनका लागि दुई तिहाइ बहुमत जुट्ने सम्भावना छैन । एमाले नेता खरेल राजपालाई सहमत गराउने नाममा संविधान संशोधनका लागि आफ्नो पार्टी तयार नहुने बताउँछन् । उनका भनाइमा, यो कुरा कांग्रेस र माओवादी केन्द्रका साथै राजपाका नेताहरूले समेत राम्रैसँग बुझेका छन् । त्यसैले बढ्दो दबाबका कारण संशोधनको मुद्दा थाती राखेर राजपा चुनावमा आउने वातावरण तयार हुन पनि सक्छ । माओवादी नेता श्रेष्ठ भन्छन्, "संविधान संशोधन र राजपा चुनावमा आउने सम्भावना ५० प्रतिशत छ भने संविधान संशोधन नहुने र राजपा चुनावमा नआउने सम्भावना पनि ५० प्रतिशत नै छ ।"

निर्वाचन क्षेत्र निर्धारण : प्रदेश-२ मा स्थानीय तह चुनाव हुनसक्यो भने बाँकी दुई चुनावका लागि मार्ग खुल्न त सक्छ । तर, लगत्तै अर्को समस्या देखिनेछ । त्यो हो, निर्वाचन क्षेत्रसम्बन्धी समस्या । विगतका अनुभव हेर्ने हो भने निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन मात्र होइन, आयोग बनेपछि क्षेत्र निर्धारणमा समेत दलहरूबीच तीव्र विवाद भएका उदाहरण छन् । र, त्यसले गर्दा निर्वाचनकै मितिसमेत सरेका छन् । जस्तोः ०६४ असारमा गर्ने भनिएको संविधानसभा निर्वाचनमा निर्वाचन क्षेत्र निर्धारण नहुँदा मंसिरका लागि सारिएको थियो । मंसिरमा पनि हुन नसकेपछि त्यो निर्वाचन २८ चैत ०६४ मा भएको थियो ।

संविधानअनुसार, प्रत्यक्ष निर्वाचनबाट १ सय ६५ र समानुपातिकबाट १ सय १० गरी जम्मा २ सय ७५ सदस्यीय प्रतिनिधिसभा हुन्छ । अर्थात्, प्रत्यक्षतर्फबाट निर्वाचित हुने विधायकको संख्या हाल २ सय ४० रहेकामा अब ७५ सिट घट्नेछ । यसअघि समानुपातिकबाट ३ सय ५५ विधायक निर्वाचित हुने गरेकोमा अब १ सय १० मात्र चुनिनेछन् ।

राजनीतिक दलहरूबीच सबैभन्दा पहिलो

झमेला आयोगमा आफ्ना प्रतिनिधि पठाउनका लागि हुनेछ । किनभने आयोगको आकार धेरै ठूलो छैन । सर्वोच्च अदालतका सेवानिवृत्त न्यायाधीशको अध्यक्षतामा गठन गरिने आयोगमा नेपाल सरकारको विशिष्ट श्रेणीका अधिकृत (सचिव) सदस्य-सचिव रहने व्यवस्थासहित तीन सदस्य मात्र हुन्छन् । आयोगको तीन सदस्यमा आआफ्ना प्रतिनिधि पठाउन तीन ठूला दलले दाबी गर्नेछन् । त्यसबाहेक राजपा, संघीय समाजवादी फोरम र राप्रपालगायतका दलले पनि आयोगमा दाबेदारी प्रस्तुत गर्नेछन् । ०६३ मा पनि यस्तै समस्या देखिएको थियो । उतिबेला पनि अध्यक्ष र सदस्य-सचिवबाहेक तीन सदस्य मात्र रहने आयोगमा नेपाली कांग्रेस, नेपाली कांग्रेस (प्रजातान्त्रिक) र एमालेका प्रतिनिधि मात्र थिए । यसमा माओवादीले असन्तुष्टि जनाएपछि आमन्त्रित सदस्यको मात्र हैसियत रहने गरी विद्यावीरसिंह कंसाकारलाई थपेर माओवादीलाई थुम्थुम्याइएको थियो ।

जसोतसो ११ चैत (०६३) मा आयोग गठन भयो, १९ दिन लगाएर आयोगले २९ चैतमा सरकारलाई प्रतिवेदन पनि बुझायो । तर, प्रतिवेदनप्रति दलका नेताहरू असन्तुष्ट देखिए । ४२ दिनसम्म संसद् अवरुद्ध भयो र मन्त्रिपरिषद्ले १० असार (०६४) मा आयोगलाई निर्वाचन क्षेत्र पुनरावलोकनका लागि अनुरोध गर्नुपर्‍यो ।

यो स्थिति आउनुको कारण थियो, आयोगले निर्धारण गरेको निर्वाचन क्षेत्र दलका प्रभावशाली नेताहरूले आफू अनुकूल नदेख्नु । उतिबेला २ सय ५ निर्वाचन क्षेत्रलाई बढाएर २ सय ४० पुर्‍याउँदा त त्यत्रो विवाद भयो भने अहिले २ सय ४० बाट ७५ वटा निर्वाचन क्षेत्र घटाएर १ सय ६५ मा झार्नुपर्ने चुनौती छ । यसले गर्दा जिल्ला-जिल्लामा प्रतिस्पर्धी नेताहरूबीचको स्वार्थ बाझ्नेछ । त्यसले निर्वाचन क्षेत्र निर्धारण गर्न जटिल हुनेछ । तत्कालीन आयोगका सदस्य समाजशास्त्री डम्बर चेम्जोङ भन्छन्, "आफूले चनाच्यूरा खुवाउँदै आएका मतदाता निर्वाचन क्षेत्र निर्धारण गर्दा अर्कै क्षेत्रमा परे भने भोटका लागि नयाँ मतदातालाई चनाच्यूरा खुवाउनुपर्छ, त्यसो गर्दा पनि जितिन्न कि भन्ने भय हुन्छ नेताहरूमा । त्यसैले यस पटक पनि निर्वाचन क्षेत्र निर्धारण कार्य जटिल हुने देखिन्छ ।"

संविधानसभा निर्वाचन (०६४ र ०७०) का लागि क्षेत्र निर्धारण होस् वा स्थानीय तहहरूको निर्माण- भूगोल कि जनसंख्यालाई प्राथमिकता दिने भन्ने विषय सधैँ चर्को बहस र विवादको विषय बन्दै आएको छ । हुन त, संविधानले जनसंख्यालाई मुख्य र भूगोललाई दोस्रो आधार मान्नुपर्ने भनेको छ । तर मधेसवादी दलले भूगोलभन्दा जनसंख्यालाई प्राथमिकता दिनुपर्ने माग फेरि पनि उठाउन सक्छन् । आफ्नो सहमतिबिना आएको संविधान भएकाले जनसंख्यालाई प्राथमिकता दिने कि भूगोललाई भन्ने विषयमा उनीहरूले किचलो गर्न सक्छन् ।

निर्वाचन तयारीका लागि कम्तीमा दुई महिना आवश्यक पर्ने पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेती बताउँछन् । मौसमका कारण मंसिरमा निर्वाचन गर्नैपर्ने बाध्यता रहेकाले भदौभित्र प्रदेशसभा र प्रतिनिधिसभाका निर्वाचन क्षेत्र निर्धारण गरिसक्नुपर्ने उप्रेतीको कथन छ । असारभित्र आयोग गठन भएन भने भदौ पहिलो साताभित्र निर्वाचन क्षेत्र निर्धारण गर्न कठिन हुन्छ । तर, यति महत्वपूर्ण विषयमा सहमतिमा पुग्नु त परै जाओस्, दलहरूले छलफलसमेत आरम्भ गरेका छैनन् । प्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादवले यस विषयमा दलहरूको ध्यानाकर्षण गराउन थालिसकेका छन् । सत्तारूढ कांग्रेस र माओवादी केन्द्रका शीर्ष नेतासँग १ असारमा भएको बैठकमा यादवले मुख नै खोले, "आयोगले प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन एकै पटक गर्न सक्दैन । त्यसैले निर्वाचन क्षेत्र निर्धारणमा अहिल्यैदेखि ध्यान दिनुहोला ।"

संविधान संशोधन : मधेसवादी दलहरूको मुख्य माग प्रदेशको पुनःसीमांकन हो । सत्तारूढ दलहरूले सीमांकन आयोग बनाउने र आयोगको प्रतिवेदनअनुसार प्रदेशको पुनःसीमांकन गर्ने सहितको संविधान संशोधन प्रस्ताव व्यवस्थापिका-संसद्मा दर्ता गराएका छन् । मधेसकेन्द्रित दलहरूको मागचाहिँ सो आयोगले दिने सुझाव बाध्यकारी हुनुपर्ने भन्ने छ । तर त्यसलाई बाध्यकारी बनाउन सकिँदैन, किनभने त्यसको संवैधानिक र कानुनी आधार कमजोर हुन्छ । यो रस्साकस्सीमा संविधान संशोधनको प्रक्रिया थप जटिल हुन सक्नेछ । र, यसले निर्वाचनलाई थप अनिश्चित बनाइदिन सक्छ ।

सत्ता लम्ब्याउने चाहना : राजपा चुनावमा आउने/नआउने टुंगो नलाग्दै प्रधानमन्त्री देउवाको प्रस्तावमा प्रदेश-२ को निर्वाचन २ असोजमा हुने निर्णय गरियो । एकथरीको बुझाइ

के छ भने, सत्ता लम्ब्याउने योजनाअनुसार देउवाले निर्वाचन सार्ने निर्णय गरेका हुन् । माओवादीका एक नेताको दाबीमा, प्रदेश-२ मा २ असोजमै स्थानीय तह निर्वाचन भयो भने देउवाले दुई महिनाभित्र दुई-दुईवटा निर्वाचन गर्न नसकिने बताउँदै वैशाख-जेठमा गर्ने गरी संविधान संशोधनमार्फत व्यवस्थापिका-संसद्को कार्यकाल लम्ब्याउने प्रस्ताव ल्याउन सक्छन् । प्रधानमन्त्रीसमेत रहेका सबैभन्दा ठूलो दलका नेताले नै त्यस्तो प्रस्ताव ल्याए भने अरूले पनि त्यसलाई स्वीकार गर्नुबाहेक विकल्प रहँदैन ।

संविधान संशोधनमार्फत व्यवस्थापिका-संसद्को आयु लम्बिँदा त्यसको लाभ स्वतः माओवादी केन्द्रलाई हुनेछ । सत्ताको बलमा उसले आफ्नो पार्टी संगठन थप मजबुत बनाउने अवसर पाउनेछ । व्यवस्थापिका-संसद्को आयु लम्बिँदा एमालेलाई पनि लाभ हुनसक्छ । आफू पनि सत्तामा पुग्ने योजनासाथ व्यवस्थापिका-संसद्को आयु लम्ब्याउने देउवाको योजनामा प्रमुख प्रतिपक्षी एमाले पनि सहयोगी भइदिन सक्छ ।

चाहँदा सहज

निर्वाचनका अवरोधहरू बग्रेल्ती छन् तर मंसिरमै तीन तहको निर्वाचन गरिसक्नुपर्ने बाध्यता पनि छ । ७ माघ आउन सात महिना पनि छैन । निर्वाचन क्षेत्र निर्धारणका लागि आवश्यक पर्ने ऐन चैतमा पारित भइसके पनि प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनसम्बन्धी ऐन अझै निर्माण हुन सकेका छैनन् । तर पूर्व कानुनमन्त्री अजयशंकर नायक यी दुई ऐन नबन्नुलाई त्यति ठूलो समस्या मान्दैनन् । नायकका भनाइमा, निर्वाचन क्षेत्र निर्धारण गर्ने क्रममा नै आवश्यक यी दुई ऐन ल्याएर सरकारले कानुनी जटिलता फुकाइदिन सक्छ ।

निर्वाचन आयोग, सरकार र राजनीतिक दलहरू प्रतिबद्ध हुने हो भने ६ महिना अवधि पनि प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन गर्न पर्याप्त हुने बताउँछन् जानकारहरू । उनीहरूका भनाइमा, राजपालाई सहमतिमा ल्याउनेबाहेक निर्वाचनका लागि सबैभन्दा ठूलो समस्या निर्वाचन क्षेत्र निर्धारणको हो । यो आयोग गठन गर्ने हो भने त्यसले द्रुतगतिमा काम गरेर थोरै समयमा पनि क्षेत्र निर्धारणको काम गर्न सक्छ । ०६४ मा पनि यसैगरी द्रुतगतिमा काम गरेर आयोगले क्षेत्र निर्धारण गरेको थियो ।

उतिबेला आयोगलाई जम्मा १५ दिनको समयावधि दिइएको थियो । समय अपुग भएपछि थप गरिएको चार दिनभित्रै आयोगले सरकारलाई प्रतिवेदन बुझाउन सक्यो । भलै, परिवर्तित निर्वाचन क्षेत्र आफू अनुकूल नहुँदा सबै दलका नेता-सांसदहरूले विरोध गरे, जसले गर्दा फेरि त्यसको पुनरावलोकन गर्नुपर्‍यो र त्यसका लागि थप केही समय लाग्यो । तत्कालीन आयोगका सदस्य डम्बर चेम्जोङका भनाइमा, निर्वाचन क्षेत्र जनसंख्या र भूगोलको सन्तुलन मिलाएर गर्ने भएकाले केही प्रक्रिया पुर्‍याउनेबाहेक यसका लागि धेरै समय लाग्दैन । राजनीतिक सहमति हुने हो भने एक महिनाभित्र मज्जासँग क्षेत्र निर्धारण हुनसक्ने स्थिति रहेको उनी बताउँछन् ।

जहाँसम्म तयारीका लागि निर्वाचन आयोगलाई लाग्ने समयको कुरा हो, आयोगले स्थानीय निर्वाचनका लागि १ सय २० दिनको समय माग गरेको थियो । यति धेरै समय माग गर्नुका केही कारण थिए । निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौडेल भन्छन्, "राजनीतिक वातावरण बन्ने र आवश्यक कानुन निर्माण हुने हो भने पहिलेभन्दा छोटो समयमा आयोगले निर्वाचन सम्पन्न गर्न सक्छ ।"

निर्वाचनका लागि दलहरू तयार हुने हो भने, यस्ता समस्या कति चाँडो समाधान हुँदा रहेछन् भन्ने बुझ्न ४ मंसिर ०७० को दोस्रो संविधानसभा निर्वाचनअघिको एउटा उदाहरण पर्याप्त छ । जस्तो कि, आफूले जित्ने विश्लेषणसाथ तीनै ठूला दल मंसिरमा नै निर्वाचनमा जान तयार थिए । दलहरूको यही मुड बुझेर अन्तरिम मन्त्रिपरिषद्ले संविधानसभा निर्वाचन अध्यादेश पारित, निर्वाचन मितिको घोषणा र निर्वाचन क्षेत्र निर्धारण आयोग एकै दिन (३० जेठ ०७०) घोषणा गरिदियो । त्यसपछि निर्वाचनका सम्बन्धमा देखिएका धेरैजसो तगारा हटे । निर्वाचन सम्बन्धमा आवश्यक पर्ने ऐन र अन्य आवश्यक निर्णय सरकारले यसैगरी गर्न सक्छ ।

निर्वाचनका लागि सबैभन्दा अनकूल अवस्था चाहिँ राजनीतिक दल र मतदाताहरूमा चुनावी मानसिकता सिर्जना हुनु हो । यस्तो मानसिकता अहिले दल र मतदाता दुवैतिर देखिएको छ । कार्यकर्ता र मतदाताहरूमा देखिएको यही मानसिकताका कारण चुनाव बहिष्कारको नीति लिएको नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ताहरू समेत पार्टी नीति विपरीत रोल्पाको थवाङमा चुनावी प्रतिस्पर्धामा छन् । राजपाका नेता-कार्यकर्ताले पनि नवलपरासी, रूपन्देही र कपिलवस्तुको स्थानीय निकायमा प्रतिस्पर्धा गर्दैछन् । जटिल मानिएको स्थानीय निर्वाचन त भयो भने बाँकी निर्वाचन किन हुन नसक्ने भन्ने आत्मविश्वास सबैमा पलाएको छ ।

व्यवस्थापिका-संसद्को कार्यकाल सकिनुअगावै चुनाव हुनेमा शंका व्यक्त गरिए पनि प्रधानमन्त्री देउवा मंसिरमा नै चुनाव गराउने मानसिकतामा रहेको बताउँछन्, कांग्रेसका नेता निधि । उनको भनाइमा, प्रधानमन्त्री देउवा १४ असारमा स्थानीय तहको दोस्रो चरणको निर्वाचन सम्पन्न गरेर बाँकी दुई चुनावका लागि आफूलाई केन्द्रित गर्ने पक्षमा छन् । निधि भन्छन्, "१४ असारपछि सम्पूर्ण राज्यसंयन्त्र प्रदेशसभा र प्रतिनिधिसभाको चुनावका लागि केन्द्रित हुन्छ । कसैलाई विश्वास नलागे पनि मंसिरभित्रै प्रदेशसभा र प्रतिनिधिसभाको चुनाव हुन्छ ।" ◆

मिसन मंसिर

असार
निर्वाचनका लागि निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गर्नु जरूरी छ । असार दोस्रो हप्ताभित्र आयोग गठन भयो भने एक महिनाभित्र निर्वाचन क्षेत्रको टुंगो लाग्न सक्छ ।

साउन
असार दोस्रो हप्ताभित्र निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गरिसक्ने हो भने त्यसले साउनभित्र फास्ट ट्र्याकबाट निर्वाचन क्षेत्र निर्धारण गर्न सक्छ ।

भदौ
साउनभित्र निर्वाचन क्षेत्र निर्धारण हुने हो भने मंसिरमा चुनाव सम्पन्न गर्ने गरी निर्वाचन आयोगले तयारी थाल्न सक्छ ।

असोज
२ नं प्रदेशमा स्थानीय तह निर्वाचन २ असोजका लागि तय भइसकेको छ । त्यसअगावै असन्तुष्ट पक्षलाई सहमतिमा ल्याउनु आवश्यक छ ।

कात्तिक
साउनभित्र निर्वाचन क्षेत्रहरूको टुंगो लाग्ने हो भने कात्तिकमा प्रदेशसभाको निर्वाचन हुने सम्भावना छ ।

मंसिर
निर्वाचन क्षेत्रको टुंगो लाग्ने र कात्तिक पहिलो हप्ता प्रदेशसभाको निर्वाचन हुने हो भने मंसिरमा प्रतिनिधिसभाको निर्वाचन हुनसक्छ ।

पुस/माघ
हिमाली जिल्लामा जाडो याममा चुनाव हुन नसक्ने भएकाले पुस-माघअगावै चुनाव सम्पन्न गर्नुपर्ने बाध्यता छ ।

दाउपे
लोकत

लोकतान्त्रिक कालखण्डमा भएका १० वटै चुनाव दाउपेचको सिकार

बाबुराम विश्वकर्मा

सरकारले राष्ट्रिय जनता पार्टी (राजपा)लाई सहभागी गराउनकै लागि स्थानीय तहको चुनावको मिति पाँचौं पटक सारेर प्रदेश-२ मा २ असोजमा गर्ने निर्णय लिएको छ। तर, सारिएको नयाँ मितिमा पनि राजपा चुनावमा सहभागी हुन्छ/हुँदैन टुंगो छैन। यसअघि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वको सरकारले मधेसवादी दलहरूलाई मनाउने नाममा स्थानीय चुनावको मिति चार पटक सारिसकेको छ। पहिलो पटक ३१ वैशाख, दोस्रो पटक ३१ वैशाख र ३१ जेठ, तेस्रो पटक ९ असार अनि चौथो पटक १४ असार। यीमध्ये ३१ वैशाखमा मात्र पहिलो चरणको स्थानीय चुनाव भयो, प्रदेश-३, ४ र ६ मा।

लोकतान्त्रिक प्रणालीमा एकै पटक

चको दुष्चक्रमा
ान्त्रिक चुनाव

तोकिएको तिथिमा स्थानीय तहको चुनाव हुन नसक्नु र पाँच पटक सर्नुको कारण देशमा अचानक विशेष परिस्थिति उत्पन्न भएको, संकटकाल लागेको वा निर्वाचन आयोगले प्राविधिक तयारी पूरा गर्न नसकेकाले होइन । कारण हो, ०७० को संविधानसभा चुनावबाटै व्यवस्थापिका संसद्मा प्रतिनिधित्व गरिरहेको राजपाको चुनाव विरोधी हठ र रवैया ।

राजपाको चुनाव विरोधी रवैया र त्यसको वरपर घुमिरहेको सत्तासीन दलको चुनाव धकेल्ने कदमले संविधानतः लोकतान्त्रिक व्यवस्था भएको देशमा स्थानीय तह, संघ र प्रदेशको चुनाव कसरी जटिल, चुनौतीपूर्ण र लेनदेनको विषय बनेको छ भन्ने प्रस्ट हुन्छ। लोकतन्त्रमा निष्पक्ष र धाँधलीरहित चुनावबाट नै सबै राजनीतिक मुद्दा र विवादको निरुपण हुन्छ। तर, यहाँ ठीक उल्टो भइरहेको छ। दुई वर्षअघि जारी संविधानले संघ, प्रदेश र स्थानीय तहको चुनाव ७ माघ ०७४ मा गरिसक्नुपर्ने व्यवस्था गरे पनि दलीय दाउपेचकै कारण समयमा चुनाव गर्न सहज छैन ।

त्यसो त, ००७-०१७ को १० वर्ष र ०४६-०७४ सम्मको २८ वर्ष गरी ३८ वर्षे लोकतान्त्रिक कालखण्डमा भएका स्थानीय, संसद् र संविधानसभाका चुनावलाई पनि राजनीतिक दल र सत्ताका खेलाडीले हमेसा दाउपेच र दुरुपयोगको सिकार बनाउँदै आएका छन्। त्यसकै पछिल्लो कडी मात्र हो, राजपाको चुनावविरोधी हठ। संविधानविद् विपिन अधिकारी भन्छन्, "चुनावमा जाँदा राजनीतिक शक्ति कमजोर हुने र कोठामा हुने लेनदेन बन्द हुने भएकाले चुनाव छल्ने प्रयास गरिएको हो । चुनावमा जाँदा दल, नेता र गुटको हैसियत परिवर्तन हुन्छ । त्यसैले निर्वाचनबाट भाग्न खोजिएको छ, यो लोकतन्त्रको विडम्बना हो ।"

हुन पनि लोकतन्त्रमा चुनावले सुशासन र स्थिरता दिने विश्वास गरिएको हुन्छ। तर, देशमा लोकतान्त्रिक कालमा भएका अधिकांश चुनावले देशलाई स्थिर शासन र समृद्धिको साटो अस्थिरता र कुशासन दिएका छन् । त्यसमा न लोकतन्त्रको दोष छ, न त जनताकै। राजनीतिक दल र सत्ताधारीको स्वार्थले देशमा सकभर चुनावै नहुने, चुनाव भए पनि कुनै न कुनै शक्ति त्यसको विरोध र बहिष्कारमा उत्रने, चुनावमा हार्नेले नतिजा अस्वीकार गर्ने, जीते सत्तामा पुगेर जनअभिमत विपरीत चल्ने प्रवृत्ति हाबी छ । हालसम्म भएका १० वटा लोकतान्त्रिक चुनाव र त्यसपछिको प्रवृत्तिले यिनै तथ्य पुष्टि गरेको छ *(हेर्नूस्: इन्फोग्राफिक्स)* ।

लोकतान्त्रिक प्रणालीमा प्रत्येक चार वा पाँच वर्षमा स्वतः चुनाव हुन्छ, हुनैपर्छ। तर, चुनावको दृष्टिबाट हाम्रो लोकतन्त्रको स्थिति असाध्यै नाजुक छ। *नेपाल*ले चार महिनाअघि गरेको संक्षिप्त सर्वेक्षणमा लोकतन्त्रका विविध सूचकमध्येको एक आवधिक निर्वाचनले ५ पूर्णांकमा १.७३ मात्र अंक प्राप्त गरेको थियो, जो खराब अवस्थाको सूचक हो *(हेर्नुस् : कागजी लोकतन्त्र, ८ फागुन ०७३)* । चुनावलाई दाउपेचका रुपमा प्रयोग गरिएकै कारण देशको लोकतान्त्रिक राजनीति सधैं निरीह बनेको छ । राजनीतिक मामिलाका टिप्पणीकार जुगल भूर्तेल भन्छन्, "पार्टीहरू सफल र सक्षम नभएकाले अहिलेसम्मका सबै निर्वाचन असफल भएका छन् । क्षमता र सामर्थ्य नहुने नेतृत्वले चुनावलाई दाउपेच र दुरुपयोग मात्र गर्छ, देशमा पहिलेदेखि अहिलेसम्म भएको यही हो ।" चुनाव गर्न फलामको च्यूरा चपाउनुसरह कठिन हुनुमा वामशक्तिको वर्चस्वले पनि काम गरेको छ। भूर्तेल भन्छन्, "चुनाव केही होइन र चुनावले समाधान दिँदैन भन्ने भावना फैलाउने अनि चुनाव बहिष्कार नै गर्ने काम वामपन्थीहरूले गरे, पछि अरु अरुले सिके । त्यसबाट चुनावको वैधता, विश्वसनीयता र स्वीकार्यता कमजोर हुँदै गयो ।"

हुन पनि १ फागुन ०५२ बाट हिंसात्मक 'जनयुद्ध' आरम्भ गरेको नेकपा माओवादीले चुनावको घोषित रुपमा भण्डाफोर गरेको थियो । ०५४ को स्थानीय निकाय र ०५६ को आमनिर्वाचन माओवादीको विरोध, बहिष्कार र भण्डाफोरकै बीचमा भयो भने त्यसपछिका आठ वर्ष कुनै पनि चुनाव नभएरै बित्यो । ०६४ मा पहिलो पटक संविधानसभाको चुनाव त भयो तर राजनीतिक दलहरूको अकर्मण्यताले त्यो पनि असफल भयो । ०७० मा फेरि गरिएको संविधानसभाको चुनावलाई माओवादीबाट विभाजित भएको वैद्य माओवादीसहित ३० दलले बहिष्कार गरे । यता, पहिलो संविधानसभामामा पहिलो शक्ति भएको नेकपा माओवादी केन्द्रले आफूले अपेक्षित जीत हासिल गर्न नसकेपछि धाँधली भएको भन्दै चुनावी परिणाम नै अस्वीकार गऱ्यो। संविधानविद् अधिकारी थप्छन्, "यस्ता कामले लोकतन्त्र, विधि, मूल्य-मान्यता र अन्ततः आवधिक निर्वाचनप्रति नै घृणा फैलाउने काम गरेका छन्।"

अर्काथरी राजनीतिक विश्लेषक चाहिँ ००७,

निर्वाचन : दाउपेचको शृंखला

पहिलो स्थानीय निर्वाचन ०१०

- ००७ मा लोकतन्त्र स्थापना भए पनि त्यसको तीन वर्षपछि काठमाडौं, ललितपुर र भक्तपुर नगरपञ्चायतमा पहिलो पटक लोकतान्त्रिक चुनाव
- मातृकाप्रसाद कोइरालाको नेतृत्वको सरकारले गराएको यो चुनाव काठमाडौं उपत्यकामा सीमित
- कोइरालाको दल राष्ट्रिय प्रजा परिषद्‌ले सर्मनाक हार बेहोरेपछि कोइराला रूष्ट
- निर्वाचनलगतै तत्कालीन प्रधानमन्त्री कोइरालाद्वारा निर्वाचित निकाय विघटन
- लोकतन्त्र स्थापनापछिको पहिलो चुनावमा गरिएको लगानी र मेहनत व्यर्थ

आमनिर्वाचन ०४८

- ०४६ को जनआन्दोलन सफल भएको दुई वर्षपछिको पहिलो आम निर्वाचन
- नेपाली कांग्रेसले बहुमत हासिल गरेकाले गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा बहुमतको सरकार
- कोइराला प्रधानमन्त्री बने लगत्तै चुनावी परिणाम र सत्ता स्वार्थले नेपाली कांग्रेसभित्र अन्तरपार्टी कहल आरम्भ
- निर्वाचित सरकारको कार्यकाल नसकिँदै संसद् विघटन गरी ०५१ मा मध्यावधि चुनाव घोषणा
- निर्वाचित सरकारविरूद्ध प्रमुख विपक्षी दल नेकपा (एमाले) को सडक आन्दोलन, कर्मचारी आन्दोलन, टनकपुर काण्डजस्ता विकृतिको सुरूआत
- विपक्षीको विरोध र पार्टीभित्रको असहयोगले कोइराला नेतृत्वको सरकार कार्यकाल पूरा गर्न नपाउँदै असफल

मध्यावधि निर्वाचन ०५१

- सत्ता स्वार्थ, दलहरूबीचको अन्तरकलह र विकृतिकै बीच मध्यावधि चुनाव
- चुनावबाट सबै दल अल्पमतमा, पहिलो एमाले, दोस्रो कांग्रेस
- मनमोहन अधिकारीको नेतृत्वमा एमालेको सरकार, नेपाली कांग्रेस प्रमुख विपक्षी
- नौ महिनामै अधिकारी नेतृत्वको सरकार विघटन, नेपाली कांग्रेसका नेता शेरबहादुर देउवाको नेतृत्वमा अर्को सरकार
- सरकार गठन-विघटनको खेल तीव्र, देउवा सरकार विघटनपछि लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा सरकार
- चन्द सरकार विघटनपछि सूर्यबहादुर थापाको नेतृत्वमा नयाँ सरकार
- थापा सरकार विघटनपछि फेरि गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा नेपाली कांग्रेसको चुनावी सरकार
- सरकार गठन र विघटन, सांसदको खरिद-बिक्री, माओवादी 'जनयुद्ध' आरम्भ, बेथितिले चुनाव र लोकतान्त्रिक पद्धतिमै व्यापक प्रहार

आमनिर्वाचन ०१५

- ००७ मा लोकतन्त्र स्थापना तर त्यसको आठ वर्षपछि आमनिर्वाचन
- पहिलो आमनिर्वाचनमा नेपाली कांग्रेसको बहुमतबाट राजा महेन्द्र रूष्ट
- चुनावी परिणामअनुसार बीपी कोइरालाको नेतृत्वमा गठित सरकार, संसद् र राजा महेन्द्रबीच आपसी द्वन्द्व
- ०१७ मा राजा महेन्द्रद्वारा कोइराला नेतृत्वको निर्वाचित सरकार विघटन गरी दलविहीन पञ्चायती व्यवस्था लागू
- पञ्चायतमा दलविहीन चुनाव

स्थानीय निर्वाचन ०४९

- जनआन्दोलन सफल भएको तीन वर्षपछि पहिलोपटक स्थानीय निकायको देशव्यापी चुनाव
- स्थानीय निकायमा नेपाली कांग्रेस पहिलो र नेकपा एमाले दोस्रो बन्न सफल
- चुनावी परिणामअनुसार गाउँ-सहरको विकासमा बेवास्ता तथा उपेक्षा

स्थानीय निर्वाचन ०५४

- ०४६ को जनआन्दोलनपछि भएको दोस्रो स्थानीय निकायको दोस्रो चुनाव
- दीर्घकालीन जनयुद्ध थालेको नेकपा माओवादी र राष्ट्रिय जनमोर्चाद्वारा चुनाव बहिष्कारको घोषणा
- माओवादीद्वारा चुनावमा भाग लिने मतदाता र उम्मेदवारलाई धम्की, कुटपिट र अपहरण
- तत्कालीन गृहमन्त्री वामदेव गौतमद्वारा चुनावमा प्रहरीको दुरूपयोग भन्दै व्यापक आलोचना
- चुनावमा बुथ कब्जा र धाँधली सामान्य

०४६ र ०६३ का राजनीतिक परिवर्तनहरूले राजनीतिक समाधान नदिएका कारण चुनाव सहज नभएको धारणा राख्छन् । राजनीतिशास्त्रका प्राध्यापक कृष्ण हाछेथु भन्छन्, "राजनीतिक समाधानबिनाको चुनावले परिणाम दिएन । त्यसैले अहिलेसम्मका चुनाव दाउपेचको दुष्चक्रमा परे । त्यसैले राज्य निर्माणको पूर्वसर्त राजनीतिक व्यवस्थापन हो, दलहरूले चुनावअघि नै राजनीतिक व्यवस्थापनमा ध्यान दिनुपर्छ ।"

लोकतन्त्र स्थापना भए पनि राजनीतिक दलहरूमा लोकतान्त्रिक मूल्य र मान्यताको विकास भइसकेको छैन । दलभित्रको लोकतन्त्रीकरण गम्भीर चुनौतीको विषय बनेको छ । जहानियाँ राणा शासन र ३० वर्षे दलविहीन पञ्चायत भोगेका दलहरूमा अझै पनि सामन्ती संस्कार, टिके प्रथा बाँकी नै छ । यसले न लोकतन्त्रलाई जीवन्त बन्न दिएको छ, न त चुनावलाई सहज नै । दलहरूमै चुनाव छल्ने तर जनता चाहने प्रवृति सँधै नै हाबी भएको छ । जनताले सधैँ चुनावको स्वागत गर्नु अनि कुनै न कुनै दल सधैँ चुनावको विरोधमा उभिनु ठूलो विरोधाभास हो । जस्तो, अहिले राजपा चुनाव बहिष्कारमा उत्रेको छ, तर उसका १ सय ५० जना कार्यकर्ताले रुपन्देहीमा दल नै त्यागेर १४ असारको चुनावमा भाग लिएका छन् । त्यस्तै ०७० को संविधानसभा र अहिलेको स्थानीय चुनावको बहिष्कारमा उत्रेको नेत्रविक्रम चन्दका कार्यकर्ताले रोल्पाको थवाङमा स्वतन्त्र उम्मेदवारी दिएका छन् । लोकतान्त्रिक कालखण्डका अधिकांश चुनावमा ७० प्रतिशतभन्दा बढी मतदान हुनुमा जनताको चुनाव मोहले काम गरेको छ । इतिहासकार तथा प्राध्यापक राजेश गौतम भन्छन्, "राजनीतिक दल

आमनिर्वाचन ०५६

- जनआन्दोलनपछि आयोजना गरिएको तेस्रो आम निर्वाचन
- नेपाली कांग्रेस पहिलो र नेकपा एमाले दोस्रो दल बन्न सफल
- देशभरि माओवादीको बमबारूद, बहिष्कार र विरोध बीच आमचुनाव
- चुनावपछि नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा बहुमतको सरकार
- कांग्रेसभित्रको किचलोका कारण ९ महिनामै भट्टराई सरकार विघटन, फेरि कोइराला प्रधानमन्त्री
- दुई वर्षमा फेरि कोइराला सरकार विघटन, शेरबहादुर देउवा दोस्रो पटक प्रधानमन्त्री
- देउवाद्वारा संसद् विघटन गरी चुनावको घोषणा, त्यसपछि राजाको प्रत्यक्ष शासन सुरु
- चुनाव गर्न नसकेकामा राजाद्वारा देउवालाई अक्षम घोषणा
- राजाको प्रतिगामी काम, माओवादीको हिंसा र राजनीतिक दलहरूका कुर्कमले ०५६ को चुनाव निरर्थक साबित
- अन्ततः ०४७ को संविधान र व्यवस्था नै असफल

संविधानसभा निर्वाचन ०७०

- दलहरूको सहमतिमा तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा चुनावी सरकार
- नयाँ संविधानका लागि ६ वर्षपछि फेरि संविधानसभाको दोस्रो चुनाव आयोजना
- नेकपा माओवादी वैद्य समूहसहित ३० वटा साना दलद्वारा संविधानसभाको दोस्रो चुनाव बहिष्कार
- चुनावको सबै नतिजा सार्वजनिक नहुँदै तत्कालीन नेकपा माओवादीद्वारा चुनावमा व्यापक धाँधली भएको आरोप
- चुनावको सबै नतिजा सार्वजनिक नहुँदै परिणाम अस्वीकार गर्ने वक्तव्यबाजी
- आफैंले अस्वीकार गरेको दोस्रो संविधानसभाको परिणाम फेरि स्वीकार गरेर नेकपा माओवादी संविधानसभामा प्रवेश
- दोस्रो संविधानसभाबाट नेपाली कांग्रेस पहिलो, नेकपा एमाले दोस्रो र नेकपा माओवादी तेस्रो दल
- नेपाली कांग्रेसका सभापति सुशील कोइरालाको नेतृत्वमा सरकार गठन र नयाँ संविधान जारी
- चुनावबाट संविधानसभामा सहभागी मधेसकेन्द्रित दल नयाँ संविधान निर्माण प्रक्रियाबाट अलग
- संसद्मा कुनै एक दलको बहुमत नपुगेका कारण गठबन्धन सरकार गठन र विघटनको पुरानो खेल जारी

स्थानीय तहको निर्वाचन ०७४

- २० वर्षको अन्तरालमा अधिकार सम्पन्न स्थानीय तहको पहिलो चुनाव
- संविधान संशोधनको माग राख्दै आएको मधेसवादी दल राष्ट्रिय जनता पार्टी र नेत्रविक्रम चन्दको नेकपाको बहिष्कार र विरोध
- चुनावमा राजपालाई सहभागी गराउन सरकारद्वारा पटक-पटक चुनावको मिति सार्ने निर्णय
- राजपा हठले स्थानीय तहको चुनाव तीन चरण गर्न पनि कठिन
- संविधानअनुसार ७ माघ ०७४ सम्म गरिसक्नुपर्ने प्रदेश र संघको निर्वाचन तयारी शून्य

संविधानसभा निर्वाचन ०६४

- ०६२-०६३ को जनआन्दोलनपछि नयाँ संविधान निर्माणका लागि संविधानसभाको पहिलो चुनाव
- प्रत्यक्ष र समानुपातिक गरी मिश्रित निर्वाचन प्रणालीको पहिलो चुनाव
- यसअघिका सबै चुनावको बहिष्कार गरेको तत्कालीन नेकपा माओवादीको सहभागिता
- चुनावमा सहभागी सबै दल अल्पमतमा, माओवादी पहिलो, कांग्रेस दोस्रो, एमाले तेस्रो, मधेसी जनअधिकार फोरम चौथो दल बन्न सफल
- नेपाली कांग्रेस र नेकपा (एमाले) लाई चुनावी नतिजा सहज रूपमा स्वीकार गर्न कठिन, चुनावमा धाँधली भएको आरोप
- व्यवस्थापिका संसद्को तेस्रो दल नेकपा एमालेको समर्थनमा माओवादी अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा सरकार गठन
- सेना प्रमुख र राष्ट्रपतिसँगको टक्करका कारण नौ महिनामै सरकार विघटन
- त्यसपछि माधवकुमार नेपालको नेतृत्वमा नयाँ सरकार
- डेढ वर्षमै सरकार परिवर्तन गरी झलनाथ खनालको नेतृत्वमा अर्को सरकार
- खनाल सरकारले सात महिना पूरा नगर्दै बाबुराम भट्टराई नेतृत्वमा नयाँ सरकार
- चार वर्षको किचलोपछि नयाँ संविधान जारी नगरी पहिलो संविधानसभा विघटन
- संविधानसभाको चुनाव अनि संविधान निर्माणमा राज्यले गरेको लगानी, समय र मेहनत व्यर्थ

र नेता सामन्तवादबाट मुक्त नभएकाले तिनले चुनावको महत्व र आवश्यकता दुवै बुझ्न र आत्मसात् गर्न सकेका छैनन्। त्यसैले चुनाव देशमा सधैं दुरुह विषय भएको हो। जनता त हमेसा चुनाव चाहन्छन्।"

हुन पनि चुनाव गर्न र गराउन दलहरूलाई गाह्रो मात्र भएको छैन, आफू अनुकूल परिणाम नआए त्यसलाई सहज रुपमा स्वीकार गर्न पनि कठिन भएको छ। यसको ताजा दृष्टान्त भरतपुरको मतपरिणाम हो। ३१ वैशाखको चुनावमा भरतपुर महानगरपालिका-१९ को मतगणना हुँदा नेकपा माओवादी केन्द्रका दुई कार्यकर्ताले ९० वटा मतपत्र च्याते। केन्द्रकी उम्मेदवार रेणु दाहाल र एमालेका देवी ज्ञवालीबीचको प्रतिस्पर्धा प्रतिष्ठाको विषय बन्यो र मतगणना बिथोलिएर भरतपुर मामिला सर्वोच्च अदालतमा अड्किएको छ। यो त ताजा दृष्टान्त मात्र हो।

००७ मा लोकतन्त्र स्थापना भएपछि पहिलोपटक ०१० मा भएको काठमाडौं, भक्तपुर र ललितपुरको चुनावी परिणामलाई तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले अस्वीकार गरेर निर्वाचित निकाय नै भंग गरिदिएका थिए भने ०१५ को आमनिर्वाचनको परिणामलाई राजा महेन्द्रले अस्वीकार गरे र ०१७ मा निर्दलीय पञ्चायत आरम्भ गरे। ०४६ को परिवर्तनपछि चाहिँ निर्वाचनबाट बहुमत पाएर पनि त्यसको सदुपयोगभन्दा बढी दुरुपयोग भयो। जस्तो, ०४८ र ०५६ को आमनिर्वाचनपछि पाँच वर्षे कार्यकाल पूरा नगरी संसद् विघटन हुनुमा राजनीतिक दलकै कमजोरीले काम गरेको छ। भूर्तेल भन्छन्, "निर्वाचनलाई रुटिनमा गर्ने संवैधानिक व्यवस्था, दलहरूको लोकतन्त्रीकरण र क्षमता विकासबिना अहिलेका बेथिति र दुष्चक्रबाट चुनावलाई मुक्त गर्न सकिन्न।" ◆

टिस्टुङ देउराली



॥ विवेक पौडेल

मनसुन मनोवाद

हुन त म वृष्टिकै एक स्वरूप हुँ। विश्वका धेरै ठाउँमा धेरै रूपमा वर्षिन्छु। तर मनसुनको रूपमा मेरो जीवनचक्र र उत्पत्ति सर्वथा फरक छ। पानी त पानी नै हो, जहाँ वर्षे पनि के फरक होला भन्ने लाग्दो हो। तर मनसुनी वर्षाको महिमै अलग छ। कतिपय ठाउँमा पानी पर्दा मान्छे दिक्क मान्छन्, जीवनको नियमितता भंग गरेको गुनासो गर्छन्। नमानून् पनि किन ? पानी पर्दा ती ठाउँमा एक किसिमको गरुंगोपन र उदासी जोडिएको हुन्छ।

तर यो हिमालय खण्ड र वरपरका ठाउँमा भने म रमाएर, नयाँ उत्साह बोकेर वर्षिन्छु। त्यसैले यहाँका मानिसलाई घाम र न्यानो जत्तिकै पानी परेको पनि खुब रमाइलो लाग्छ। मेरो आगमन समयमै भइदियोस् भनेर यिनले मछिन्द्रनाथको भव्य जात्रा नै गर्छन्। मानिसले मात्रै होइन यहाँको माटो, हावा, वनस्पति, जनावर, हिमाल र डाँडाकाँडा पनि हरेक वर्ष मलाई व्यग्रतापूर्वक पर्खेर बसेका हुन्छन्। झरीको मौसमलाई प्रेमिल र रोमाञ्चक समयका रूपमा यिनले आफ्ना साहित्य, कला र धर्ममा व्याख्या गर्छन्। यिनका पुर्खाले मलाई अति महत्व दिन्थे र प्रकृतिको धरोहर नै मान्थे।

मेरो नाम 'मनसुन'को व्युत्पत्ति नै यिनको भाषाको 'मौसम' भन्ने शब्दबाट भएको हुँदा म अन्यत्रजस्तो सामान्य वृष्टि मात्रै होइन भन्ने कुरा सबैलाई थाहा छ। यसले गर्दा मेरो पनि छुट्टै नाम र सान छ। अरू ठाउँका वायु र वर्षा मेरो ईर्ष्या गर्छन्। मलाई पनि यहाँ आउँदा छुट्टै रमाइलो लाग्छ। त्यसैले बेग्लै फूर्ती र ताजापनका साथ निकै टाढाका वायुमण्डलीय र समुद्री धार पक्डेर विभिन्न दिशाबाट जोडतोडका साथ म वर्षेनि यतातिर आउँछु।

आकाशबाट हेर्दा

यो वर्ष फेरि म यतातिर आइपुगेको छु। हरेक पटक आउँदा के-के हुँदै रहेछ भनेर यताउति आँखा पनि डुलाउँछु । यहाँका घटनाबारे थाहा हुँदा कयौँपटक खिन्न मन लिएर फर्किएको पनि छु। मेरै कारण पनि बेलाबेला यिनलाई धेरै क्षति पुग्ने गरेको छ। मलाई त्यस्तो गर्ने मन नभएर मात्रै के हुँदो रहेछ र ? मेरो वशभन्दा बाहिरका धेरै प्राकृतिक र मानवीय कारणले यिनलाई दुःख पुग्दा मलाई पनि नरमाइलो लाग्छ। म फर्किने बेला सधैँ अर्को वर्षसम्म यी यी कुराहरू सप्रिऊन् भनेर केही कामना गरेको हुन्छु यस्ता-यस्ता घटनाबाट पाठ सिकेर केही सुधारे हुन्थ्यो भन्ने आशा गर्छु। तर अहिले यसो चिहाउँदा यस पटक पनि फेरि खिन्न हुनुपर्ला जस्तो मलाई लागिरहेको छ।

पोहोरजस्तै यसपटक पनि भूकम्पपीडितले केही पाएका रहेनछन्। यसो कान लगाएर यहाँका मान्छेका कुरा सुन्ने हो भने सबै ठूल्ठूला शब्द र सिद्धान्तका कुरा सुनिन्छन्। तर यस्तो लाग्छ, यिनले दुई वर्षअघि यहाँ संसारकै ठूलोमध्येको भूकम्प पनि गएको थियो भन्ने नै बिर्सिसके। भूकम्पपीडितका नाममा राष्ट्रिय पुनःनिर्माण प्राधिकरण र आयोग के-के हो बनाएका छन्। यहाँका पढेलेखेका ठूला मानिनेहरू तिनकै नाममा प्रशस्त देश-विदेश घुमेका छन्। पीडितलाई भजाएर राम्रो तलब सुविधा लिएर बसेका छन्। जनताको आँखामा छारो हाल्न पत्रिकातिर प्रचार सामग्री चारो फालेजसरी फालिदिन्छन्।

तर अहँ, पीडितको अवस्थामा खासै केही फरक छैन। उल्टै असहय पीडितहरू रोजीरोटीका लागि शोषण र जोखिम लिँदै विदेश पुगेको पो देखिरहेको छु। तिनको भविष्य, परिवार बस्ती सबै उजाड भएको छ। यो देशका एक तिहाइ जति मानिस यसरी नै बाहिर गएका छन्, धेरैजना बधुँवा मजदुरको हैसियतमा। यसले यिनको खेतबारी, उद्यम, सीप, क्षमता, समाज, परम्परा सबै ध्वस्त पार्दै छ। तर अहँ, कसैलाई वास्तै छैन। न जिम्मेवारहरूले कुनै जवाफ दिनुपरेको छ, न तिनमा केही गर्नुपर्छ भन्ने उत्साह नै पलाएको छ।

रंकहरूको देश

हिजोआज यहाँका कुरा सुन्ने हो भने यिनलाई थाहा भएजति राजनीतिका अनेक वाद र तिकडम अरू कतैकालाई थाहा नहोला। सबै उमेरका मानिसको मनोरञ्जन र पेसा भनेकै यस्तै कुरामा चासो राखेर बस्नु भएको छ। यिनलाई आफ्नै शरीरको स्वास्थ्य, व्यायाम, खानेकुरा, मानसिक स्फूर्ति, ध्यान, अध्यात्म र सोखको बरू उति मतलब नहोला। यो सुन्दर जगत्, आफ्नै वरपरका संस्कृति र अरू रहस्यबारे यिनले लेखपढ, खोज र छलफल गर्न छाडेको त दशकौं भइसकेको छ। पर्यावरण, प्रविधि र जीवन-विकासका बदलिँदा जोखिम तथा अवसरले केही फरक पर्दैन जस्तो गरी आरामसँग बसेका छन् यिनीहरू।

यहाँका रंकहरूलाई कसरी सरकार फेरेर कुर्सी समातिराख्ने, कसरी आफैँले बनाएका व्यवस्था, संस्था र चुनावको अस्मिता लुट्ने, कसरी आफूले भनेजस्तो नभइन्जेल अड्को थापेर सबैलाई दुःख दिने भन्नेबारे सबै थाहा होला। तर आफ्नो वरिपरिबाट मडारिँदै आएका डरलाग्दा बादलबारे यिनले कुरा समेत गर्दैनन्।

अरू केही अति निम्न स्तरका कामकुरामा भने यहाँका सबै

जनताको सबै ध्यान, समय र ऊर्जा लागेको छ। यहाँका मानिसलाई म जनता पनि कसरी भनूँ ? हुन त लोकतन्त्र, राजनीति र अधिकारका कुरा यहाँ जति कतै हुँदैन होला। पुग नपुग तीस वर्षमा यिनले संविधान र राज्यप्रणाली नै चारवटा जति देखिसके। यहाँ जति पढेलेखेका र जान्नेसुन्ने मानिसहरूको राजनीतिक गतिविधिमा सहभागिता कतै हुँदैन होला। तर पनि यिनलाई प्रजा भन्न पनि अहिले मलाई अप्ठेरो लागिरहेको छ। यिनलाई बरू दास भनौँ कि ? आखिर शासकले रंकबाट बलजफ्ती कर असुल्ने तर त्यसबापत कुनै सिन्को भाँच्नु नपर्ने, उल्टै आफैँले बनाएका विधि तोड्दै मनपरी गर्दा पनि पूरै छुट पाउने देशका शासितहरू कसरी जनता हुन्छन् ?

यहाँका ठूल्ठूला मानिसका गफ सुन्ने हो भने त भूकम्प मात्रै होइन, त्यस लगत्तैको नाकाबन्दी त मानौँ भएकै थिएन जस्तो लाग्छ। मानौँ नाकाबन्दीका कोही कर्ता र समर्थक नै थिएनन् वा भूकम्पपछिको क्षतिको जिम्मेवार फगत भाग्य मात्रै हो। मनसुनजस्तै माथि आकाशबाट आउने र रोक्न नसकिने, बेला बेला भइराख्ने घटना जसरी यिनले नाकाबन्दी र तिनका कर्ताको सामान्यीकरण गरिसके, भूकम्पपीडितको अपमान गरिसके। यस्तो लाग्छ, यिनले गर्नसक्ने फरक काम केही थिएन, त्यसैले सुधार गर्नसक्ने पनि केही छैन। त्यसो भए पर्यावरण, अर्थतन्त्र, भूराजनीति, इतिहास, राष्ट्रिय क्षमता, तयारी र राजनीतिक सबलताजस्ता कुराको बुझाइ सुधार्न किन मेहनत गर्नु ?

समाचारको मनोरञ्जन

म समयमै यहाँ आइपुगेका वर्षहरूमा यस भेगका देशहरू खुसी हुन्छन्। यिनको अर्थतन्त्र, खेती र उत्पादन राम्रो हुन्छ। पोहोर पनि त्यस्तै भएछ। मैले दिने पानीको उपयोग गरेर लोडसेडिङ पनि अलि कम गरेछन्। त्यसमाथि पोहोर त भूकम्प र नाकाबन्दीले यहाँको आर्थिक वृद्धि शून्य र ऋणात्मकसम्म हुँदा मेरो कारण थोरै भए पनि राहतै पुगेछ। मलाई त सन्तोष नै भयो। शून्यतिर पुगेको कुनै कुरामा एक नै थपिँदा पनि शत प्रतिशत वृद्धि हुन्छ। सन्तोषको कुरा भए पनि यो आफैँलाई बधाई दिनुपर्ने उपलब्धि चाहिँ नहुनुपर्ने।

तर भूकम्पपीडितलाई भुलाएझैँ अरू कुरामा पनि यहाँका रंकलाई भुलाइराख्ने तरिका यहाँका ठूलाबडाले राम्रैसँग सिकिसकेका रहेछन्। यहाँका रंकका दैनिक खुराकमा प्रचार सामग्रीजस्ता समाचार र विचारको प्रचुरता मैले पाएँ। अलि पहिले निकै खुसीको कुरा जसरी समाचार प्रसारित भयो, सहमति बनेछ। अब सबै चुनावमा भाग लिने भए। त्यसैले चुनाव दुई चरणमा हुने भयो। त्यसपछि अति निष्ठावान् प्रमाणित भएकी प्रधानन्याधीशमाथि सरकारले हमला गर्दा फेरि समाचार आएछ- तिनले सरकारको कुरा नटेरेर मुठभेड निम्त्याएकी थिइन्, त्यसैले सरकार बाध्य भयो। फेरि भरतपुरमा र बहादुर भवनको निर्वाचन आयोगमा यिनको नाम मात्रको लोकतन्त्रको पटकपटक चीरहरण भयो। तैपनि यस्तो प्रचारित भयो- धाँधली र सत्ता दुरुपयोग कसले गरेको छैन र ? के गर्नु, कानुन नबनाएसम्म यस्तै हो। चुनाव गराएर त हामीलाई ठूलो गुण पो लगाइदिएका छन्। दोषी त यसको विरोध गर्नेहरू हुन्। ती विरोधी दलका मान्छे हुन्, त्यसैले समस्याका जड हुन्।

> आफूजस्तै कुनै पार्टी विशेष निकट नभएर स्वतन्त्र विचार र अडान राख्नसक्ने मानिस पनि हुन्छन् भन्ने यिनलाई विश्वासै रहेनछ सायद।

असल प्रधानन्यायाधीशलाई समेत घिनलाग्दा आरोप लगाउनेहरूले अरू मानिसलाई किन समस्याको जड नदेख्दा हुन् ? आफूजस्तै कुनै पार्टी विशेष निकट नभएर स्वतन्त्र विचार र अडान राख्नसक्ने मानिस पनि हुन्छन् भन्ने यिनलाई विश्वासै रहेनछ सायद। त्यसैले यस्ता कुरा उठाउनेहरूप्रति प्रदर्शित हुने तिनको लाजमर्दो प्रतिक्रियाले उनीहरू आफैँ कतिसम्म आफ्ना दलका बँधुवा मजदुर रहेछन् भन्ने उदाङ्गिने रहेछ।

तैपनि नाटक, खेलकुद आदि गतिविधि होइन, समाचार, विचार र राजनीतिको मनोरञ्जनले यहाँका रंकहरू भुलेका छन्। धर्मको होइन, अहिले यो ठाउँमा अफिमको स्थान त यस्ता चिजले पो लिएका रहेछन्।

मेरो आगमन

टाढाबाट उत्साहसाथ घर फर्केको मानिस जसरी यो भूखण्डमा आउने गरेको हजारौँ-लाखौँ वर्ष भइसक्दा म यहाँकै नियमित सदस्य जस्तै भइसकेको छु। अफ्रिका र अस्ट्रेलियाका भूखण्डदेखि म तिब्बती पठारहरूसम्म आइपुग्दा बाटोमा भेटिने ऊष्णताका पोकाहरू जम्मा गर्दै हिँड्छु। यतातिर उखरमाउलो गर्मी हुँदा परका भूमिमा भने चिसो भइरहेको हुन्छ। हिजोआजका एअर कन्डिसन झैँ यहाँका हिमालय पर्वतले मलाई परदेखि तानेर ल्याउँछन्। र, म यी पर्वतसँग ठोकिँदा आफूसँग बोकेर ल्याएका ठूला बादलहरू यीमाथि बर्साउने गर्छु। यही वर्षा लाखौँ वर्षदेखि यहाँका ठूला हिमनदी, खोलानाला, घना जंगल, उर्वर खेत, असंख्य जडिबुटी र थुप्रै जनावरका लागि जीवनधारा बनेर रहेको छ।

यसरी बनेको अनुपम पर्यावरणमा विकसित अनेकौँ वनस्पतिको कुशल प्रयोग गरेर इतिहासमा यहाँका मानिस निकै समृद्ध बनेका थिए। सुरुमा यहाँ मात्रै भेटिने वनस्पति र फूलका विभिन्न प्रजाति नै विकास गरेर अहिले युरोपदेखि अमेरिकासम्ममा मानिसहरूको बैठक र बगैँचामा सजिने गरेका छन्। र, अरू धेरै औद्योगिक प्रयोग पनि हुने गरेका छन्।

यहाँ देखिने प्रकृतिका विभिन्न छटाबाट प्रेरित भएर तिनले विश्वकै निम्ति प्रेरणादायी दर्शन, विचार र समृद्ध परम्परा बसालेका थिए। संसारमा जहाँ पनि मानिसको सभ्यताले ठूलो फड्को मारेको छ, त्यहाँ वनस्पति र प्रकृतिसँगको तादात्म्यकै भूमिका रहने गरेको छ। निकै पहिलेको उर्वर भूमि, ठूला खोला र जैविक विविधताको राम्रो प्रयोगले मिश्रको सभ्यता फस्टाएको थियो। त्यस्तै अवस्थिति र प्रयासले महादेशजस्ता चीन र भारत तथा तीबीचका क्षेत्रको पनि विकास भएको थियो।

तर अहिले मानवसिर्जित मौसम परिवर्तनको शृंखला बढिरहेको छ। मेरो गतिविधि हिजोआज फेरिएको छ। सुख्खा खडेरी, ठूला बाढीहरू बढ्न थालेका छन्। लाखौँ वर्षदेखिको नियमिततामा सानो पनि फेरबदल हुँदा यहाँका असल मानिसलाई के हुन होला ? अहिले इतिहासकारहरू भन्न थालेका छन्, सयौँ वर्षअघि मेरो नियमित प्रक्रियाको फेरबदलले नै कम्बोडियाको अंकोरबात र सरस्वती नदीका सभ्यता मरेका थिए। यो भूखण्डमा पनि त्यस्तै केही हुनगए के होला ? कसैले सोच्न थाले हुने। ◆

गैरजिम्मेवार र अपारदर्शी

जलविद्युत् विकासकर्ता कम्पनीहरूले असल व्यावसायिक अभ्यास नगर्दा लगानीकर्ताहरू जोखिममा

■ सुरेशराज न्यौपाने

नेपाल धितोपत्र बोर्डले ५ असार ०७४ मा नेसनल हाइड्रोपावर कम्पनी लिमिटेडको सेयर कारोबार रोक्न निर्देशन दियो । कम्पनी सञ्चालकबीच विवाद भएपछि बोर्ड यो निर्णयमा पुगेको थियो । १ अर्ब ३८ करोड चुक्ता पुँजी भएको यो कम्पनीका कार्यकारी प्रमुख र सञ्चालकहरूबीच एक अर्कालाई निषेध गर्ने परिस्थिति सिर्जना भएको छ ।

नेसनल हाइड्रोपावर कम्पनीमा आन्तरिक सुशासनको अभावका कारण विवाद सिर्जना भएको यो पहिलो पटक भने होइन । पाँच वर्षअघि पनि समयमै वार्षिक साधारणसभा नगरेको भन्दै लगानीकर्ताहरूले धितोपत्र बोर्डमै उजुरी दिएका थिए । बारम्बार यस्ता घटना दोहोरिँदा राम्रो प्रतिफल दिने आसमा पुँजी लगाएका लगानीकर्ताहरू जोखिममा परेका छन् । तर, पछिल्लो विवादले प्रवर्द्धक मात्र होइन, प्राथमिक र दोस्रो बजारमा लगानी गरेका आमनागरिकको लगानीसमेत जोखिममा परेको छ ।

हाल नेप्सेमा नेशनल जस्तै १५ वटा जलविद्युत् कम्पनी सूचीकृत छन् । यी कम्पनीको सेयरको कुल मूल्य अर्थात् बजार पुँजीकरण ८८ अर्ब रुपियाँभन्दा बढी छ । यसबाहेक थप दुई दर्जनभन्दा बढी कम्पनी सूचीकृत हुने प्रक्रियामा छन् । नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको पहिलो १० महिनासम्ममा बैंक तथा वित्तीय संस्थाले मात्र जलविद्युत् क्षेत्रमा करिब ५४ अर्ब रुपियाँभन्दा बढीको कर्जा लगानी गरेका छन् । जुन अघिल्लो वर्षको त्यही अवधिको तुलनामा करिब १५ अर्ब रुपियाँले बढी हो । हाल निजी क्षेत्रले करिब तीन हजार मेगावाटभन्दा बढीको परियोजना निर्माण गरिरहेको छ । जलविद्युत् क्षेत्रमा बढिरहेको लगानीले सेयर बजारमा यो क्षेत्रको हिस्सा क्रमश: बढ्दै जाने देखाउँछ । तर बैंक तथा वित्तीय संस्था र बीमा क्षेत्रका लागि जस्तो जलविद्युत् क्षेत्रका लागि छुट्टै नियमक निकाय छैन । त्यसको अभावमा जलविद्युत् कम्पनीहरूको आन्तरिक सुशासनदेखि वित्तीय अवस्था र त्यसको सेयर बजारमा परिरहेको प्रत्यक्ष प्रभावको विश्लेषण र अध्ययन हुँदैन । त्यसको परिणाम कुनै आधारबिना हल्लाकै भरमा यी कम्पनीको सेयर बजारमा हुने उछाल र गिरावट आउने गरेका छन् ।

बैंक तथा वित्तीय संस्था र बीमाका सञ्चालकहरूले आफ्नो आयस्रोत देखाउनुपर्ने अनिवार्य व्यवस्था छ । तर, जलविद्युत् कम्पनीका प्रवर्द्धकहरूका लागि विवरण खुलाउनुपर्ने बाध्यता छैन । यसले पनि जलविद्युत् क्षेत्रमा भएको लगानी शंकाको घेरामा ल्याएको छ । र, यसमा हुने लगानीको स्रोत पारदर्शी छैन । अझ प्रवर्द्धक कम्पनीका सञ्चालकको सम्पर्क भएका ठेकेदार कम्पनीले काम पाउँछन् र अरू सबै खाले ठेक्कापट्टा र कारोबारमा पनि सञ्चालकहरूसँगको सम्पर्क नै प्रमुख आधार भइरहेको छ । यसले अनावश्यक रूपमा परियोजनाको लागत बढाएको त छ नै, आर्थिक चलखेल पनि उत्तिकै छ ।

यस्ता 'कन्फ्लिक्ट अफ इन्ट्रेस्ट'लाई समयमै परीक्षण नगर्दा घटना भएपछि मात्र लगानीकर्ताले थाहा पाउने गरेको एक पुरानो कम्पनीका प्रवर्द्धकको भनाइ छ । तर, स्वतन्त्र ऊर्जा उत्पादक संघका अध्यक्ष शैलेन्द्र गुरागाईं भने सूचीकृत मात्र होइन, सूचीकृत नभएका संस्था पनि पारदर्शी हुनुपर्ने बताउँछन् । तर, नियमन गर्ने नाममा जलविद्युत् क्षेत्रमा थप जटिलता नआओस् भन्नेतर्फ पनि सतर्क रहनुपर्ने उनी बताउँछन् ।

लगानीकर्ताप्रति यी कम्पनीहरू जिम्मेवार छैनन् भन्ने यिनले सार्वजनिक गर्ने विवरण र प्रतिवेदनहरूबाट प्रस्ट हुन्छ । एकाधलाई छोड्ने हो भने आमनागरिकको समेत लगानी रहेका कम्पनीमध्ये अधिकांशले सामान्य जानकारीसमेत

खानीखोला हाइड्रोपावर कम्पनी लि. को सेयरका लागि पंक्तिबद्ध सर्वसाधारण

सार्वजनिक गर्ने न त जाँगर देखाएका छन्, न त त्यस किसिमको प्रणाली नै विकास गरेका छन् । तिनका आधिकारिक वेबसाइटहरूमा सीमित विवरण र सूचनाहरू मात्र उपलब्ध छन्। भएका विवरण पनि निकै पुराना छन् । यसले लगानीकर्ताहरूलाई कम्पनीको पछिल्लो अवस्था थाहा पाउनसमेत वञ्चित गर्ने गरेको छ ।

हुन त जलविद्युत् विकास कम्पनीलाई नियमन गर्न धितोपत्र बोर्डले नीतिगत पहल नगरेको भने होइन । दुई वर्षअघिसम्म सञ्चालनमा आउनासाथ आईपीओ निष्काशन गर्न पाउने व्यवस्थालाई परिवर्तन गर्दै त्यसका लागि परियोजना सञ्चालन भएको कम्तीमा एक वर्ष हुनुपर्ने बनाएको छ । त्यसैगरी आईपीओ निष्काशनको दुई वर्षपछि मात्र राइट सेयर (हकप्रद) निष्काशन गर्न पाउने व्यवस्था गरेको छ । सूचीकृत कम्पनीहरूमा सुशासन कसरी ल्याउने भन्ने सम्बन्धमा अध्ययन गर्न एउटा समिति नै गठन गरिएको छ । उक्त समितिले दिएको प्रतिवेदनलाई आधार बनाएर असारभित्रै निर्देशन ल्याउने तयारी छ । बोर्डका अध्यक्ष रेवतबहादुर कार्की भन्छन्, "हामी चाँडै नै आचारसंहिता जारी गर्दैछौं । त्यसमा जलविद्युत् कम्पनीहरू पनि पर्छन् । प्रत्यक्ष नियमन नभएको क्षेत्र भएकाले केही संवेदनशील चाहिँ पक्कै हो ।"

अन्तर्राष्ट्रिय अभ्यास हेर्ने हो भने पनि सूचीकृत कम्पनीहरूलाई पारदर्शी र जिम्मेवार बनाएर लगानीकर्तालाई आश्वस्त पार्ने पहिलो जिम्मेवारी नेपाल स्टक एक्स्चेन्ज (नेप्से) हो । तर, नेप्सेले यसतर्फ खासै ध्यान दिएको छैन । नेप्सेको आधिकारिक वेबसाइटमा जलविद्युत् कम्पनीका लगानीकर्तादेखि पुँजी संरचनाका कुनै पनि विवरण भेटिँदैनन् । जबकि नेप्सेलाई लगानीकर्तालाई आश्वत पार्नेगरी कम्पनीहरूको सूचना र विवरण लिन कानुनले नै अधिकार दिएको छ । नियमनकारी निकाय नभएका जलविद्युत् र होटललगायतका क्षेत्रमा सुशासनको समस्या रहेको नेप्सेका अधिकारीहरू समेत स्वीकार्छन् ।

आवश्यक सूचना र विवरणका लागि बारम्बार ताकेता गर्दा समेत अटेर गर्ने गरेको नेप्सेका महाप्रबन्धक सीताराम थपलिया बताउँछन् । त्यसरी अटेर गर्ने कम्पनीहरूलाई नेप्सेले गर्न सक्ने अधिकतम कारबाही भनेको कारोबारको सूचीबाट हटाउने हो । त्यसो गर्दा लगानीकर्तालाई मर्का पर्छ भन्ने पनि विचार पुऱ्याउनुपर्ने थपलियाको भनाइ छ । यस प्रवृत्तिलाई निरुत्साहित गर्न नियमनकारी निकाय नभएका क्षेत्रमा धितोपत्र बोर्डले निगरानी बढाउनुपर्ने उनको तर्क छ ।

नेप्सेले कम्पनीको सूचना तथा विवरण उपलब्ध गराउन 'इन्फर्मेसन अपलोड सिस्टम' नै बनाएको छ । जसको मद्दतले कम्पनीहरू आफैँले आवश्यक सूचना तथा विवरण नेप्सेलाई उपलब्ध गराउन सक्छन् । तर, बैंक तथा बीमाबाहेकका कम्पनीहरूले त्यसमा चासो देखाएका छैनन् । यसले पनि जलविद्युत् कम्पनीहरू लगानीकर्ताप्रति गम्भीर छैनन् भन्ने देखाउँछ । नेप्सेमा सूचीकृत कम्पनीहरूको त यो अवस्था छ भने नभएकाहरूको त के होला ? थपलिया भन्छन्, "सूचीकृत नभएकाहरूको त हरहिसाबदेखि साधारणसभा भए-नभएको कुनै ठेगान हुँदैन ।"

कम्पनीको स्वास्थ्य जाँचका लागि प्रयोग गरिने 'रेटिङ'हरूले पनि धेरैजसो जलविद्युत् कम्पनीहरूको अवस्था उत्साहजनक रहेको देखाउँदैन । नेपाल धितोपत्र बोर्डले इक्रा नेपाललाई सर्वसाधारणबाट पुँजी उठाउन चाहने कम्पनीहरूको रेटिङ गर्ने जिम्मेवारी दिएको छ । कुनै पनि कम्पनीले तीन करोडभन्दा बढीको साधारण सेयर जारी गर्दा इक्रा रेटिङ गराउनुपर्छ । यो रेटिङबाट कम्पनीको वास्तविक स्वास्थ्य कस्तो छ भन्ने थाहा हुन्छ । इक्राले कम्पनीले निष्काशन गर्ने साधारण सेयर (आईपीओ) लाई ग्रेडिङ गर्छ । जलविद्युत् कम्पनीहरूको हकमा परियोजनाको प्रतिफल, विद्युत् खरिद सम्झौता (पीपीए) दर, ऋण र स्वपुँजीको हिस्सा तथा आन्तरिक सुशासनलगायतका पक्षलाई मिहिन ढंगले केलाएर आईपीओको ग्रेडिङ हुन्छ । हालसम्म निष्काशन भएका जलविद्युत् कम्पनीहरूमध्ये अधिकांशको ग्रेडिङ निकै कमजोर छ । यसको अर्थ हो, यी कम्पनीको स्वास्थ्य औसत मात्र छ ।

बहुराष्ट्रिय कम्पनीहरूले लगानीकर्तादेखि आम उपभोक्तासम्मलाई विश्वासमा लिन असल व्यावसायिक अभ्यास अवलम्बन गर्छन् । त्यो अभ्यासमा कम्पनीको पारदर्शिता, सूचनाको सम्प्रेषण र उपभोक्ताप्रति जिम्मेवारीबोध लगायतका विषय समाविष्ट हुन्छन् । नेपालमा निजी क्षेत्रका तर्फबाट राष्ट्रिय व्यावसायिक पहल वा नेसनल बिजनेस इनिसिएटिभ (एनबीआई) ले त्यसका लागि प्रयास गर्दै आएको छ । तीन वर्षअघि काठमाडौंमा एनबीआईले जिम्मेवार व्यावसायिक अभ्याससम्बन्धी सम्मेलन नै आयोजना गरेको थियो । त्यस दौरान जारी गरिएको आचारसंहितामा हस्ताक्षर गर्ने एक सयभन्दा बढी कम्पनीमा जलविद्युत् कम्पनी पनि थिए । त्यो आचारसंहिता मूलतः व्यवसायको दिगोपन र सरोकारवालहरूबीचको सम्बन्धमा हार्दिकता ल्याउन लक्षित थियो ।

तर, त्यसलाई पालना गर्ने सवालमा भने केही कम्पनी मात्र गम्भीर देखिएका छन् । एनबीआईका कार्यक्रम अधिकृत मनीष बज्राचार्य ठूला र विदेशी लगानी चाहिने जलविद्युत् क्षेत्रका लागि असल व्यावसायिक अभ्यासप्रति थप गम्भीर हुनुपर्ने बताउँछन् । तर, यस्ता विषयमा साधारण लगानीकर्ताहरूलाई चासो छैन । धितोपत्र बोर्डले नेसनल हाइड्रोपावर कम्पनीको सेयर कारोबार रोक्का गरेकै साता हिमालयन पावर पार्टनर लिमिटेडको २१ लाख ३० हजार ८ सय ३४ कित्ता प्राथमिक सेयर निष्काशनका लागि करिब ४० गुणा बढी आवेदन पर्नुले पनि त्यसलाई पुष्टि गर्छ ।

वित्तीय क्षेत्र र लगानीकर्ताको जलविद्युत् क्षेत्रप्रति रहेको यो विश्वास टुट्न नदिन धितोपत्र बोर्ड, नेप्से र स्वयं जलविद्युत् कम्पनीहरू पनि लगानीकर्ताप्रति जिम्मेवार बन्न/बनाउनैपर्छ । पारदर्शी हुँदा स्वदेशी मात्र नभई विदेशी लगानीकर्ताको पनि विश्वास बढ्ने र ऊर्जा संकटबाट मुलुकले सधैंका लागि मुक्ति पाउने अवस्था रहन्छ । यसमध्ये कुनचाहिँ विकल्प छान्ने, त्यो नेपाली प्रवर्द्धकहरूमै निहित छ । ◆

बम्पर उपहार १ किलो सुन

साथमा हरेक महिना १० तोला सुन र हरेक हप्ता १ किलो चाँदी

अनि स्क्र्याच गरी जित्नुहोस् लाखौंका उपहारहरू

* शर्तहरू लागू हुनेछन् ।

एल.इ.डी टि.भी. | ल्यापटप | स्मार्टफोन | पावरबैंक | घडी | वाटर प्युरिफायर | गिफ्ट भौचर | रू २०० देखि रू २५०० सम्मको नगद छुट

ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।

"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।"

थप जानकारीको लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850

उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण), 9851005217 (ध्रुब)
उपत्यका बाहिर: 9856044140 (शंकर)
SMS SUB to 38080

कान्तिपुर राष्ट्रिय दैनिक वा The Kathmandu Post को वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक हप्ता १ किलो चाँदी लगायत लाखौंका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।

आजै कान्तिपुर राष्ट्रिय दैनिक वा The Kathmandu Post को वार्षिक ग्राहक बन्नुहोस् ।

अंकलाल चलाउने

डोल्पामा वैवाहिक भूमण्डलीकरण

सडकले विवाह संस्कारमा कस्तो बदलाब ल्याइरहेको होला ? प्रश्न हाँसउठ्दो मात्र होइन, वाहियात पनि लाग्ला । तर, सहस्र समाजशास्त्री र विकासशास्त्री भएर के भो, यहाँ समाजका यस्ता तेर्सा-मसिना आयाम केलाउने फुर्सद कसैलाई छैन । भौगोलिक दूरी र भूमण्डलीकरणबीचको साइनो के हो ? यस लेखमा विवाह र सडकबीच के-कस्तो सम्बन्ध रहन्छ भन्नेबारे 'सानो कुरा' गरिएको छ ।

डोल्पाली चलनअनुसार मागी वा भागी दुवै विवाहका लागि पहिलो कदम हो, केटाले केटीको हात समातेर भगाउनैपर्ने हुन्छ । भगाएर ल्याएपछि घरमा पसाउने वा सिन्दुर हाल्ने प्रक्रिया हुन्छ, जसलाई घरपसियो भनिन्छ । घरपसियो भएको केही दिनसम्म विवाहित जोडीलाई लुकाइन्छ । किनकि माइतीपक्ष छोरीको खोजीमा आउने चलन हुन्छ । 'छोरी मनले गई या अमनले ?' माइती खोजीमा आउँदा सोधिने चल्तीको प्रश्न हो । यो प्रक्रियालाई धाद जाने भनिन्छ । 'धाद'को अर्थ हो, 'खोज' ।

यदि लुकाएको भेटाए सोधपुछ हुन्छ । छोरीले आफूखुसी आएको भनिन् भने माइतीलाई धाद खुवाएर (खसी काटेर खुवाउने) पठाउनुपर्छ । छोरीले जबर्जस्ती आउनुपरेको भनिन् भने छोरी लिएर माइती फर्किन्छन् तर यस्तो दुर्लभै हुन्छ । किनभने, घरपसियो भइसकेपछि श्रीमती भइसकेको मानिने हुँदा भविष्यमा बेहोर्नुपर्ने झन्झटभन्दा 'कर्ममै यही लेखेको रहेछ' भन्नु सहज हुन्छ ।

यदि माइतीपक्ष धाद गर्न तीन/चार दिनसम्म आएनन् वा आएर पनि लुकाइएकी छोरी नपाई फर्किएको अवस्थामा पोइली अर्थात् केटापक्षबाट सोध्न जाने चलन हुन्छ । त्यसपछिका बाँकी प्रक्रिया पुरा गर्न पोइलीले माइतीसँग बफादारितासाथ सल्लाह लिनुपर्ने हुन्छ । औपचारिक विवाहको तिथिमिति तय गर्ने अधिकार माइतीसँग हुने भएको हुँदा आफ्नो अनुकूल गर्ने नै भए । यसो भनेर पोइलीको अनुकूलतालाई वास्ता नगरिने होइन । माइतीले अड्डी कसे पोइलीले सामाजिक प्रतिष्ठाका लागि भए पनि कमजोर नदेखिने भन्ने हुन्छ । तर अड्डी कस्ने अवस्था भने भागीको प्रकृतिले निर्धारण गर्छ ।

यो औपचारिकतालाई पनि दुई किसिमबाट सुल्झाउने संस्कार छ : झ्या वा सरौटी । झ्या अर्थात् भव्य बिहे । खर्च, जन्ती, दाइजो, कर्मकाण्ड आदिको आकार ठूलो हुन्छ । सामाजिक प्रतिष्ठा झल्काउन यो विधि अपनाइन्छ । झ्याको औपचारिकता पुरा हुने गरी झन्डै आधा खर्चले नातासम्बन्ध फेर्ने, छोरीलाई एक घरबाट अर्को घरमा सारेर बुहारी बनाउने विधि सरौटी हो । पछिल्लो समयमा सरौटी व्यापक चलनचल्तीमा छ । झ्या बढी खर्चिलो हुनाले लगभग हराउन थालेको छ ।

विवाहका सरसामान जोहो गर्न हाटबजार जाने चलन छ । आजभन्दा दुई दशक अघिसम्म र अहिले पनि डोल्पाको हाटको प्रमुख केन्द्र नेपालगन्ज हो । हाटका लागि तीन महिनाको यात्रा तय गर्नुपर्थ्यो । बजारसम्म पुग्नै महिना दिन लाग्थ्यो । हाट जाने भनेकै हिउँदमा । अरू बेला खोलानाला तर्नुपर्ने हुँदा गाह्रो हुन्थ्यो ।

वर्षभरिको आवश्यकता पूरा गर्न हिउँदे-यात्रा-योजना बनाइन्थ्यो । यसबाहेक भागीपछिको औपचारिकता झ्या वा सरौटी वर्ष दिनपछि गर्नुपर्ने बाध्यता नै संस्कृति थियो । तर अहिले साइतबाहेक पहिलेजस्तो हाटबजारकै कारणले लम्ब्याउनुपर्ने बाध्यता बदलिएको छ । किनभने अहिले हाटको गन्तव्य फेरिएको छ । महिनौँको यात्रा घन्टौँमा झरेको छ ।

साउन ०७३ देखि डोल्पा-रुकुमको सिमानामा पर्ने त्रिवेणीसम्म ट्र्याक खुलेपछि मोटरबाटोले छोएको छ, डोल्पा । भेरी करिडोर नामको यो सडक नेपाली सेनाले ०६० को दशकमा छिन्चु-सल्लीबजार खण्डबाट थालेको हो । ट्र्याक खुलेसँगै गाउँठाउँमा बजार बनेका छन् । सरसामान किन्न सहज बन्दै छ । सडकमा हुने आउजाउले नयाँ भूगोल र समाजसँग परिचय र हिमचिम बढाएको छ । अब डोल्पामा वैवाहिक भूमण्डलीकरणको स्वरूप देखिन थालेको छ । अझ भनौँ, विवाह संस्कारको अवधिलाई सडकले छोट्याएको छ । घरपसियोदेखिका यावत् विवाहक्रम छोटिएका छन् । अर्थात् संस्कृति नै फेरिदिएको छ, सडकले । अब, विवाहका लागि हाट र हाटका लागि हिउँद कुर्नु पर्दैन ।

मागी विवाह सफल र भरपर्दो मान्ने समाजमा नबुझेको/नजानेको ठाउँमा वैवाहिक सम्बन्ध बढाउन गाह्रै हुन्छ । छोरा/छोरी परिबन्धमा नपरुन् भन्ने चाहना हरेक आमाबुवाले राख्छन् । त्यसैले विवाहको औपचारिकतालाई लम्बाउने गरेको कतिपय अवस्थामा देख्न सकिन्छ । तर, डोल्पाको सन्दर्भमा विवाह र त्यसको औपचारिकतामा लामो समयको अन्तराल हुन्थ्यो । सम्बन्ध नमिलेर हुने धोका, नि:सन्तानको आशंका, सम्पत्ति लोभ-लालचको सम्बन्धले निम्त्याउने समस्या आदि बुझ्न भएको अन्तराल नभई भौगोलिक विकटताले संस्कारमा पारेको असर थियो । ◆

जीवन चलिरहन्छ...

प्रारब्धको खेललाई जसले इच्छाशक्तिको सहाराले जिते

गोकर्ण गौतम
तस्बिरहरू : भास्वर ओझा

जीवन ३० औं वसन्तमा दौडिरहेको थियो । मोटरसाइकल प्रतिकिलोमिटर ४० को गतिमा । अनि समय रातको ९ बजेर १० मिनेट हुँदै थियो । गजेन्द्र बुढाथोकीलाई कुपन्डोलस्थित *राजधानी* दैनिकको कार्यालयमा पुगेर समाचार फाइल गर्न हतारो थियो । पानी दर्किरहेको छ । चस्मा टल्किरहेको छ । दरबारमार्गबाट भद्रकालीको मोडमा आइपुगेपछि अगाडिबाट बडेमाको बस बत्तिँदै आयो, आँखै खाने बत्ती बालेर । गजेन्द्र मोटरसाइकल छेउ लगाउन खोज्दै थिए । ड्याम्म...! बसले बाइकलाई ठक्कर दियो । तर चोट बाइकभन्दा उनको शरीरमा लाग्यो । मेरुदण्ड पूरै भाँचिएछ । अब मुटुभन्दा मुनि पाइतालासम्म पूरै अचेत । न काटेको थाहा हुन्छ, न पोलेको । दिसापिसाब आएको पनि पत्तो हुन्न । जसलाई मेडिकल भाषामा 'पाराप्लेजिया' भनिन्छ ।

घटना फरक तर प्रबिन श्रेष्ठलाई पनि यही 'पाराप्लेजिया'ले पिरोल्यो । उनी १८ वर्ष पुग्दै थिए । उनको म्युजिक ब्यान्ड थियो । उनी चाहिँ गिटारिस्ट । राती कार्यक्रम सकेर घर फर्कंदै गर्दा उनको समूहमाथि महाराजगन्जमा अज्ञात 'ग्याङ'ले आक्रमण गर्‍यो । १८ असोज ०५४ को त्यही दिन अन्तिम थियो, उनको पाइतालाले महसुस हुने गरी भुइँ छोएको । छातीमुनिको भाग जस्ताको त्यस्तै छ, भौतिक रूपमा । तर चेतना शून्य-शून्य ।

गजेन्द्र बुढाथोकी

घटना
८ असोज २०६५
असर
स्पाइनल कर्ड इन्ज्युरी (मेरुदण्ड भाँचिनु)
कारण
मोटरसाइकल दुर्घटना
सफलता
पत्रकारिता

आठ वर्षकी फुच्ची पुतलीजस्तै हुन्छन्, चञ्चल र स्वच्छन्द । रोमा न्यौपाने त्यस्तै थिइन् । नाच्नुपर्ने, गाउनुपर्ने । एकदम फरासिली । सुनसरीको इटहरीमा घरबाट स्कुल जाँदै थिइन् । बाटो काट्न लाग्दा कोपिलाझैँ रोमालाई बसले किच्यो । श्वास त बल्लतल्ल बच्यो तर देब्रे गोडा पूरै गयो । अर्थात् पुतलीको एउटा पखेटा चुँडियो ।

भूकम्पको भोलिपल्ट अर्थात् ६ भदौ ०४५ को दिन मुसलधारे वर्षा भयो, रोकिँदै रोकिएन । ठूलो बाढी आयो र बगायो, सुनसरी प्रकाशपुरका प्रकाश तिमिल्सिनाको घर । घर मात्र बगाएन, एक

प्रबिन श्रेष्ठ
घटना
१८ असोज २०५४
असर
स्पाइनल कर्ड इन्ज्युरी (मेरुदण्ड भाँचिनु)
कारण
अज्ञात समूहद्वारा आक्रमण
सफलता
फिल्म/म्युजिक भिडियो निर्देशन

वर्षका प्रकाश, उनका बुबा, आमा, हजुरबुबा र तीन काकालाई पनि लग्यो। प्रकाशलाई खोलाको किनाराबाट एक जना माझीले बचाए। अरू सबै कहिल्यै फर्केर आएनन्। धन्न ! त्यो दिन हजुरआमा अस्पताल भर्ना भएकी थिइन् र बचिन्। सम्पत्ति र परिवार सबै कोसीले बगाएपछि अर्काको घरमा काम गरेर प्रकाशलाई हुर्काइन्, ५७ वर्षीया हजुरआमाले। दौड्दा सधैं लड्थे बंगलंग-बंगलंग। एक दिन रुँदै हजुरआमाकहाँ गए र सोधे, 'मेरा अरू साथी कहिल्यै लड्दैनन्। मचाहिँ किन सधैं लड्छु।' हजुरआमाले छाँद हालेर भनिन्, 'तिमीले आँखा देख्दैनौं त्यही भएर।' प्रकाश चार वर्ष भइसकेका थिए, नियतिले आफ्नो आँखाको प्रकाश पूर्ण रूपमा लुटेको छ भन्ने थाहा पाउँदा।

जीवनको उर्वर समयमा आधा शरीर अचेत हुनु, कखरा सिक्दा नसिक्दै एउटै गोडा पूरै गुमाउनु अनि आँखाको ज्योति हराउनु। बलिरहेको बत्ती झ्याप्प निभ्नु वा बगिरहेको नदी अडिनुजस्तै होइन र ? हो, उनीहरूको जीवन पनि रोकियो तर पूर्णविराम लागेन। वाक्यमा कमा जस्तै। तर त्यसपश्चातको रफ्तार जादुयी। सुन्दा नमज्जा र अप्रिय लाग्न सक्छ, तर त्यो पीडादायी घटनाले उनीहरूको जीवनमा नयाँ बहार बोकेर ल्यायो। त्यो कसरी पनि भने शारीरिक अपांगता उनीहरूको प्रगति र सफलताको बाधक बनेन। बरु सहायक बनिदियो। उनीहरूले आ-आफ्नो 'करिअर'मा हासिल गरेको उपलब्धि कुनै सांग व्यक्तिको भन्दा रत्तिभर कम छैन।

ह्वीलचेयरबाट काम गरेरै गजेन्द्र *कारोबार* दैनिकको समाचार सम्पादक भएका छन्। प्रबिनले एउटा फिचर फिल्म र झन्डै ८० वटा म्युजिक भिडियो निर्देशन गरिसकेका छन् भने एक हजारभन्दा बढी म्युजिक भिडियो सम्पादन। 'वान लेग डान्सर'को परिचय बनाएकी रोमाले नृत्यबाटै मनग्ये नाम र दाम कमाएकी छन्। लोकप्रिय गायक प्रकाशले गायनबाटै परिवार पालिरहेका छन्।

दुःख र संघर्षको आयतन भिन्न होला तर उनीहरूको भोगाइ उस्तै छ। उनीहरूको चमक र सक्रियता हेर्दा लाग्छ, श्वासचाहिँ बच्नुपर्छ, शरीर जति क्षति भए पनि कुनै न कुनै क्षेत्रमा सफल भइन्छ। हो, इच्छाशक्ति र आत्मबल हुनुपर्‍यो। प्रबिन साझा अनुभव सुनाउँछन्, "जीवन कहिल्यै विकल्पहीन हुँदो रहेनछ। केवल विकल्प (क्षमता)लाई पहिल्याउन र पछ्याउन सक्नुपर्छ।"

पत्रकारितामा झन् व्यस्त

समाचार लेख्न अफिस हुइँकिएका गजेन्द्रको ८ असोज ०६५ पछिका पाँच महिना अस्पताल बास भयो। रिर्पोटिङको दौडधुपमा बित्ने दिन अस्पतालमै थन्कियो। बेडबाटै पत्रपत्रिकाका लागि लेख लेख्थे तर मन कहाँ मान्थ्यो र ? तैपनि सन्तोष नमानी धरै थिएन, किनभने अब प्रत्येक चालमा अरू कसैको सहारा चाहिन्थ्यो। अस्पताल हुँदा त साथीभाइ आउँथे, दिनहरू जसोतसो कट्थ्यो तर घरमा आएपछि पूरै न्यास्रोपन। चरम निराशाले गाँज्न थाल्यो। उम्कन खोज्थे। मुटुमुनिको भाग देख्नासाथ भक्कानो फुट्थ्यो। तर पत्नी कुन्ता थापाको साथ अनि पुस्तकले बिस्तारै मन भुलिन थाल्यो। खासगरी आर्थिक पत्रकारितामा दक्ष उनी घरमै उपलब्ध स्रोत-साधनको प्रयोगमार्फत अध्ययन-अनुसन्धानमा अभ्यस्त हुन थाले। ती पल यसरी सम्झिन्छन् उनी, "बिस्तारै ममा पश्चात्ताप र आत्मग्लानिमा पिल्सने कि जे छ, त्यसमै रमाएर अगाडि बढ्ने भन्ने सवाल पैदा भयो। मैले दोस्रो विकल्प रोजें।" त्यही बेला उनी *दैनिकी डटकम* नामक अनलाइन न्युज पोर्टलको सम्पादकमा नियुक्त भए। आफू एक पाइला हिँड्न सक्दैनथे तर वेबसाइटमा समाचार छिन-छिनमा अपलोड गर्नुपर्थ्यो। यस्तो चुनौतीलाई सामना गर्न सकिन्थ्यो होला र ? भन्छन्, "सकें। किनभने मेरो आधा शरीर नचले पनि हात र दिमाग चल्थ्यो नि।"

बस्थे कलंकीमा, कार्यालय थियो धुम्बाराहीमा। प्रत्येक दिन ह्वीलचेयर चढेर कार्यालय पुग्थे। समाचार लेख्न, सम्पादन गर्न अनि पोस्ट गर्न झ्याईनभ्याई हुन्थ्यो। केही समयपछि *कारोबार* दैनिकमा जोडिए। त्यसपछि कलंकीबाट मध्यबानेश्वर धाउन थाले। घरबाट सडकसम्म ह्वीलचेयर, त्यसपछि ट्याक्सी अनि कार्यालयको आडैबाट फेरि ह्वीलचेयर। उनलाई कुनै समस्या थिएन तर अफिसले घरबाटै काम गर्ने बन्दोबस्त मिलाइदियो। पत्रिकाको विचार पेज सम्पादकका रूपमा आठ वर्ष काम गरे, घरबाटै। त्यो अवधिमा उनले लेखन र सम्पादनको काम त गरे नै, सँगै अर्थशास्त्रका पुस्तक र जर्नल पनि पढ्न भ्याए। तथ्यांक विश्लेषण गरे। त्यसका प्रतिफल हुन उनका दुई पुस्तक, *आर्थिक उदारीकरणको बीस वर्ष* र *समकालीन नेपाली अर्थतन्त्र*। नयाँ पुस्तकको लेखन अन्तिम चरणमा पुगेको छ। भन्छन्, "यस्तो लाग्छ, दुर्घटना नभएको भए रिर्पोटिङमै अल्झिन्थे होला, यति गहन अध्ययन गर्ने र पुस्तक लेख्ने मेसो यति छिटै जुर्दैनथ्यो कि।"

दुर्घटनाले नै उनको जीवनमा नयाँ पहिचान बनाएको छ। जस्तो, अभिप्रेरक प्रशिक्षणमा ठाउँठाउँ पुग्छन्। जहाँ उनी शारीरिक अपांगता भएकालाई मात्र होइन, सबलांगलाई पनि सफलता र संघर्षका कथा सुनाएर प्रेरणा दिन्छन्। विभिन्न कलेजमा 'गेस्ट लेक्चरर'का रूपमा आबद्ध छन्। काठमाडौंलाई ह्वीलचेयर अनुकूल सहर बनाउने अभियानमा अग्रसरता लिइरहेका उनी अपांगता मामलासम्बन्धी उच्चस्तरीय संयन्त्रका

सल्लाहकार हुन् । इच्छाशक्ति र आँट कतिसम्म बढेको छ भने अघिल्लो वर्ष ह्वीलचेयरबाटै ११ दिन लगाएर अन्नपूर्ण पदयात्रा छिचोलेर आए । दुई पटक आत्महत्याको प्रयास गरेका गजेन्द्र हाँस्दै सुनाउँछन्, "कमाइ पनि बढेको छ । पहिले भाडामा बस्थेँ, अहिले कपनमा आफ्नै कमाइले ह्वीलचेयर अनुकूल घर बनाएको छु ।"

ह्वीलचेयरबाटै एक्सन-कट

गिटारिस्ट भए पनि प्रबिनको सपना थियो, कि सैनिक कि चार्टर्ड एकाउन्टेन्ट बन्ने । काठमाडौंमै जन्मे/हुर्केका उनी पढाइमा अब्बल थिए तर मेरुदण्ड भाँचिएपछि दुवै सपना चकनाचुर भयो । १९ दिन महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पताल र डेढ महिना वीर अस्पतालमा बिताए । अस्पतालबाट घर फर्कंदा चिकित्सकले हिँड्न सक्ने सम्भावना औंल्याएका थिए । त्यसैले प्रबिनले हरेस खाएनन् । नियमित फिजियोथेरापी गर्थे । डेढ वर्ष बित्यो तर केही उपलब्धि भएन । बिस्तारै साथीभाइ घर आउन पातलियो । परिवारका सदस्य पनि आ-आफ्नै काममा व्यस्त हुन थाले । "अनि मलाई एकदमै निराशा र एक्लोपनले सताउन थाल्यो," ती कठोर दिन स्मरण गर्छन्, "जोसँग पनि झगडा गर्न थालेँ । सामान तोडफोड गर्न थालेँ । रक्सी र चुरोटको कुलतमा फसेँ । जिन्दगीदेखि धिक्कार लाग्थ्यो ।"

हुन पनि त्यस्तो मोजमस्ती र रमाइलो गर्ने बेलामा घरमा थुनिएर बस्नुपरेपछिको पीडा कम्ती गहिरो थियो होला र ! दिन, महिना र वर्ष बित्यो । प्रबिनको जीवन अन्धकारको अन्धकारमै । आफैं र दुनियासँग रिसाएर दिन काट्नुको विकल्प थिएन । कार्यक्रम र स्टुडियो धाउन सक्दैनथे । त्यसैले संगीत पनि छोडे ।

यसरी सात वर्ष गुज्रिसकेको थियो । एकदिन इमेज च्यानलमा कार्यरत सुरज श्रेष्ठ उनलाई भेट्न घर पुगे । सुरजको यही आगमनसँगै उनको जीवनमा सुनौला दिन फर्किए । भिडियो सम्पादन सिक्न सल्लाह दिए । कम्प्युटरमा बसेर काम गर्ने भएकाले प्रबिनका लागि यो काम सम्भव र अनुकूल थियो । भोलिपल्टैबाट एक जना प्रशिक्षक घरमै आएर सिकाउन थाले । प्रबिन मुस्कुराए, "अरू केही काम थिएन, सम्पादन सिक्न थालेपछि मलाई संसार पाएजस्तो भयो । दिनकै १६-१७ घन्टा कम्प्युटरमा रमाउन थालेँ ।" किशोरवयदेखि नै सिर्जनात्मक कार्यमा तल्लीन उनले सम्पादनमा छोटै समयमा ठूलो उपलब्धि हासिल गरे । योगेश्वर अमात्यको 'छैन तिम्रो भेट...'बाट सुरु भएको म्युजिक भिडियो सम्पादन यात्राले रफ्तार लियो । त्यसपछि व्यस्त पनि, पैसा पनि । बोझिलो लागेको आफ्नै जीवनदेखि माया लाग्न थाल्यो ।

रोमा न्यौपाने

घटना

०४५ साल

असर

एउटा खुट्टा गुम्यो

कारण

सडक दुर्घटना

सफलता

नृत्यकला

सम्पादनमा कति सफल भए आजभन्दा छ वर्षअघि नै उनी महिनाको डेढ लाख रुपियाँसम्म कमाउँथे । त्यसमाथि भिडियो आफैं निर्देशन गर्न थाले, ह्वीलचेयरबाटै एक्सन-कट भन्दै । तीन दर्जन भिडियो निर्देशनपछि फिल्म निर्देशन गरे, *मोक्ष* । डाँडाकाँडा जहाँ त्यही क्यामेरा लिएर पुग्थे । उनकै जीवनीमा आधारित यस फिल्मले सकारात्मक समीक्षात्मक प्रतिक्रिया बटुल्यो । समय कस्तो आएको छ भने हिजो सुको कमाइ नगर्ने उनी आजकल अरूलाई रोजगारी दिन सक्ने हैसियतमा पुगेका छन् । एउटा भिडियो बनाउँदा घटीमा एक दर्जनले काम पाउँछन् भने फिल्मबाट त दर्जनौँले ।

यही बीचमा उनले विवाह गरे । बाबु पनि बने । कहीँकतै ग्लानि र पीडा छैन । भन्छन्, "हिम्मत हार्नु भएन, दुर्घटनालाई नयाँ जन्म सम्झेर अघि बढ्नुपर्छ । जीवन कहिल्यै नीरस हुन्न ।"

एउटै गोडामा छमछमी

गोडा गुमेको वर्ष रोमाको पढाइ रोकियो । छ महिना त अस्पतालमै । बैसाखी टेक्न सिक्नै समय लाग्यो । आर्थिक स्थिति कमजोर थियो । सबै काममा जान्थे, उनको कामचाहिँ घर कुर्ने । कि क्यासेटमा गीत सुन्ने कि टिभी हेर्ने । तेस्रो विकल्प थिएन । गीत सुने पनि टिभी हेरे पनि नाच्थिन् तर ढोका थुनेर । "म हिँड्दा त मान्छेहरू जिस्क्याउँथे भने नाच्दा त झन् बेइज्जत गर्थे," रोमा भावुक सुनिइन्, "त्यसैले घरकालाई समेत नाच्छु भनिनँ ।" त्यति सानी बच्ची तर अरूको व्यवहार यति रुखो हुन्थ्यो कि गोडा गुमाउँदाको भन्दा तीखो तीरले बिझाउँथ्यो ।

जसोतसो एसएलसी पास गरिन् । त्यसपछि उनलाई इटहरीमा बस्न पटक्कै मन लागेन । साहस यति बलियो कि एक्लै काठमाडौं आइन् । यहाँ आएपछि खिसी गर्ने कम भए । एकपटक पिकनिक जाँदा नाच्ने मौका पाइन् । एउटा गोडाले मस्त नाचेको फोटो पारा ओलम्पिक कमिटीको सदस्यको हातमा पऱ्यो । त्यसको केही समयपछि कमिटीले प्रज्ञा भवनमा गरेको कार्यक्रममा रोमाले 'गुरास फुल्दा वनै घमाइलो...' गीतमा नृत्य गरिन् । यो उनको पहिलो स्टेज डान्स थियो र दर्शकबाट आठ सय रुपियाँ उपहार पाइन् । त्यो भन्दा ज्यादाचाहिँ सबैले उनको नृत्यको तारिफ गरे । कार्यक्रम सकिएपछि उनलाई भेट्नेको लर्को लाग्यो । मिडिया कभरेज पनि उस्तै । माया, सम्मान अनि पैसा सबथोक । त्यसपछि के चाहियो, रोमाको नृत्य मोह झन् गहिरियो । यो प्रसंग हो, ०५६ को । केही समयपछि चलचित्र विकास बोर्डको एक कार्यक्रममा रोमाले नृत्य

गर्ने मौका पाइन् । लामो कपडा लगाएकाले उनले एउटा गोडाले मात्र नाचेको भन्ने धेरै दर्शकलाई पत्तै थिएन । त्यही कार्यक्रममा अतिथि थिए, नेपालका लागि इजरायलका तत्कालीन राजदूत डन विन एलिजर । जब अभिनेत्री जल शाहले एलिजरलाई रोमाबारे बताइन, उनी यति प्रभावित भए कि एक महिने इजरायल भ्रमणको निम्तो दिए । यो उनको पहिलो विदेश यात्रा थियो । त्यहाँ उनले नेपाली मात्र होइन, विदेशीमाझ पनि आफ्नो नृत्यकला पस्किइन् । सामान्य भाषामा भन्दा, त्यसपछि उनले कहिल्यै पछाडि फर्केर हेर्नुपरेको छैन । लोकप्रियताको सिँढी उक्लेको उक्लै । ५ असारमा प्रज्ञा भवनकै प्रांगणमा उनले *नेपाल*सँग भनिन्, "इजरायल जानु पहिले मैले स्टेज माग्दै हिँड्नुपर्थ्यो, फर्केपछि स्टेजले मलाई खोज्न थाल्यो ।" पत्यार नलाग्ला, नृत्य पस्कनकै लागि देशका ४० भन्दा बढी जिल्लाका गाउँगाउँ मात्र होइन, १७ वटा देश पुगिसकेकी छन् ।

सुरु-सुरुमा रोमालाई सबै भार थेग्नुपर्ने भएकाले केही बेर नाच्दा गोडा ज्यादै दुख्थ्यो । तर अहिले बानी परिसकेको छ । एकै पटक आठ-दशवटा गीतमा नाच्न सक्छिन् । जब स्टेज उक्लिन्छिन् र गीत बज्छ, एउटा गोडा नभएको नै बिर्सन्छिन् । दर्शकले पनि विचरा पात्रका रूपमा लिँदैनन्, बरु उनको गीतमा मन्त्रमुग्ध भएर प्रशंसा गर्छन्, रमाउँछन् । त्यसो त स्टेज नृत्य मात्र होइन, *मैदान* फिल्ममा राजेश हमालकी बहिनीका रूपमा अभिनय गरेकी छिन्, उनले । मह जोडीको *डा. सुनिता, अंश*जस्ता सिरियल र एक दर्जन म्युजिक भिडियोमा काम गरेकी छन् ।

भूकम्पपश्चात् शिविर-शिविर धाएर नृत्य देखाइन् । प्रत्येक साताजसो स्कुल र कलेज पुगेर 'मोटिभेसनल स्पिच' दिन्छिन् । तर उनको चाह अझ दुर्गममा पुगेर नृत्य गर्नु हो । किन त ? भन्छिन्, "गाउँमा अपांग सन्तानलाई बाबुआमाले समेत हेयको दृष्टिकोणले हेर्छन् । म त्यहाँ पुगे भने त्यो व्यवहार बदल्न सक्छु जस्तो लाग्छ ।"

प्रकाश तिमिल्सिना

घटना
६ भदौ ०४५
असर
आँखाको ज्योति गुम्यो
कारण
कोसी बाढी
सफलता
गायन

संगीतबाट ज्योति

कोसीले सबथोक बगाएपछि हजुरआमाले धरान लिएर आइन्, प्रकाशलाई । त्यहाँ उनकी हजुरआमा एउटा घरमा सहयोगीका रूपमा काम गरेर बस्थिन् । त्यो घरको आफन्तको बिहे भोजमा प्रकाश र हजुरआमा पनि जान पाए । ठूलो स्वरमा गीत घन्किरहेको थियो । प्रकाशलाई लाग्यो, कोही मान्छे बोलिरहेको छ । उनी ध्वनि पछ्याउँदै गए । धुनले तान्यो । बडो आनन्द लाग्यो । सुन्दै जादा शब्द र स्वर कपी गर्न सके । अरूको अगाडि गाए । उनको स्वरमा यति मिठास रहेछ कि सबैले काखमा लिएर गाउन लगाउन थाले । त्यसपछि त एक कान दुई कान मैदान गर्दै छरछिमेकीमाझ प्रकाश प्रिय हुन थाले । सायद दृश्यविहीन र टुहुरो भएकाले थप संवेदना पलाएको हुँदो हो । भन्छन्, "तर त्यतिबेला मलाई क्यासेट र रिलले गाउने हो भन्ने लाग्थ्यो । मान्छेले गाउँछन् भन्ने धेरैपछि थाहा पाएको ।"

खान-लाउनै मुस्किल थियो, गायनमा प्रकाश कसरी अगाडि बढ्नु ? तर यही गायनकलाको कारण उनले स्कुल भर्ना हुने मौका पाए । कक्षा-५ पास गरेपछि एक विदेशीले उनलाई काठमाडौंको ल्याबोरेटरी स्कुलमा ल्याएर पढाउनुमा गायनकै भूमिका थियो । गीत त सुन्थे तर यहाँ आएपछि पढाइमा व्यस्त भए किनभने सामान्य स्कुल पढेका उनलाई त्यो स्कुलका विद्यार्थीसँग प्रतिस्पर्धा गर्न हम्मेहम्मे पर्‍यो । तर ब्रेल लिपिमा पढेरै प्रथम श्रेणीमा एसएलसी पास गरे ।

यता, ११ कक्षामा भर्ना भए । उता, म्युजिक रियालिटी सो साउथ एसियन स्टारको नेपाल पार्टनरका रूपमा इमेज च्यानलले कार्यक्रम गर्ने भयो । प्रकाश भन्छन्, "अगाडि बढिएला भन्दा पनि कलेजबाट निस्कने बहाना मिल्छ भनेर सोमा भाग लिएको थिएँ तर नसोचेको सफलता पाइयो ।" त्यो भनेको, चार हजार प्रतियोगीबाट उनी र अमूल सापकोटा उत्कृष्ट ठहरिए र नेपालको प्रतिनिधि गर्दै भारतको कोलकातामा भएको सोमा पुगे । दक्षिण एसियाली मुलुकका प्रतिभाहरूबीचको उक्त प्रतिस्पर्धामा उनी चौथो भए । जुन कार्यक्रम *स्टार उत्सव* टेलिभिजनबाट प्रसारण भएको थियो ।

दृश्यविहीन प्रकाशले भारतमा त्यो सफलता हासिल गरेपछि नेपालमा उनको चर्चा बढ्दै गयो । उनको डेब्यु एल्बम *दिव्यदृष्टि* तत्कालीन राष्ट्रपति रामवरण यादवले विमोचन गरे । त्यसपछि रि-रेकर्डेड गीतहरूको सँगालो *श्रद्धान्जली* एल्बम निकाले । तर उनलाई आममानिसमा चिनाएको गीत चाहिँ 'प्रिय तिम्रो सिउँदोमा सिन्दूर भर्न पाऊँ...' हो । त्यसपछि स्टेज सोमा उनको माग ह्वात्तै बढ्यो । ०६७ मा 'प्रकाश' एल्बम लिएर आए । गीत गाउनकै लागि २० वटा मुलुक पुगिसकेका छन्, त्यो पनि एक्लै । आठ भाषामा गाउन सक्छन् । ड्रम, पियानो, गिटार, हार्मोनियम, बाँसुरी बजाउँछन् । गाउन मात्र होइन, गीत लेख्न र कम्पोजमासमेत माहिर छन् । तैपनि भन्छन्, "आँखा र स्वरको कुनै सम्बन्ध छैन । त्यसैले म दृश्यविहीन छु भनेर कसैले मेरो गायनलाई सहानुभूति दिएको फिटिक्कै मन पर्दैन ।"

समाजको परम्परागत आँखाबाट हेर्दा गजेन्द्र, प्रबिन, रोमा अनि प्रकाशहरू निरीह पात्र हुन् । तर उनीहरूको शरीरको सानो अंग मात्र अपूर्ण हो । मन सबल र सक्षम छ । न पश्चात्ताप छ, न ग्लानि र पीडाबोध । हिजोआज उनीहरूको आँखा कहिल्यै रसाउँदैन । प्रारब्धको पीडादायी खेलमा अथाह इच्छाशक्तिको सहाराले जीत जो हासिल गरे । गजेन्द्रले लेखेकै छन् :

कैदी जीवन नीरस हुन्छ भन्छन्
सुनको दरबारमा
मायाले नै बचाउँछ जिजीविषा
हरदिन मनको घरबारमा
जीत मात्रै लेख्छन् र भावीले
सबैको भाग्यमा कहाँ
आफूसँग हार्दैन जो मान्छे यहाँ,
हुन्छ विजयी संसारमा ♦

कमसल किताबको रजाइँ

पुस्तकालयलाई १ अर्ब १६ करोड ६१ लाख रुपियाँ अनुदान दुरूपयोग

■ राजकुमार बानियाँ

वार्षिक क्यालेन्डरमा असार किताबको सिजन होइन । तर, सहिद शुक्र माविबाट बागबजार मोडिने देब्रे गल्लीमा रहेको शब्दमार्ग, ६४ नम्बरको कालो सिसाको घरमा भने किताब बिक्रीको चटारो छ। यहाँ चार-पाँच जना कामदार हस्याङफस्याङ प्याकिङ गरिरहेका छन् भने चार-पाँच जनालाई बिल काट्न भ्याइनभ्याई छ ।

किताबै किताबको थाकमा रहेका पुण्यप्रसाद प्रसाईको धपेडी झन् लेखिनसक्नु छ । फोन ननस्टप बजेको बज्यै छन्, ल्यान्डलाइन र हातेफोन एकसाथ सम्हालिरहेका छन्। कसैलाई ठेगाना बताइरहेका छन् त कसैसित किताबको अर्डर लिइरहेका छन्। उनी बिहान ७ बजे अफिस आइसक्छन्, राती ११ बजेसम्म अफिसमै हुन्छन्। व्यस्तताका कारण इन्डक्सन चुलो पनि अफिसमै राखेका छन्। यहीँ पकाउँछन् अनि खान्छन्।

प्रसाईको डिकुरा पब्लिकेसनले सरकारी विद्यालयको पुस्तकालयका लागि गरेको फेसबुक-विज्ञापन पनि गजबकै छ, 'एक लाखको किताब किन्दा एक लाखको किताब फ्री । १० लाख किन्दा १० लाखको फ्री ।' त्यसको सम्मोहनमा परेरै होला, एक महिनाको छोटो अवधिमै इलामदेखि गुल्मीसम्म, रसुवादेखि उदयपुरसम्मका २ सय ५० भन्दा बढी विद्यालयले पुस्तक लगिसकेका छन् भने कतिपयले धमाधम बुकिङ गरिरहेका छन् । कतिपय ठाउँबाट तीन-चारवटा विद्यालय मिलेर आएका छन्, कतिपय विद्यालयले बैंकमार्फत सीधै पैसा पठाइदिएका छन् ।

शिक्षा विभागको कार्यक्रम तथा बजेट शाखाका अनुसार 'एक विद्यालय, एक पुस्तकालय' कार्यक्रम तीन वर्षदेखि जारी छ। आर्थिक वर्ष ०७३/७४ मा काठमाडौँ, भक्तपुर, मुगु, हुम्ला, सुर्खेत र डोटीबाहेकका ६९ जिल्लाका १ हजार ७ सय ९४ सरकारी विद्यालय प्रत्येकले ६ लाख ५० हजार रुपियाँका दरले पुस्तकालय व्यवस्थापनका लागि फिक्सिङ र किताब खरिद अनुदान पाएका छन्। त्यस हिसाबले यसको कुल बजेट १ अर्ब १६ करोड ६१ लाख रुपियाँ छ ।

यसपटक सबैभन्दा कम मनाङ र मुस्ताङमा एक-एक र सबैभन्दा बढी रुपन्देहीका ७१ विद्यालयले पुस्तकालय अनुदान पाएका छन्। यस वर्ष ६ जिल्लाले पुस्तकालयका लागि 'अनलाइन इन्ट्री' नै गरेनन्। नौ दातृसंस्थाको साझेदारीमा विद्यालय क्षेत्र विकास कार्यक्रम (एसएसडीपी)ले यसको संयोजन गरिरहेको छ। तर, पुस्तकालयको अनुदान भने जिल्ला शिक्षा कार्यालयमार्फत गएको हो । "कुन विद्यालयलाई कुन आधारमा दिने भन्ने काम जिल्ला शिक्षा कार्यालयको हो," शिक्षा विभागका उपनिर्देशक एवं कार्यक्रम तथा बजेट शाखाका प्रमुख घनश्याम अर्याल भन्छन्, "अनुगमनको जिम्मा पनि जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र र स्रोत व्यक्तिकै हो ।"

उदेकलाग्दो त के भने त्यो कार्यक्रम अन्तर्गत पुस्तक खरिदको अख्तियारी पाएर राजधानी पसेका अधिकांश शिक्षक या प्रतिनिधिलाई बजारबारे जानकारी नै छैन। बजारमा विद्यार्थीको रुचिका के-कस्ता पुस्तक छन् ? राम्रो कुन हो र कुन होइन ? विद्यालयमा कुन राख्नु उपयुक्त

हुन्छ र कुन छैन ?

सबभन्दा महत्त्वपूर्ण कुरा हो, पुस्तकालयले संग्रह गरेका सामग्रीले पाठक वा विद्यार्थीहरूको अभिरुचिलाई आकर्षण गर्न सक्छ कि सक्दैन ? "अधिकांश पुस्तकालयमा विद्यार्थीको ज्ञानको भोक शान्त पार्ने किताबका साथसाथै तालिमप्राप्त लाइब्रेरियन पनि छैनन्," शिक्षाविद् एवं काठमाडौं विश्वविद्यालयका पूर्वउपकुलपति सुरेशराज शर्मा भन्छन्, "पाठ्यपुस्तक वा कसैले पढ्न नखोज्ने अरुचिकर पुस्तक संग्रह गर्नु प्रधानाध्यापक र शिक्षकले नै त्यसको महत्त्व नबुझेको प्रमाण हो ।"

यतिबेला पूर्वी नेपालका जिल्लामा राजधानीका प्रकाशकहरू दौडाहामा छन् । कतिपय 'स्कुल भिजिट'मा छन् भने कतिपय 'होम डेलिभरी'मा । एकता बुक्स, रत्न पुस्तक भण्डार, एमके पब्लिसर्स आदि नाम चलेका प्रकाशकले डिकुराको जस्तो भारी नभए पनि ३० देखि ३५ प्रतिशतसम्म छूट दिएका छन् ।

प्रकाशकहरूको दबाब कस्तो छ भने, इलामको चिसापानी मावि चिसापानीका प्रधानाध्यापक धनबहादुर मगरले *नेपाल* प्रतिनिधिले 'कान्तिपुर पब्लिकेसन्स्' भन्नासाथ 'के कस्ता किताब छन्, छुट के छ' भनेर सोधन भ्याइहाले । पत्रिका प्रकाशक भनेर बुझाएपछि उनले भने, "राजधानीका मञ्जरी प्रकाशन र डिकुराले सम्पर्क गरेका छन् । तर, पुस्तक कसकहाँ खरिद गर्ने भन्ने निधो भइसकेको छैन ।"

छुटका नाममा अघिल्लो वर्ष पनि डिकुरा पब्लिकेसनका किताब लगेको रहेछ विद्यालयले । तर, ती किताब उपयोगहीन भएको त्यहींका एक शिक्षकको अनुभव छ । फेरि त्यहीं किन्ने कि नकिन्ने खरिद समितिले अझै निधो गर्न सकेको छैन । कारण एउटै छ, एक लाखको किन्दा एक लाखको सित्तैंमा ।

इलाम, उदयपुर आदि जिल्लाले डिकुराकै पुस्तक किन्ने निर्णय गरेको प्रकाशक प्रसाईको दाबी इलामका जिल्ला शिक्षा अधिकारी टंक गौतम भने अस्वीकार गर्छन् । "मैले त्यस्तो कुनै निर्देशन दिएको छैन," गौतम भन्छन्, "त्यस्तो निर्देशन गर्ने मान्छे को हो ? त्यसलाई कारबाही गर्न म तयार छु ।" उनको भनाइमा पुस्तक खरिदको अधिकार सम्बन्धित विद्यालयलाई नै दिइएको छ ।

गौतम त बरु डिकुराले 'स्टक क्लियरेन्स' या 'डम्पिङ' गर्नुपर्ने खाले किताब भिडाएको थाहा पाएर आफूले छानेर ल्याउन लगाएको दाबी गर्छन् । "इलामका ४० मध्ये ३० वटा विद्यालय पुगेर मैले अनुगमन गरेको छु," उनी भन्छन्, "मापदण्ड पूरा नगरेका र कार्यप्रगति सन्तोषजनक नभएका विद्यालयले दोस्रो निकासा पाउँदैनन् ।" ज्ञातव्य रहोस्, जिल्ला शिक्षा कार्यालयले पहिलो किस्तामा ४ लाख ३५ हजार रुपियाँ मात्र निकासा दिएको छ ।

विद्यालय पुस्तकालयका लागि डिकुरा मात्र नभएर सांग्रिला, पिरामिड, प्यासिफिक, खोजी, बुकहिल, बीएनआदि १० वटा प्रकाशकको ग्रुप बनाएको प्रसाईको भनाइ छ । "सबै डिकुराको मात्र किताब छैन । अरु प्रकाशक पनि हाम्रो सम्पर्कमा आएका छन्," प्रसाई भन्छन्, "तर, हाम्रो समूहमा सामेल नभएका प्रकाशकलाई प्याकेजमा लिँदैनौं ।"

जानकारका अनुसार समय, पिरामिड, डल्फिन, माइल स्टोन आदि नामका प्रकाशन पनि डिकुराकै हुन् । छुटका नाममा उसले साबिकभन्दा दोब्बर मूल्य राखेर पुनःमुद्रण गरिरहेको छ । जस्तो : तीन सय रुपियाँ रहेको जीवनीमूलक किताब *हिटलर*को मूल्य सात सय रुपियाँ तोकिएको छ ।

डिकुराका कारण पुस्तक बजार चौपट हुने औंल्याउँछन् प्रकाशक सिकाइ समूहका सुदर्शन घिमिरे । "डिकुराले ५० प्रतिशत दिन्छ, तपाईंहरूले कति दिनुहुन्छ भनेर आउँछन्," घिमिरेको असन्तुष्टि छ, "किलोको १० रुपियाँमा बेच्नुपर्ने किताबमा ५० प्रतिशत दिनु ठीकै हो । वास्तविक प्रकाशकले ५० प्रतिशत छुट दिन सक्दैन ।"

शिक्षा विभागले २८ माघ ०७३ मा पुस्तकालय सम्बन्धी जिल्ला शिक्षा कार्यालयलाई पठाएको निर्देशनपत्रमा पुस्तकालय बजेटबाट पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्रीका अतिरिक्त पुस्तक र्‍याक, कुर्सी टेबलको व्यवस्था गर्न सकिने उल्लेख छ ।

कतिपय विद्यालय डेढ लाख रुपियाँसम्मका फर्निचर, एक लाख रुपियाँको ल्यापटप प्रोजेक्सन खरिदको योजनामा छन् भने कतिपय विद्यालय पूरै पैसाले इ-लाइब्रेरी बनाउन चाहन्छन् । स्कुल भिजिटमा पुगेका प्रकाशकहरू यसबाट पठन संस्कृति विकास नहुने ठान्छन् । "कतिपय ५० हजारको किताब किनेर सीधै दुई लाखको बिल माग्छन्, पुस्तकालय कार्यक्रमले शिक्षक-प्रधानाध्यापकलाई पनि भ्रष्ट बनाइसकेछ," १० जिल्ला घुमेर १०-१२ विद्यालयसँग कारोबार गरेका मञ्जरी प्रकाशनका कृष्ण अविरल भन्छन् ।

विद्यालय पुस्तकालय कार्यक्रम कति प्रभावकारी भयो भन्ने छुट्टै अध्ययन भएको छैन । तर, सिकाइ प्रवर्द्धनमा यसको भूमिका हुने बताउँछन्, विभागका उपनिर्देशक अर्याल । भन्छन्, "विभागको निर्देशनपत्र अनुसार काम भए-नभएको खोजी जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय र शिक्षा विभागले सम्बन्धित विद्यालयलाई सच्चाउन लगाउन या कारबाही गर्न सक्छन् ।" ◆

'बरू बजार सपारेको छु'

– पुण्य प्रसाई, डिकुरा पब्लिकेसन

फेसबुकमा १० लाखको पुस्तक किन्दा १० लाख फ्रीवाला विज्ञापन तपाईंकै होइन ?

हामीले लहडमै सामुदायिक पुस्तकालयका लागि फेसबुक विज्ञापन सुरु गरेका थियौं । हाम्रो ध्येय गाउँमा गतिलो पुस्तक पुगोस् भन्ने हो । अहिले हामीले एक लाख किन्दा एक लाख फ्री मात्र दिएका छौं । चारै लाखको किन्नेले केही छुटमा लगिरहेका छन् ।

कुन कुन जिल्ला सम्पर्कमा आए त ?

सुदूरपश्चिमका विद्यालयबाहेक सबैजसो जिल्लाले सम्पर्क गरेका छन् । इलाम, उदयपुर लगायतका जिल्ला शिक्षा अधिकारीले त सबै विद्यालयलाई डिकुराबाटै पुस्तक खरिद गर्न निर्देशन नै दिएका छन् ।

भारी छुट दिएर पुस्तक बजार चौपट बनाएको आरोप छ नि ?

प्रकाशकको उद्देश्य नाफा खानु मात्र होइन । पहिले त पठन संस्कृतिको विकास गर्नुपर्‍यो । मुनाफा अलिकति कम राखेर बेच्दा केही बिग्रँदैन । कपडा बेचेको हो र यति नै चाहिन्छ भन्ने ? मैले पुस्तकको बजार बिगारेको होइन, बरु सपारेको छु ।

हाइकु – हाईहाई !

मुरारि पराजुली

नेपाली साहित्यमा ०१९ देखि देखापरेको हाइकु विधा बिस्तारै विस्तारित हुँदै छ । यसै यात्रामा देखापरेको छ, तीन स्रष्टाको संयुक्त हाइकुसंग्रह *खडेरीका फूलहरू* । स्रष्टाहरू हुनुहुन्छ- डीबी पुन, खगेन्द्र बस्याल र हृदय लेकाली ।

खडेरीका फूलहरू हाइकु संग्रहमा प्रत्येक हाइकुकारका १६० का दरले जम्माजम्मी ४८० हाइकु संगृहीत छन् । विषयका दृष्टिले यी तीनै स्रष्टाका रचनामा नेपाली राजनीतिमा देखापरेका असंगतिमाथि तीव्र असन्तुष्टि र विरोधको स्वर पाइन्छ भने राजनीतिलाई विकृत पार्ने नेताहरूमाथि व्यंग्यवाण चलाएको देखिन्छ । सामाजिक अव्यवस्था, असमान, अप्राकृतिक र असन्तुलित आर्थिक अवस्था एवं सांस्कृतिक विचलनले हाइकुकारहरू मर्माहत छन् । स्रष्टाहरूले देशप्रतिको अगाध भक्ति, मानवताप्रतिको ऐक्यबद्धता, छिमेकी मुलुकबाट हुने अतिक्रमणप्रति आक्रोश पोखेका छन् । प्राकृतिक विपद्का अगाडि मानिसको निरीहता, मानवीय स्वार्थ र कमजोरीको उपहास, स्रष्टाहरूकै वैयक्तिक अनुभूतिप्रेषणको लालसा, तात्क्षणिक प्रसंगको उत्तेजना आदिलाई यस संग्रहमा भावका रूपमा प्रस्तुत गरेका छन् ।

हाइकुकारहरू राष्ट्रिय भावनाले ओतप्रोत छन् र देशको विशिष्टतामा गर्व गर्दै यसमाथिको वैदेशिक हस्तक्षेप र हेपाहा प्रवृत्तिमाथि आक्रोश ओकलेका छन् । यी हाइकुहरूमा समयचेत छ । केही हदसम्म रुमानी कल्पनाको उडान र भावावेशको डुबुल्की भेटिए पनि मूलस्वरका रूपमा यिनमा प्रगतिशील चेत पाइन्छ । उडन्ते भावुकताभन्दा आफूले बाँचिरहेको परिवेशलाई यथार्थवादी ढंगले चित्रण गर्ने कौशल यी हाइकुकारहरूमा पाइन्छ ।

समीक्ष्य पुस्तकका हाइकुहरूमा सकारात्मक सामाजिक परिवर्तनको चाहना, राजनीतिभित्र नैतिकता र मुलुक समृद्ध तुल्याउने समर्पण, राष्ट्रवाद एवं



खडेरीका फूलहरू
विधा : हाइकु
लेखक : डीबी पुन, खगेन्द्र बस्याल र हृदय लेकाली
प्रकाशक : सीता पुन, रेनुका बस्याल र सरस्वती बस्नेत
पृष्ठ : १३६
मूल्य : १०० रुपियाँ

मानवतावादको वैचारिक स्वर मुखर भएको देखिन्छ ।

डीबी पुन नेपालका अब्बल दर्जाका हाइकुकार हुन् । उनका हाइकुमा विषयक्षेपणको सरल प्रेषण अनि औत्सुक्यको चरम उठान र अन्तमा औत्सुक्यको अप्रत्याशित भेदन वा शमन पाइन्छ । क्रमिकताको कुशलतापूर्ण व्यवस्थापनले मात्रै हाइकु हाईहाई हुनसक्छ । यस कलामा डीबी पुन अकबरी सुनझैँ खारिएका छन् ।

खगेन्द्र बस्याल नेपाली हाइकुमा लय भरेर काव्यप्राण प्रतिस्थापन गरिरहेका हाइकुकार हुन् । यिनी अक्सर आफ्ना हाइकुमा शब्दको यान्त्रिक सम्मिलन गर्नेभन्दा अनुप्रासीय चमत्कारको प्रयोगले साँच्चै काव्यात्मक बनाउन क्रियाशील साधक हुन् । कथ्यविषयका दृष्टिले यिनी झिनामसिना वा तात्क्षणिक घटनामा पनि हाइकुलाई पक्रने दुवाली थापिरहेका भेटिन्छन् ।

हृदय लेकाली पनि सूक्ष्मतामा गहनताका निम्ति घोत्लिरहने सर्जक हुन् । यिनी हतारो गर्नुभन्दा लामो परीक्षण र साधनाले भावको सुन्दर चित्रण गर्न रुचाउँछन् । यिनमा औत्सुक्य र बैठानको शिल्प उत्तरोत्तर आरोहणशील रहेको अनुभव गर्न सकिन्छ ।

जापानमा अत्यन्त लोकप्रिय रहेको हाइकु नेपालीमा आइपुग्दा अलि कृत्रिम कविताजस्तो लाग्छ । कवितालाई चिनाउने मूल तत्व भनेको लय नै हो तर नेपालीमा लेखिएका अधिकांश हाइकुमा लयको झन्झन पाइँदैन । अक्षरको गणनामा घोत्लिएका हाम्रा हाइकुकारले यसको लय व्यवस्थापनमा खासै ध्यान दिएको देखिँदैन । तीन पंक्तिको हुनाले यसमा लयको व्यवस्थापन हुन नसकेको भनूँ भने हाम्रा त्रिपदीय भईकन पनि रोइलाजस्ता लयपूर्ण, लालित्यपूर्ण, भावपूर्ण र कथ्यपूर्ण गीत दुनियाँमा कहाँ भेटिएलान् र, तर त्यही त्रिपदीय हाइकुले लयको एक फाँकी झोक्का पनि उन्मेष गर्न नसकेको देखिन्छ ।

बाह्य लय खोज्नका लागि वार्णिक, मात्रिक वा आक्षरिक पुनरावृत्ति हुनैपर्दछ । बाह्यलय अन्तर्गतका वार्णिक, मात्रिक वा आक्षरिक आवृत्तिको भनौं वा छन्दको खोजी नभएकाले नेपाली हाइकुले लयलाई त्यति विघ्न पक्रन नसकेको हो कि भन्ने लाग्छ । होइन, आन्तरिक लय खोज्ने हो भने पनि त्यसमा छ/सात हरफले फेरो मारेको हुनुपर्छ र त्यहाँ वर्णहरूको आवृत्तिजन्य व्यवस्थापन एवं अनुप्रासीय चमत्कार हुनैपर्दछ । तर नेपाली भाषिक विशिष्टतामा रहेको तीन हरफे हाइकुमा गद्यमुक्तकमा जत्तिको चलखेल गर्ने औसर नजुरेकाले होला कि आन्तरिक लयको पनि कौशल खासै भेटिएको छैन । तथापि यस संग्रहका हाइकुकारहरू वर्णगत आवृत्ति वा अनुप्रासीय गठनमा केही मात्रामा भए पनि लागिरहेकाले भविष्यमा लयमधुर हाइकुको योगदान हुने आशा गर्न सकिन्छ । नेपाली हाइकु भण्डारमा यी तीन जनाको यो संग्रह उदाहरणीय सम्पत्तिका रूपमा भित्रिएको छ । ♦

अरुन्धतीको कमजोर 'कमब्याक'

निशान्त खनाल

आउटलुक म्यागेजिनमा लामालामा राजनीतिक स्तम्भ लेख्ने अरुन्धती रोयको आख्यान-प्रेम निरन्तर छ । २० वर्षअघि *गड अफ स्मल थिङ्स* नामक उपन्यास लेखेर चर्चित बनेकी यी लेखकले त्यसयताको धेरैजसो समय भने गैरआख्यान लेखेरै बिताइन् । भारतीय उपमहाद्वीपमा रोयका राजनीतिक आलेखका समर्थक र विरोधी उत्तिकै छन् । *गड अफ स्मल थिङ्स*पछिका वर्ष रोयले त्यसकै ब्याज मात्रै खाइरहिन् । आफूभित्रको उपन्यासकारलाई खरो राजनीतिक टीका-टिप्पणीले दबाएर राखिन् । यसको जवाफ रोयले उपन्यास *द मिनिस्ट्री अफ अटमोस्ट ह्यापिनेस*मार्फत दिएकी छन् ।

यो उपन्यास एक क्यानभास हो, जसमा अरुन्धती रोयले आफूले नजिकबाट नियाल्दा देखेको भारतका विभिन्न रंग पोतेर एउटा अमूर्त चित्र सिर्जना गरेकी छन् । *द मिनिस्ट्री अफ अटमोस्ट ह्यापिनेस* बट्टामा खाँदेर राखिएको अमिलो अचारजस्तै छ, जसमा रोयले समकालीन भारतका धेरै विषयहरूलाई मज्जासँग खाँदेकी छन् । अमिलो मन पराउनेहरूका लागि उपन्यास गजबको खुराक बनेको छ, सधैं मीठो अनि गुलियो मात्रै खाइरहने बानी परेकाहरूलाई यो उपन्यास अमिलो अनि अलि नमीठो लाग्ला ।

भारतका विभिन्न आयामहरूको एउटा तथ्यचित्र हो, उपन्यास । उपन्यासले प्रेम, पारिवारिक सम्बन्ध, जातीयता, धर्म, लिंग, छुवाछूतजस्ता विषयलाई उठान गरेको छ । प्रेम, धीरता अनि मानव जीवनका अनेक रंगले भरिए तापनि *द मिनिस्ट्री अफ अटमोस्ट ह्यापिनेस* विशुद्ध राजनीतिक उपन्यासजस्तो देखिन्छ ।

पर्यावरणीय चिन्तनबाट सुरु भएको उपन्यासमा रोयले बिग्रँदो वातावरणका विषयमा आफ्नो चासो व्यक्त गरेकी छन् । आफ्ताब जो पछि अन्जुम बन्छिन् उपन्यासमा मुख्य पात्र बनेर देखापरेकी छन् । तर, रोयको लेखाइले उपन्यासलाई पात्रप्रधान बन्नै दिँदैनन् ती विषयप्रधान बन्छन् ।



द मिनिस्ट्री अफ अटमोस्ट ह्यापिनेस

लेखक	:	अरुन्धती रोय
प्रकाशक	:	पेन्गुइन
पृष्ठ	:	४३७
मूल्य	:	५९९ भारतीय रुपियाँ

अन्जुमजस्तै तिलोत्तमा तिलो, मुसा, सद्दाम हुसेनहरूले पनि उपन्यासमा मुख्य पात्रको भूमिका खेलेका छन् । पात्रहरू हुनुपर्ने जति सशक्त भने छैनन् ।

अन्जुम जन्मिँदा अफ्ताब थिइन्, भारतीय समाजले 'हिजडा' भनेर सम्बोधन गर्ने उनको लैंगिक पहिचानकै कारण १५ वर्षमै घर छाडेका अन्य समलिंगीहरूसँगै सपनाको घरमा बस्न पुग्छिन् । आफ्नो मातृत्वको भोक शान्त पार्न मस्जिदमा भेटेकी एक बालिका जिनाबको मातृत्व अन्जुमले ग्रहण गर्छिन् । हिजडा समुदायमा सेलिब्रिटी बनिसकेकी अन्जुम गुजरातमा क्रुर हिंसा देखेपश्चात् चिहानमा बस्न पुग्छिन् । मृत व्यक्तिहरूसँगै, चिहानको त्यो घरलाई रोयले आधुनिक भारतको बिम्बका रूपमा प्रस्तुत गरेकी छन् ।

अचेल कस्मीरका विषयमा रोय बोलिनन् भने उनका कृति खल्लो लाग्न थाल्छन् । त्यसैले होला, उपन्यासको दोस्रो भागमा सधैंजसो उठाउने कस्मीर अनि त्यो हिमाली राज्यका आयामबारे प्रस्ट पारेकी छन् । यी विषयसँगै आधुनिक भारतको पुँजीवाद र यसका खराब पक्ष, भारत-पाकिस्तान सम्बन्ध, आतंकवाद आदि विषयले पनि उपन्यासमा ठाउँ पाएका छन् ।

उपन्यासमा भारतीय मिडिया, भ्रष्टाचार, रंगभेदजस्ता विषय पनि मज्जैसँग जमेका छन् । रोयले उपन्यासमा बिम्बहरूको प्रयोग गरेरै समकालीन भारतीय राजनीतिक पात्रहरूको प्रवेश गराएकी छन् । नरेन्द्र मोदी, गुजरातको लल्लाको रूपमा देखापरेका छन् । बन्दी खरायो सरकारका रूपमा कांग्रेस आईले पनि उपन्यासमा ठाउँ पाएको छ । यस्तै, अन्ना हजारे र अरविन्द केजरीवाल अनि मनमोहन सिंह समेतले उपन्यासमा आफ्नो उपस्थिति जनाएका छन् ।

आफ्ना गैरआख्यानहरूमा जस्तै रोयले भारतमा राज्यको आडमा हुने दमन र हिंसाले पिछडिएका नागरिकलाई आर्थिक र राजनीतिक मूलधारमा समेटिन परेको सकस यस उपन्यासमार्फत पनि व्यक्त गरेकी छन् । पहिलो उपन्यास चर्चित बनेपछि दोस्रो पुस्तक उत्तिकै सफल बनाउन लेखकले दबाब महसुस गर्छ, रोयका यी २० वर्ष सहज थिएनन् । उनको चर्चित उपन्यासकारको छवि सामाजिक अभियन्ताको छविले धपक्कै छोपिदिएकाले पनि होला, *मिनिस्ट्री अफ अटमोस्ट ह्यापिनेस* फैलिन खोज्दाखोज्दै कयौं विषयमा खुम्चिएको छ । उनको पहिलो उपन्यासभन्दा यो उत्कृष्ट भने हुन सकेको छैन ।

धेरै विषयलाई एकैसाथ समेट्न खोजेकाले उपन्यास अलि गह्रौं बनेको छ । उपन्यास सरसर्ती बगेको त छ, तर यो बगाइ कतैकतै हराएको छ । लेखकले एकैपटक धेरै विषय उठान गर्दा पाठकहरू कथासँग नबग्ने तर खास घटनासँग भने आफूलाई नजिक पाउने सम्भावना देखिन्छ । यो उपन्यास बुझ्न भारतीय समाज, राजनीति, संस्कृति, आर्थिक विषमता र सार्वजनिक वृत्तमा देखापरिरहेको छलफल, बहस र विवाद पनि बुझ्नुपर्ने हुन्छ । उपन्यासमा औपन्यासिकता कम र घटना-वर्णन-विवरण बढी छ । भन्न सकिन्छ, यस उपन्यासमार्फत अरुन्धतीले कमजोर 'कमब्याक'गरेकी छन् ।

यद्यपि, माकुराको जालोजस्तै जेलिएको भारतीय समाज र राजनीति बुझ्न रोयको यो उपन्यास उपयुक्त खुराक चाहिँ हो । ◆

संस्मरण

॥ अनिल पौडेल

विवाहको रात र कम्युनिस्टको जात



मलाई बहुदले मास्टर भन्दा रहेछन् । बहुदलभित्र पनि राजा मान्ने होइन, राजा फाल्ने चैं अरे ! कोही झापाली भन्थे, कोही नक्सलाइट भन्थे । थर थाको, घर नभाको मान्छे म । बिहान धरान क्याम्पसमा पढ्थें । दिउँसो साजीलाल स्कूलमा पढाउँथें । त्यहीचाहिँ टुंगो थियो अरु बेटुंगो ।

समय समयमा मलाई सञ्चालक समितिको बैठकले अत्याउँथ्यो । पञ्चैपञ्च थिए समितिमा । प्रधानपञ्चचाहिँ अध्यक्ष थिए । एक दिन त अध्यक्षले मुखै फोरेर भने, 'क्या हो मास्टर, विद्यार्थी उचाल्छौ रे ! व्यवस्था विरोधी, राजाविरोधी कुरा गर्छौ रे ! जागिर खाने मन छैन ? कि जाकिदिऊँ थानामा ?'

उसो त मेरो नमस्ते पनि एक हातले फर्काउँथे उनी । मन लागेन भने त्यही एक हातलाई पनि दुःख दिँदैनथे । राताराता आँखालाई ट्रकको हेडलाइटजस्तो पारेर बोल्थे । किच्लान् भनेर साइट लाग्नुपर्थ्यो ।

'किन त्यसो भनेको अध्यक्षले थाहा पाउनुभयो ?' झा सरले सोधे ।

'नाइँ !' मैले जवाफ दिएँ ।

'तपाईले नौ हो कि दस कक्षामा भूमि प्रकृतिको निःशुल्क देन हो, कुनै राजा-महाराजाको उपहार होइन भन्नुभएको थियो ?' उनले नसो समाते ।

'हो, भनेको थिएँ, अर्थशास्त्र पढाउँदा ।' मैले भएको कुरा गरें ।

'उनको छोरो दस कक्षामा पढ्छ । उसैले लगेर सुनाएछ । मैले गाइँगुइँ सुनेको ।' झा सरले खैनीको फाँको हाले ।

बहुदले मास्टरलाई त्यही दिन प्रेमले बाह्र पत्र दोबारेर स्ट्रेपलरले कसेको कागज दिए । पिन फालेर जतनसँग खोलें ।

'क. रूपलाल, अभिवादन !

भोलि बेलुका पार्टीको आयोजनामा हाम्रा पार्टीका कामरेडहरूको वैवाहिक कार्यक्रम हुँदै छ । रु १०० सहित उपस्थित हुनुहोला । स्थानबारे पछि सूचना आउनेछ ।

अभिवादनसहित

क. विश्व ।'

अध्यक्षको झटारोले मनस्थिति तंग्रिएकै थिएन, विश्व कमरेडको पत्रले अर्को थप्पड हान्यो । यो थप्पड भने गालीको नभएर नगदको थियो । दुई सय पचपन्न रुपियाँ तलब खाने जाबो मान्छेले त्यसैबाट कलेज पढ्नुपर्ने, कापी-किताब किन्नुपर्ने, खाइखोराकी बुझाउनुपर्ने, सके दुईचार पैसा बचत पनि गर्नुपर्ने ।

हेडसर हुनुहुन्थ्यो एकराज भट्टराई । उहाँ पनि बहुदले नै अरे । तर दलीय उठबसमा सँगै परेको थिइनँ । शिक्षक संगठनको काममा भने जम्काभेट हुन्थ्यो ।

गृहकार्य नगरेको विद्यार्थीले झैं टाउको निहुराउँदै उनको अगाडि गएर उभिएँ । उनले पुलुक्क मेरा मुखमा हेरे । अरु केही भनेनन् । व्यहोरा सुनिसकेर भने, 'प्रशासनमा सुरेशजीलाई भन्नूस् ।'

म पुग्दा सुरेश चौधरी सुर्ती मल्दै थिए । मैले आफ्नो कुरा सुनाएँ । एकैछिन केही बोलेनन् । सुर्ती पड्काएर मुखमा हाले, डस्टबिनमा पिच्च थुके । मतिर हेर्दै एउटा हरियो नोट दिए । पेस्की रजिस्टरमा हस्ताक्षर गराए ।

अर्को दिन राधा दाइले खुसुक्क भने- आठ बजे मेरोमा आउनूस् है !

बाटोमा भेटेका कुकुरले सुँघासुँघ गरेजस्तो हुन्थ्यो सन्देश दिने शैली । थोरैमा धेरै कुरा बुझ्नुपर्थ्यो । मैले टाउको हल्लाएर हुन्छ भनें ।

पौने आठ बजेतिर अर्को सन्देश 'आयो- त्यो सेल्टर असुरक्षित भयो । आठ बजे तीनपैनी पुग्नुहोला, बाटा पूर्वको घरमा ।' सायद भन्नेलाई पनि थाहा थिएन होला, म पुग्नुपर्ने बाटा पूर्वको घर कुन हो भनेर । मैले फेरि हुन्छको टाउको हल्लाएँ ।

आकाशमा तारा देखिए । हातमा बाँसको लौरो बोकेर पैनीको डिलैडिल लीला पोखेलको घर ताकेर हिँडें । बाटामा कोही भेटियो भने अनेक प्रश्नको सामना गर्नुपर्थ्यो । त्यसैले आलीमा पसेको थिएँ ।

गुरु पोखेल र लीला पोखेल दाजुभाइ । दुवैका घर सँगै थिए । आँगनमा पुगेर चाल बुझ्न खोजें । अहँ, कोही छैन । केही छैन ।

'कि म झुक्किएँ ?' आफैँलाई सोधें । त्यै बेला छेलिएर बसेको एउटा मानवाकृति छेउमा आयो ।

'के खोज्नुभएको ?' आकृति बोल्यो ।

'केही हैन । म तीनपैनीतिर हिँडेको हुँ ।'

जवाफ दिएर हिँडौंलाझैं गर्दै थिएँ, आकृति बोल्यो, 'ए सर पो हुनुहुँदो रहेछ । माथि जाऔं ।'

साथी र शत्रु हेर्न बसेका 'रेडगार्ड' रहेछन् । अँध्यारोमा उनीहरूको ड्युटी कडा हुन्थ्यो ।

काठको टाँडे घर, तखतीको लिस्नो । बिरालाको चालले माथि उक्लिएँ । तलबाट रेडगार्डले एकपल्ट खोके । माथि ढोका खुल्यो । भित्र पस्नासाथ साथीहरू देखें । अभिवादन साट्यौं, मुठी उठाएर ।

महिला-पुरुष सराबरी हात मिलायौं, करप्-करप् ।



विश्व कमरेडले बस्ने ठाउँ देखाए। पूर्वको भित्तोमा अडेस लागेर बसेँ । विश्व उत्तर फर्केका थिए । दर्शन भट्टराई, राजेश बान्तवा, लीला, चन्द्रमाया सुब्बा, सीता बराल, हिमा न्यौपाने दक्षिण फर्केर बसेका थिए । कमला पराजुली, सीता घिमिरे, गंगा घिमिरे, टेकबहादुर कार्की र अरुणाकी आमा पूर्व फर्केर बसेका थिए। बीचमा लालटिन बलेको थियो । ढोका खोल्दा सलेदो घटाएर अँध्यारो पार्ने, लगाउँदा बढाएर उज्यालो पार्ने जिम्मा लीला कमरेडको रहेछ।

पश्चिम भित्तामा अलिमाथि रातो तुलमा शुभविवाहका अक्षर हाँसिरहेका थिए। त्यसभन्दा माथि पाँच प्राधिकारका फोटा थिए । दक्षिणबाट उत्तरतिर क्रमशः मार्क्स, एंगेल्स, लेनिन, स्टालिन र माओका ।

जन्ती हामी । बेहुलाबेहुली मुर्गा टोलीका शिव माझी र गाछियाकी रम्भिका । दुवै पार्टीका कार्यकर्ता । शिव पूर्णकालीन, रम्भिका सेल्टरदाता । बिस्तारै 'सँगै बस्यो माया पस्यो' भएछ । दुवैले विवाह गर्ने विचार गरेछन् । पार्टीमा निवेदन हालेपछि अनुमति मिलेको रहेछ ।

सबै तयारी पूरा थियो । आजका प्रमुख अतिथि सागर कमरेडको पर्खाइमा थियौं, ढिलो गरेर उहाँ आउनुभयो ।

भित्र पसेपछि हातबुना कपडाको झोलाबाट लुँगी झिक्नुभयो। पेन्ट फेरेर सजिलो गरी बस्नुभयो। सागर लीला गुरुका भान्जा, मैले त मदन भण्डारी भनेर पुस्तकालयमै चिनेको । परिचित हाँसो जुध्यो मसँग । मदनको बानी लुँगी लगाएर बसेपछि कापीकलम झिक्ने। मसिना अक्षरमा विषय टिप्ने । त्यहीं दैनिकी थाल्नुभयो ।

अचानक सेल्टर सार्नु परेकाले व्यवस्थापन, सूचना र सामग्री संकलनले समय खाएको रहेछ। विवाहको आरम्भ त भयो तर ठ्याक्कै मध्यरातमा ।

विषयको उठान गर्नुभयो विश्वले । बेहुला-बेहुलीको परिचय दिँदै पार्टीगत योगदानको चर्चा गर्नुभयो। बाहिरको आवाज सुन्दै र भित्रको परिवेश हेर्दै बोल्नुपर्थ्यो। कहिले आवाज सानो सास ठूलो हुन्थ्यो, कहिले आवाज ठूलो सास सानो हुन्थ्यो ।

ए, दुइटा माला पनि तयार पारेका रहेछन्। शारदाले लालटिनको नजिक राखिन् । सानो पोको पनि देखेँ । सायद टीका थियो कि ! गहनागुरिया र लुगाफाटो केही थिएन। दिउँसोको विवाह भएको भए कतिले भन्दा हुन्, 'यस्तो पनि विवाह हुन्छ ?'

केही डायरी, चाइनिज कलम र रुमाल पनि रहेछन्। ती सामान पनि अगाडि राखिए। विश्वले चारसुर बाँधेर बोलेपछि मुखे माइक्रोफोन सागरतिर सारे ।

सागरले गह्रौं शब्दमा सबैलाई स्वागत गर्नुभयो। माया के हो ? प्रेम के हो ? विवाह के हो ? कस्ता मनहरू आपसमा मिल्नुपर्छ ? विवाहलाई कसरी हेर्नुपर्छ ? वर्ग र क्षेत्र मिलेन भने परिणाम के हुन्छ ? भन्दैभन्दै हामी सुन्नेलाई पानीमा चोबल्दै, घाममा सुकाउँदै गर्नुभयो ।

म पनि अविवाहित थिएँ। विवाह गरेर खाइँदैन कि क्या हो जस्तो भएँ। उहाँले माया र प्रेमलाई हेर्ने दृष्टिकोणको व्याख्या गर्दै भन्नुभयो, 'हामी कम्युनिस्ट हौं। हाम्रो मुटु हुँदैन, हृदय हुँदैन, माया गर्न जान्दैनन् भन्छन् मान्छेहरू । तर विश्वमा मायाका खानी, करुणाका खानी तिनै कम्युनिस्टहरू हुन्छन्। कम्युनिस्टहरू बोटविरुवालाई समेत माया गर्छन्। माटोलाई माया गर्छन्। श्रमलाई प्रेम गर्छन् र परिचित-अपरिचित सबैलाई माया गर्छन्। विनयी हुन्छन्। अनुशासित हुन्छन्। इमानदार र परिश्रमी भनेकै त कम्युनिस्ट हुन्।

कम्युनिस्ट हुन मान्छेले धेरै मेहनत गर्नुपर्छ । तर कम्युनिस्टले गर्ने प्रेम गोरुले गाईलाई चाटेर जिब्रो आकाशतिर फर्काएजस्तो हुँदैन । अत्यन्तै श्लील हुन्छ। हार्दिक हुन्छ र अनुशासित हुन्छ। त्यसरी गरिएको प्रेमलाई विवाहमा रूपान्तरित गरिसकेपछि त्यस जोडीले समाजको नमुना बन्नुपर्छ।'

ओहो ! चकमन्न रातमा सागरका वाणी सुन्दा हरेक मान्छेका टाउका बुद्धका सन्तानजस्ता देखेँ मैले। निद्रा पनि दीक्षित भयो त्यो रात।

सागरको सम्बोधन सकियो । उहाँले वरबधुलाई टीका लगाएर शुभकामना दिनुभयो। बेहुलाले बेहुलीलाई र बेहुलीले बेहुलालाई टीका र माला लगाइदिए। टीका र मालापछि बेहुलीले बेहुलालाई रुमाल उपहार दिइन्। बेहुलाले बेहुलीलाई कापी र कलम उपहार दिए। पछि हामीले पनि डायरी, कलम र रुमाल उपहार दियौं।

त्यसपछि बेहुला-बेहुलीले बोल्ने पालो आयो। दुवैले बोले। दुवैजनाले पार्टीमा लागिरहने, एक अर्कालाई सम्मान गर्ने र इमानदार भएर दाम्पत्य जीवन बिताउने शपथ खाए।

विवाहको औपचारिक कार्यक्रम सकिँदा पौने तीन भयो। भोज खाने काम बाँकी थियो । बसेकै ठाउँमा मासु, चिउरा, कोबीको तरकारी र टमाटरको अचार आयो। कार्य विभाजन पनि चुस्त थियो।

ठ्याक्कै चार बजायो घडीले। अब एक घन्टामा उज्यालो खस्थ्यो। उज्यालो भएपछि यतिका मान्छे निस्कन मिल्दैनथ्यो । त्यसैले सागर र विश्व पहिले निस्कनुभयो। म दोस्रोमा निस्किएँ। साढे चारसम्म सेल्टर खाली गरिसक्ने कुरा थियो।

बहुदले मास्टर झन्डै साढे चार बजे आफ्नो गुँडभित्र पस्यो। सुतेझैं गऱ्यो, घुरेझैं गऱ्यो। बिहान अरुसँगै उठ्यो र नित्यकर्ममा लाग्यो।

०७४ को असार महिना । पार्टीले बिहे भोज खुवाएको ३६ वर्ष पुगेछ। कुलमानले दिएको उज्यालोमुनि बसेर ती दिनका कुरा सम्झिरहेछु अहिले। आज सागर हुनुहुन्न, दासढुंगामा उहाँको दुर्घटना भयो। जन्मेको महिनाचाहिँ यही असार हो। त्यो विवाहका बेहुला छैनन्। केही वर्षपछि हराए। धर्तीमा भए-नभएको पत्तो छैन। रम्भिका बाटो हेरेर बसिरहेकी छन्। दर्शनले पार्टी नै छाडे। फेरि फर्के भने सुन्छु। चित्र निष्क्रिय भए। सागरलाई टक्कर दिने मान्छे भन्थे, केमा ठक्कर खाए, हराए। राजेश जिल्लाकै सचिव थिए, अन्तै लागे। बहुदले मास्टर पनि पेसा-व्यवसायबाट पेन्सन भएर टेन्सनरहित अवस्थामा छ । अतीतका पात्रहरूको थकित मनस्थिति सम्झेर ऊ त्यसैत्यसै व्यथित छ। विवाहको रात र कम्युनिस्टको जात सम्झेर घरीघरी मुस्कुराउने गर्छ। ◆

नयाँ हिरो ग्ल्यामर

भारतमा हिरोको ग्ल्यामर बाइकको अपडेटेड भर्सन बजारमा आएको छ । र, यसलाई हिरो ग्ल्यामर एसभी नाम दिइएको छ । यो १२५ सीसीको बाइक हो ।

हिरो ग्ल्यामरको १२५ सीसी इन्जिनले ११.४ हर्स पावर शक्ति निकाल्छ । अहिले ग्ल्यामर एसभीमा आईथ्रीएस माइक्रो हाइब्रिड टेक्नोलोजी प्रयोग भएको छ । यो टेक्नोलोजीको प्रयोगका कारण यसले कम इन्धन खपत गर्छ । यो प्रविधि अघिल्लो ग्ल्यामर बाइकमा प्रयोग भएको थिएन ।

ग्ल्यामर एसभी अहिले तीन भेरिएन्टमा उपलब्ध छ । ड्रम ब्रेक, डिस्क ब्रेक र फ्युल इन्जेक्सन सिस्टम भएको । यी तीन भेरिएन्टको मूल्य क्रमशः ५७ हजार आठ सय, ५९ हजार आठ सय र ६३ हजार पाँच सय ८० भारतीय रूपियाँ छ । र, यो बाइक तीन फरक रङमा उपलब्ध छ ।

इन्स्टाग्राम लाइभ भिडियो सेभ गर्न मिल्ने

इन्स्टाग्रामको लाइभ भिडियो अब सेभ गर्न मिल्ने भएको छ । लाइभ भिडियो सकिएपछि पनि सेभ गर्न मिल्ने फिचर इन्स्टाग्राममा नौलो भए पनि फेसबुकमा भने यो पहिलेदेखि नै थियो । इन्स्टाग्राम फेसबुक मातहतकै कम्पनी हो ।

फेसबुकमा सेभ हुने लाइभ भिडियो र इन्स्टाग्रामले हालै ल्याएको फिचर भने फरक हुन् । फेसबुकमा भिडियो सकिएपछि त्यो आफैं प्रयोगकर्ताको प्रोफाइलमा सेभ हुन्छ । तर इन्स्टाग्राममा सेभ गर्नका लागि प्रयोगकर्ताले लाइभ भिडियो सकेपछि त्यसलाई सेयर गर्नुपर्छ । र, यो भिडियो फेसबुकमा जस्तै जतिबेला पनि उपलब्ध हुँदैन । यो केवल लाइभ सकिएको २४ घन्टासम्म मात्रै उपलब्ध हुनेछ ।

सेभ गर्न मिल्ने भएपछि लाइभ सकिएको २४ घन्टासम्म आफूलाई फलो गरेका अन्य प्रयोगकर्ताले त्यो भिडियो हेर्न सक्नेछन् ।

वानप्लसको नयाँ स्मार्टफोन

चिनियाँ स्मार्टफोन कम्पनी वानप्लसले नयाँ स्मार्टफोन बजारमा ल्याएको छ । यो निकै रूचाइएको ब्रान्ड पनि हो । अहिले आएको स्मार्टफोनलाई वानप्लस फाइभ नाम दिइएको छ ।

यो स्मार्टफोनमा डुअल क्यामेरा छ । यसको पछाडिको क्यामेरामा १२ र २० मेगापिक्सेलका सेन्सर प्रयोग भएका छन् । यसको सेल्फी क्यामेरा पनि १६ मेगापिक्सेलकै छ । यो एन्ड्रोइडको पछिल्लो अपरेटिङ सिस्टम नुगाटमा आधारित छ ।

वान प्लस फाइभमा ५.५ इन्चको डिस्प्ले स्क्रिन छ । र, यसमा मल्टिटच

एन्ड्रोइडमा एडफ्री ब्राउजिङ

इन्टरनेट ब्राउजर मोजिलाले एन्ड्रोइडका लागि नयाँ ब्राउजर, फायरफक्स फोकस ल्याएको छ । फायरफक्स फोकस आईओएसका लागि सात महिना अघिबाटै उपलब्ध थियो । यसका उत्कृष्ट फिचरका कारण एन्ड्रोइड प्रयोगकर्ताले यो एन्ड्रोइड अपरेटिङ सिस्टमका लागि पनि उपलब्ध होस् भन्ने चाहेका थिए ।

प्रयोगकर्तालाई एडफ्री ब्राउजिङ सेवा दिनु नै फायरफक्स फोकसको मुख्य उद्देश्य हो । प्रयोगकर्ताले यसबाट इन्टरनेट चलाउँदा दिक्कलाग्दो एडलाई ब्लक गर्न सक्छन् । त्यो पनि सीधै यो ब्राउजरको सेटिङबाट । यसमा अन्य ट्र्याक्सनहरूलाई पनि ब्लक गर्न मिल्ने सुविधा छ । ह्याकरहरूले प्रयोगकर्ताका गतिविधि थाहा पाउन विभिन्न ट्र्याक्सन प्रयोग गर्छन् । जे होस्, एड र ट्र्याक्सन ब्लक गर्न मिल्ने भएपछि मोबाइल डाटामै इन्टरनेट चलाउँदा यसले कम डाटा खपत गर्छ ।

फिचर पनि छ । यो ६ वा ८ जीबी र्‍यामसहित ६४ वा १२८ जीबी अन्तरिक स्टोरेज क्षमतामा उपलब्ध छ । फिङ्गर प्रिन्ट सेन्सर, फोटो भिडियो एडिटर, फास्ट ब्याट्री चार्जिङ यसका अन्य राम्रा फिचर हुन् । ६ जीबी र्‍याम र ६४ जीबी मेमोरी भएको यो स्मार्टफोनको मूल्य भारतमा ३३ हजार रुपियाँ छ । त्यस्तै आठ जीबी र्‍यामसहित १२८ जीबी मेमोरी भएको वानप्लस फाइभलाई ३८ हजार भारतीय रुपियाँ पर्छ ।

अब जागिर गुगल सर्चमा



अमेरिकी प्रयोगकर्ताका लागि गुगलले नयाँ फिचर सुरू गरेको छ, जागिर खोज्ने । त्यो पनि गुगल सर्चबाटै । गुगलको यो नौलो फिचर सफल हुनेमा कुनै शंका छैन । बरू अन्य देशमा रहेका गुगल प्रयोगकर्ताहरू यो फिचर प्रयोग गर्न आतुर छन् । यसबारे गुगलले अहिलेसम्म केही नबोले पनि गुगलको जब सर्च फिचर छिटै अन्य देशमा पनि प्रयोग मिल्ने अनुमान छ ।

जब सर्च गुगलमा अन्य सर्चजस्तै सजिलै गर्न सकिन्छ । सर्च बारमा गएर जब्स नियर मी टाइप गरे त्यहाँ थुप्रै जागिरका आवेदन खुलाएका कम्पनीहरूको लिस्ट देखिन्छ । अझ गुगल अकाउन्टमा लगइन गरे सर्च रिजल्टलाई आफ्नो योग्यता, खोजेको कम्पनी, पोस्ट आदिका आधारमा फिल्टर गर्न मिल्छ ।

यसको अर्को राम्रो पक्ष के पनि हो भने प्रयोगकर्ताले जागिरका लागि अनलाइन जब सर्चका अन्य कुनै वेबसाइटमा जानु पर्दैन । त्यस्ता वेबसाइटमा विज्ञापन मात्रै हुन्छन् । आवेदन दिन त विज्ञापन गर्ने कम्पनीकै वेबपेजमा जानुपर्छ । गुगल सर्चबाट आएका रिजल्टबाट सीधै आवश्यकता भनेर विज्ञापन गर्ने कम्पनीको आधिकारिक वेबपेजमै पुग्न सकिन्छ । र, यसले प्रयोगकर्ताका योग्यता अनुसार खुलेका जागिरको नोटिफिकेसन पनि दिन्छ ।

संयोजन : ज्ञानेन्द्र आचार्य



मार्ग द्रुत, यात्रा सुस्त

भास्वर ओझा

७६ किलोमिटर लामो काठमाडौँ-तराई द्रुत मार्ग सम्पन्न भएपछि काठमाडौँबाट एक घन्टाकै बस यात्रा गरेर तराई अर्थात् बाराको निजगढ पुग्न सकिनेछ । यसै मार्गअन्तर्गत पर्ने ललितपुरको फर्सिडोलमा यात्रुवाहक बस र टिपर गुडिरहेका छन् । घाम लागे धूलो र पानी परे हिलो नै सही, द्रुत मार्गमा सुस्त यात्रा निरन्तर छ । ◆

यता फ्लप भएपछि...

नेपाली फिल्म वृत्तमा सफल भएपछि मुम्बई पस्छन् कलाकारहरू । विराज भट्ट, निखिल उप्रेती, उषा पौडेल उदाहरण हुन् तर जेनिशा केसी अपवाद रहिन् । जेनिशा अभिनीत एक दर्जन ज्यादा फिल्म रिलिज भए पनि कुनैले बक्स अफिसमा कमाल देखाउन सकेनन् । उनकै अभिनयले पनि तारिफ पाएन । तैपनि उनी मुम्बईतिर लम्किइन् । यता जम्न नसकेकी जेनिशाको उता झन् बेहाल हुने धेरैको अनुमान थियो । तर यो सोचाइ फेल खाने भएको छ । कारण, उनले *काशी अमरनाथ* नामक भोजपुरी फिल्ममा काम पाएकी छन् । यो फिल्म किन पनि विशेष छ भने बलिउड अभिनेत्री प्रियंका चोपडाको निर्माण कम्पनीले बनाउने यस फिल्ममा जेनिशा चर्चित अभिनेता रवि किसनको अपोजिटमा छिन् । ◆

अन्तिम अस्त्र

नाम त उनको वर्षा सिवाकोटी हो तर नाम अनुसार न फिल्मको वर्षा लागेको छ, न सफलताको नै । एकाध फिल्म हिट भए पनि जस उनको पोल्टामा पर्दैन । *नाई नभन्नु ल २* मा चास्नी भूमिकाबाट करिअर सुरू गरेकी वर्षाका *सुब्बा साब* र *लप्पन-छप्पन* बक्स अफिसमा चिप्लिए । *पशुपतिप्रसाद* चल्यो तर वर्षालाई कसैले 'मार्क' गरेनन् । शीर्ष भूमिकामा रहेका अभिनेता खगेन्द्र लामिछानेले सबैको ध्यान ताने । त्यसमाथि अनुबन्ध भइसकेको फिल्म *मेरो पैसा खोईबाट* सुटिङको मुखैमा हात झिकेको भन्दै छवि बिग्रियो । त्यसयता म्युजिक भिडियोमा सीमित भएकी वर्षा अभिनीत *कारखाना* १६ असारमा प्रदर्शन हुँदै छ । प्रदर्शनको दिन जति नजिक आयो, उनको ढुकढुकी त्यति नै बढिरहेको छ । नबढोस् पनि कसरी, *कारखाना* पनि फ्लप भए वर्षालाई कसले पत्याउने ? ◆

रूद्रप्रियाका लागि विश्राम

जसै रेखा थापा नेकपा माओवादी (केन्द्र) छोडेर राप्रपामा प्रवेश गरिन्, राजनीतिक सक्रियता ह्वात्तै बढ्यो । पार्टी महाधिवेशन अनि स्थानीय निर्वाचनको पूर्वसन्ध्यामा देश दौडाहामा निस्किइन् । उनको *फेसबुक* वाल हेर्दा लाग्थ्यो, उनी फिल्मी अभिनेत्री कम, राजनीतिक नेता ज्यादा लाग्थिन् । दुर्भाग्य ! प्रदेश नम्बर-३, ४ र ६ मा राप्रपा नेपालको कन्तबिजोक भयो । यता, *पलाँस* र *डायरी* फिल्म फ्लप भए । दोहोरो नोक्सान बेहोरेपछि रेखाले राजनीति रोज्छिन् कि फिल्म ? शंका उठिरहेका बेला उनले दोस्रो विकल्प रोजेकी छन् । र, *रूद्रप्रिया*को सुटिङ सुरु गरिन् । यस फिल्मको उनी हिरोइन मात्र होइनन्, निर्मात्री पनि हुन् । त्यसमाथि सात वर्षपछि आर्यन सिग्देलसँग रोमान्स गर्ने संयोग जुरेको छ । अनि राजनीतिबाट विश्राम लिनुपरेन र ! ◆

रेशम... पछि सुस्तता

*रेशम फिलिली*ले मनग्ये पैसा कमायो । धेरथोर प्रशंसा पनि । फिल्म हिट भएपछि हिरो हिट हुनु स्वाभाविक हो । तर *रेशम फिलिली*को सफलताले हिरो विनय श्रेष्ठको करिअरमा कुनै जादू देखाउन सकेन । किनभने दुई वर्ष बितिसक्दा पनि अर्को फिल्म प्रदर्शन भएको छैन । अझ उनी त फिल्मका निर्माता पनि थिए । जबकि उनीसँग सहायक भूमिकामा काम गरेका कामेश्वर चौरसियाको *पलाँस* रिलिज भइसक्यो । *लालपुर्जा* प्रदर्शनको तयारीमा छ । *फाटेको जुत्ता*को छायांकन भइरहेको छ । विनय भने खाली हात । बाहिरी ब्यानरले त पत्याएनन् नै, उनकै लगानी रहेको *रोमियो एन्ड मुना*को पनि रिलिजको पत्तो छैन । फिल्मी जमघटमा समेत उनको उपस्थिति करिब शून्य छ । कतै विनय गुमनामपथमा अग्रसर भएका त होइनन् ? सवाल उठ्न थालेको छ । ◆

सलमानका फ्यानलाई

गोकर्ण गौतम

सलमान खान र कबिर खानको जोडीको तेस्रो फिल्म *ट्युबलाइट* रिलिज भएको छ। पहिलो फिल्म *एक था टाइगर*को तुलनामा *बजरंगी भाइजान* बुलन्द थियो तर त्यो निखारताले यसपटक निरन्तरता पाएको छैन। भन्नुको मतलब *ट्युबलाइट*को उज्यालो *एक था टाइगर*भन्दा चहकिलो भए पनि *बजरंगी भाइजान*लाई माथ खुवाउँदैन। तर सारमा यसले *बजरंगी भाइजान*कै 'लिगेसी'लाई पछ्याएको छ। त्यसमा भारत र पाकिस्तानबीचको कटुताभित्रको मर्मस्पर्शी कथा भनेका कबिर र सलमानले *ट्युबलाइट*मा सन् १९६२ को भारत-चीन युद्धका विविध आयामलाई उठान गरेका छन्। सलमान मनको सफा तर अझ लठेब्रो चरित्रमा देखापरेका छन्। बिकाउभन्दा गहन र संवेदनशील कथातिर उनको झुकाव जारी छ। तर एकोहोरो सन्देश र भावुक बनाउन खोज्दा *ट्युबलाइट* उति उज्यालो बल्दैन। यसको कारण हो, कथावाचनको धिमा शैली र निर्देशकको अस्पष्टता। *ट्युबलाइट* हलिउड फिल्म *लिटिल ब्बायक*को 'एडप्टेसन' हो।

चिनियाँ बोर्डर नजिकैको पहाडी गाउँका दुई भाइ लक्ष्मण (सलमान) र भरत (सोहेल खान)को प्रेम-कथा हो, *ट्युबलाइट*। ढिला बुझ्ने स्वभावको दाइ लक्ष्मणलाई सबैले 'ट्युबलाइट' भनेर खिसीट्युरी गर्छन् तर भरतचाहिँ कप्तान भनेर बोलाउँछन्। खुब माया गर्छन्। लक्ष्मण पनि भाइलाई पार्टनर/बन्धु भन्छ। तर यो प्रेमिल सम्बन्धमा पीडाले जब डेरा जमाउन थाल्छ, अनि भारत र चीनबीच युद्ध सुरु हुन्छ। भरत सेना बनेर सिमानाको रक्षा गर्न जान्छ। यता, लक्ष्मण एक्लै हुन्छ। भरतको आगमन कुरिरहेको लक्ष्मणको कानमा उसको मृत्युको खबर परेपछि कस्तो होला ? यही बीच कथामा फुच्चे माटिन रे तंगु, उसकी आमा झु झुको प्रवेश हुन्छ। जसको माध्यमबाट लक्ष्मणको पात्रलाई अझ बलियो बनाउने प्रयास गरिएको छ।

*ट्युबलाइट*को मूल भाव हो, देशको सिमानाले प्रेमलाई रोक्न सक्दैन, यो जहींतहीं जोसँग पनि हुनसक्छ। अनि विश्वासले चाहिँ मानिसलाई सबभन्दा बलियो बनाउँछ। यसका लागि महात्मा गान्धीको अहिंसावादी सिद्धान्तको सहारा लिइएको छ। खासगरी मूलपात्रको माध्यमबाट गान्धीका वाणीहरूलाई व्यवहारमा उतारिएको छ। भरत र लक्ष्मणको सम्बन्धलाई मन छुने शैलीमा देखाउने प्रयास गरिएको छ। आमाबाबु गुमाएपछि भाइ भरतचाहिँ दाइ लक्ष्मणको अभिभावक हुन्छ। लक्ष्मणले गर्ने मायामा खोट छैन तर उसमा परिपक्वता छैन। एकदमै मन्द बुद्धि र व्यवहारले ऊ अक्सर मजाकको पात्र भइदिन्छ। लक्ष्मणको बिदाइसँगै देखापर्ने चिनियाँ मूलको फुच्चे गुअु (माटिन) र भरतको दोस्तीले कथामा रोचकता थप्छ। खासमा गुअु र उसकी आमाप्रतिको लक्ष्मणको मनोविज्ञान र व्यवहारले दर्शकको मन जित्छ। दुई देशबीचको युद्धले सामान्य जनताको जीवनमा पार्ने आततायी असरलाई पटकथाकारसमेत रहेका निर्देशक कबिरले मार्मिक शैलीमा प्रस्तुत गर्ने प्रयास गरेका छन्।

तर समय घर्किसकेपछिको अनावश्यक 'मेलो ड्रामा'ले *ट्युबलाइट*को चमक घटाएको छ। मध्यान्तरसम्म कथाको गतिले दर्शकलाई बाँध्छ। दोस्रो भागको सुरुआती दृश्य पनि संवदेनाले भरिएको छ तर पछिल्लो आधा घन्टा दर्शकलाई जबर्जस्ती रुवाउनकै खातिर फिल्म लम्बाइएको आभास हुन्छ। सुरुमा त यो शृंखला 'ट्वीस्ट' हो कि भन्ने भान हुन्छ। यसले एउटै शैलीमा बगिरहेको कथानकतामा नयाँपन थप्छ तर निर्देशकले यसरी तन्काउँछन् कि पात्रको पीडा र भावनाले दर्शकलाई डुबाउँदैन, बरू विकर्षित गर्छ। जब दर्शकलाई फिल्म कहिले सकिएला भन्ने उकुसमुकुस हुन थाल्छ, फिल्म त्यहीँबाट चिप्लिन्छ। *ट्युबलाइट* यो संक्रमणबाट मुक्त छैन। फ्ल्यासब्याक खोल्न ढिला गरिएको छ। त्यस्तै, गान्धीका कतिपय भनाइ दृश्य होइन, एकोहोरो रटानमार्फत स्थापित गर्ने चेष्टा गरिएको छ। अर्को प्रधान समस्या भनेको सन्देशलाई विश्वसनीयभन्दा अप्रभावकारी शैलीमा प्रस्तुत गरिनु हो। सलमानको *जय हो*मा पनि यस्तै समस्या थियो।

सलमानको भूमिका र अभिनयमा नवीनता नभएको होइन, तैपनि उनको भूमिका जीवन्त लाग्ने आधारहरूको अभाव छ। सलमानसँग रसायन मिले पनि लडाइँका दृश्यमा सोहेल फिक्का लाग्छन्। बरू बालकलाकार माटिन *ट्युबलाइट*को 'सरप्राइज' हुन्। उनले दर्शकलाई 'फ्रेस' महसुस गराउँछन्। चिनियाँ अभिनेत्री झु झुको सुन्दरता र भूमिका दुवै प्रिय लाग्छ। अभिनेता ओम पुरी र नकारात्मक भूमिकामा रहेका मोहम्मद अयुबको काम सम्झनलायक छ। फिल्ममा कि गाउँ कि युद्धभूमिको दृश्य मात्र देख्न पाइन्छ। 'रेडियो...' गीत रमाइलो छ भने 'तीन्का तीन्का..' र 'मै अगर...' सन्दर्भ मिलाएर राखिएको छ।

सलमानका फ्यानलाई निराश नपारे पनि *ट्युबुलाइट*बाट उनले नयाँ फ्यानचाहिँ कमाउन सक्दैनन्। अब हेर्ने/नहेर्ने आफ्नै मर्जी। ◆

'हिमानीको हातमा तारा बनाइदिएँ'

ललितकला क्याम्पसबाट फाइन आर्टमा स्नातक **केदार दाहाल**, २७, फेस पेन्टिङमा स्थापित नाम हो । बालबालिकाको जन्मदिन, विभिन्न मेला, पर्व र पारिवारिक जमघटहरूमा गएर उनले मानिसको अनुहारमा आकर्षक शैलीका रङहरूले बुट्टा बनाइदिन्छन् । फेस पेन्टिङको चलन नेपालमा भित्रिएको त्यति लामो समय नभए पनि अहिले यस्तो प्रचलन बढिरहेको छ । सानैमा बुवा बितेपछि भक्तपुरकै एसओएस बालग्राममा हुर्किएका दाहालसँग यसै विषयमा गरिएको संवाद :

फेस पेन्टिङ कस्तो खालको कला हो ?

खासमा यो मुहार चित्रकारिता (पोट्रेट पेन्टिङ) कै एउटा रुप हो । यस खालको आर्टमा कुनै पनि महोत्सव, मेला, पर्वका बेला अनुहारमा कला कुँदिन्छ ।

अनुहारमा पेन्टिङ किन बनाइन्छ ?

रमाइलोका लागि । कहिलेकाहीँ कुनै 'इस्यु'मा आधारित बनेर विशेष सन्देश प्रवाह गर्न पनि यो काम लाग्न सक्छ ।

केटाकेटीले अनुहारमा कस्ता चित्र बढी मन पराउँछन् ?

बालिकाहरूले पुतली, प्रिन्स, फूलजस्ता मुलायम किसिमका चित्र बढी मन पराउँछन् भने बालकहरूले सुपरम्यान, ड्रागन, मुर्कट्टाजस्ता डरलाग्दा चीजहरू कुँदेर आनन्द लिन्छन् । कार्टुनका पात्रहरू बनाइदिन समेत आग्रह गर्छन्, उनीहरू ।

मेला, पर्वमा चाहिँ कस्ता कुराहरू देखाइन्छ ?

आफ्नो पहिचान, संस्कृति, भेषभूषा झल्कने कुरा अनुहारमा कोर्ने बढी हुन्छन् ।

तपाईं किन फेस पेन्टिङमा नै लाग्नुभयो ?

मलाई 'मास'मा भिज्न एकदमै मन पर्छ । नयाँ ठाउँ, नयाँ मानिससँग घुलमिल हुदा आनन्द आउँछ । अर्को कुरा नढाँटी भन्नुपर्दा मैले आफ्नो जीवन गुजारा गर्न समेत यस्तो पेन्टिङ गर्ने गरेको हुँ ।

फेस पेन्टिङबाट गुजारा चल्छ ?

फेस पेन्टिङको संस्कृति पश्चिमा जगत्बाट भित्रिएको हो । यस्तो चलन उच्च वर्गमा ज्यादा हुन्छ, जसले राम्रै पैसा दिन्छन् । केही घन्टा कला खिपेपछि तत्कालै पैसा आइहाल्छ । कहिले चित्र बिक्छ भनेर कुर्नुपर्दैन ।

सहजै पैसा कमाउने भएपछि तपाईं यसप्रति आकर्षित हुनुभयो ?

पैसा एउटा कारण हो भन्न खोजेको हुँ, त्यो पनि कुनै एउटा कालखण्डमा मात्र । यसको अर्को फाइदा के भने समाजका हाई प्रोफाइल व्यक्तिहरूसँग सम्बन्ध जोडिन्छ ।

फेस पेन्टिङ गर्दाको सम्झिरहने क्षण छ, कुनै ?

मलाई पूर्वयुवराज्ञी हिमानी शाहको शरीरमा पेन्टिङ बनाइदिएको समय यादगार लाग्छ । मैले उनको दाहिने हातमा ताराको चित्र बनाइदिएको थिएँ ।

कसरी जुर्‍यो त्यस्तो अवसर ?

एउटा कार्यक्रममा मैले केटाकेटीको गालामा कोरिदिएको पेन्टिङ देखेर हिमानीले पनि आफ्नो हातमा बनाइदिन आग्रह गरिन् र कोरिदिएँ ।

अब फेस पेन्टिङमै केन्द्रित हुने हो ?

फेस पेन्टिङ सिर्जनात्मक कला होइन । अहिले पनि म पोट्रेट पेन्टिङहरू गरिराखेको छु । तर पूरा समय त्यसमा दिएको छैन । अब भने बिस्तारै आफूलाई सिर्जनात्मक कलातिर बढी लैजाने सोचमा छु । अहिलेसम्म मैले धेरै समय अरूको 'फन'का लागि दिएँ, अब आफ्नो आनन्दको विषयमा चित्र बनाउँछु ।

॥ मनबहादुर बस्नेत

नोटबुक

॥ राजकुमार बानियाँ

लाल कम्युनिस्ट पार्टी !


नेपाल लाल कम्युनिष्ट पार्टीबाट अपील

इन्किलाब-जिन्दाबाद ! इन्किलाबी नेपाल जिन्दाबाद !
किसान-मजदुर-जिन्दाबाद ! सम्झौतानीति-मुर्दाबाद !!
राणाशाही-मुर्दाबाद ! शोषकवर्ग-मुर्दाबाद !!
जनक्रान्ति-जिन्दाबाद !
नेपाल लाल कम्युनिष्ट पार्टी-जिन्दाबाद !

००७ को क्रान्तिअघि नेपालमा दुई जना गंगालाल श्रेष्ठ रहेछन् । एक- सहिद गंगालाल, दुई- कमरेड गंगालाल । सहिद गंगालाल नठानून् भनेर कमरेड गंगालालले पुच्छ्रे हालेछन्, 'हलुवाई ।' केही समयअघि इतिहास र संस्कृतिप्रधान पत्रिका *रोलम्बका* पुराना पाना पल्टाउँदा थाहा भयो- यी हलुवाईले पुष्पलाल श्रेष्ठले भन्दा पहिले कम्युनिस्ट पार्टी खोलेका रहेछन्, नेपाल लाल कम्युनिस्ट पार्टी ।

तत्कालीन अवस्थामा अधिकांश राजनीतिक पार्टी भारतमा जन्मेका थिए । तर, हलुवाईले भने नन्दलाल, केशवलाल मानन्धर, दिवाकर राजभण्डारी र श्रीरामसँग भूमिगत रूपमा काठमाडौँमै खोलेछन् २१ फागुन ००४ मा । पुष्पलाल लगायतको नेपाल कम्युनिस्ट पार्टी भने १२ वैशाख ००६ मा कोलकाताको श्यामबजारस्थित सरकारी टोलालिनामा जन्मिएको जगजाहेरै छ ।

लाल कम्युनिस्टको महासचिवको हैसियतमा ००५ को पुस-माघतिर बंगाल कम्युनिस्ट पार्टीका नेता महादेव देसाईमार्फत भारतीय कम्युनिस्ट पार्टीका नेता पीसी जोशीको एकहप्ते तालिम पाएछन् हलुवाईले । ००७ को १६ माघदेखि १५ फागुनसम्म 'ला.क.नं ५' उल्लेख गरिएका 'लाल कम्युनिस्ट पार्टीबाट अपिल,' 'नेपाल लाल कम्युनिस्ट पार्टीबाट जनाउ,' 'अन्तरिम सरकारको एक झलक सन्देश' शीर्षकमा चार थान पर्चासमेत भेटिएका छन् । त्यसमा 'सर्वहारावर्गको हातमा शासन सत्ता सुम्पने,' 'समाजवादी रूसको जस्तै सोभियत सरकार कायम गर्ने,' आदि लक्ष्य मात्र छैनन्, राजा-राणा-कांग्रेसविरुद्ध आगो नै ओकलिएको छ । सम्झौता नीति-मुर्दावाद, शाही घोषणा-मुर्दावाद आदि नारा त छँदै छन्, राजा त्रिभुवनलाई ठाडै एउटा मसहुर शोषक-सामन्त भनिएको छ । नपुंसक, पाल्तु कुकुर, दलाल, दानव भन्न कसैलाई छाडिएको छैन । यसो हेर्दा हलुवाईले भारतमा राम्रै तालिम पाएजस्तो लाग्छ ।

नेकपा बनेपछि बंगाली नेता रवि चटर्जीको घरमा गंगालाल र पुष्पलाललाई मिलाउने कोसिस पनि भएछ । केन्द्रीय कार्यालय भारतमा राख्ने, हातहतियार र युद्ध तालिमका लागि पाँच-पाँच जना समूह भारत पठाउने र दार्जीलिङलाई नेपालमा मिलाउने, कम्युनिस्टको विश्व सम्मेलनमा भारतीय नेताहरू मात्रले भाग लिने भन्नेमा मतभेद बढेपछि हलुवाईले पुष्पलाललाई 'भारतपरस्त' किटान गरिदिए । माणिकलाल श्रेष्ठ र बद्रीप्रसाद श्रेष्ठलाई कम्युनिस्ट पार्टीको दोस्रो महाधिवेशनमा पठाउने हलुवाई ०१८ मा सुरक्षा कानुनअन्तर्गत जेल परेछन् । लाल कम्युनिस्टको त अस्तित्व छैन नै, हलुवाई पनि छैनन् । बरू हलुवाईमार्का कम्युनिस्ट यत्रतत्र सर्वत्र भेटिन्छन् ।

वृद्धाश्रममा आमाहरू

संसारकै महान् भनेर आमालाई नपुकार्ने को छ ? आमाबारे अनेक आदर्श छाँटेर थुप्रैले लेखेका छन्, बोलेका छन् । तर, ज्येष्ठ नागरिकग्राम बनेको धार्मिकभूमि देवघाटमा त्यस्ता आदर्श एकदमै नक्कली ठहरिन्छन् । जेठको ४२ डिग्रीको उखरमाउलो घाममा लौरी टेक्दै पैदल हिँडिरहेका धेरैजसो गेरूवस्त्रधारी आमाहरू घरबाटै लखेटिएका भेटिन्छन् । छोराछोरीका कथित इज्जत र प्रतिष्ठाका लागि नामसमेत नबताउने उनीहरू अझै पनि आशीर्वाद नै दिन्छन् ।

देवघाटमा तीनवटा आश्रम छन्, सरकारी वृद्धाश्रम अर्थात् देवघाट समाजकल्याण केन्द्र, देवघाट-एनआरएन वृद्धाश्रम र रोटरी करूणालय । सबै आश्रममा आमाहरूको संख्या ज्यादा छ । गलेश्वर आश्रम अन्तर्गत 'मिनी वृद्धाश्रम'का रूपमा रहेको २ सय ३५ कुटीमा पनि तीन सयको हाराहारीमा आमाहरू नै छन् । ती आमाहरूको आँसु देखेर सहकर्मी रवि मानन्धर र म भावुक बन्यौं ।

बल छउन्जेल पति, छोराछोरी, घरपरिवारका निम्ति मरिमेट्ने आमाहरू बुढ्यौलीले छोएपछि त्यही घरमा बस्न सक्दैनन् र वृद्धाश्रमको ढोका ढक्ढकाउन पुग्छन् । बाँचुन्जेल उपेक्षा, अवहेलना र दुःख दिने तिनै छोराहरू मरेपछि भने त्यहीं एक छाक खुवाउन जान्छन् र फेसबुकमा फोटो हालेर रमाउँछन् । हाम्रो समाज आमाहरूप्रति किन यति कृतघ्न भएको हो ? आमाहरूलाई छेउछाउमै राख्न नसक्ने हामी कति अभागी छोराछोरी हौं ?

माङ्सापको सम्मान !

शंकर लामिछानेलाई साहित्य चोरीको आरोप लगाउने कुमुदिनी को हो ? ४५ वर्षदेखि यो प्रश्न अनुत्तरित छ । कोही भन्छन्-माधवप्रसाद शर्मा । कोही भन्छन्- वासु शशी । कोही भन्छन्- साहित्यिक सिन्डिकेट । तर, यतिका वर्षसम्म कसैले सार्वजनिक रूपमा स्वीकार गर्न पनि चाहेन, कसैले 'क्लिन चिट्' लिन पनि चाहेन । चोरीको प्रसंग यति रहस्यमय पहेली हुनुपर्ने चाहिं पटक्कै होइन । चोरीबारे पाठकपत्र लेख्ने (कुमुदिनी, २४६, पकनाजोल) जोसुकै होऊन्, जीवित हुन् या नहुन्, त्यसलाई छाप्ने *समीक्षा* साप्ताहिकका सम्पादक मदनमणि दीक्षित अझै पनि लेखिरहेकै छन् ।

*रूपरेखा*को अंक-११४ (०२९) मा प्रकाशित शंकरको निबन्ध 'आभाँगार्दको सौन्दर्यशास्त्र' माइकल कर्बीको पुस्तक *द आर्ट अफ टाइम एसेस अन द एभाँ-गार्द*को चोरी भएको दाबी गर्ने कुमुदिनीलाई धन्यवादसहित लेखनबाट सन्न्यास लिए शंकर लामिछानेले । अब त उनको निधन भएको पनि चार दशक नाघिसक्यो । लेखकीय जीवनको अवसान निम्त्याउने पत्रिकाका सम्पादक दीक्षितले भने यसबारे कतै एक अक्षर लेखेनन्, कतै एक वाक्य बोलेनन् । बरू, उनलाई शंकर लामिछाने प्रतिष्ठानले ७ चैत ०७३ मा राजधानीमा भव्य अभिनन्दन नै गऱ्यो ।

साहित्यका सामान्य पाठकलाई भने उत्सुकता छ- प्रतिष्ठानका हर्ताकर्तालाई शंकर लामिछानेको लेखकीय जीवनबारे थाहै छैन या थाहा पाएर पत्र छापेबापत अभिनन्दन गरेका हुन् ? मदनमणि दीक्षितले त्यस घटना बिर्सिसके वा त्यसलाई सुकार्य मानेर अभिनन्दन ग्रहण गरे ? दिनेले किन दिए ? लिनेले किन लिए ? चोरीको बात लागेका लेखकको नामको पुरस्कार लिन दीक्षितलाई अलिकति संकोच हुनुपर्ने होइन र ? ◆

यो योजना शिखर शुजका उपत्यका का सबै
Showroom हरुमा पनि लागु हुनेछ ।

MANAKAMANA SHOE AND FANCY, NEWROAD, 9801015709/ 9851154371, **SHIKHAR SHOE CENTER ,KICHAPOKHARI**, NEWROAD (BESIDE EVEREST BANK), 9801015767/ 9840019436. **PATAN SHOE CENTER**, PATAN, 9801015708/ 984920027. **BOUDHA SHOE CENTER**, BOUDHA KTM, 9801015710/ 9849906780. **BANESHWOR SHOE AND BAG HOUSE**, NEW BANESHWOR, 9816357159/ 9841582695. **THE BANESHWOR SHOE HOUSE**, NEW BANESHWOR (NEAR K&K COLLEGE), 9801015714/ 9825110850. **LIWASH ENTERPRISES MITRANAGAR(S)** MITRANAGAR,GONGABU BUSPARK, 9801015731/ 9801054677. **KIRTIPUR SHOE CENTER**, KIRTIPUR, 9849421771/ 9810265758. **BANEPA SHOE CENTER**, BANEPA, 9801015817. **SPANDAN ENTERPRISES,** SAMAKHUSHI, 9801015734/ 9841657533. **COLLECTION YOUR SHOP**,KOTESHWOR, 9801015808. **NEW BHOTAHITY SHOE CENTER**, BHOTAHITY (TRIVENI), BHOTAHITY (SHAJA BHAWAN), 9848560462/9801015781. **KOSELI HOUSE**,BHOTAHITY, (SHAJA BHAWAN), 9801015711. **SHIKHAR SHOWROOM**, DILLIBAZAR, 9819668527. **SHIKHAR SHOWROOM,** JORPATI, 9861688419.

www.acplnepal.com
अर्घाखाँची
ओ.पि.सि. सिमेन्ट
अर्घाखाँची सिमेन्टको बारेमा
सबैलाई थाहा छ
मैले त केही बोल्नै पर्दैन
(सुनिल थापा)
आफ्नै खानीको चुनढुंगा
अत्याधुनिक जर्मनी प्रविधि
सही तौल र गुणस्तर
सबैभन्दा बलियो र भरपर्दो
सुरक्षित भविष्य
का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८
PRISMA - O&M/16
सबैभन्दा स्तरीय सिमेन्ट
सबैलाई थाहा छ ।
अर्घाखाँची सिमेन्ट
अर्डिनरी पोर्टल्याण्ड सिमेन्ट (ओ.पि.सि.)
अर्घाखाँची सिमेन्ट प्रा. लि.
मैनहीया, रुपन्देही
50 KG Net
आफ्नै चुनढुंगा खानी भएको अत्याधुनिक जर्मनी प्रविधिबाट उत्पादन गरि
अटो रोटो प्याकेजिङ सिस्टमद्वारा सही तौल मापन गरिएको सम्भवत: नेपालकै सबैभन्दा ठूलो ओ. पि. सि. सिमेन्ट उद्योग।
फ्याक्ट्री: मैनहीया गा.वि.स.-१, रुपन्देही, नेपाल । फोन नं. ९८५७०१५०७० । मुख्य कार्यालय: थापाथली, काठमाडौं । फोन नं. +९७७-१-४१०२१९८/४१०२१४३